# *हंस* उपन्यासमा पर्यावरणीय चेतना

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत**
**नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह चौथो सत्रको**
**शोधपत्र लेखन (५७७) पत्रको प्रयोजनका**
**लागि प्रस्तुत**

## शोधपत्र


शोधकर्ता

**उमेश न्यौपाने**

नेपाली केन्द्रीय विभाग

रोल नं : २८२६०२०

रजिस्ट्रेसन नं. : ६-२-२७९-२७९-२०१७


२०८१

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनका निम्ति, श्री उमेश न्यौपानेले *हंस उपन्यासमा पर्यावरणीय चेतना* शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । यो शोधार्थीको मौलिक कार्य हो । म उहाँको शोधकार्यप्रति सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि अनुसन्धान समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०८१–०८–१७

..........................

उपप्रा. दीपकप्रसाद ढकाल

शोधनिर्देशक

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागका शोधार्थी श्री उमेश न्यौपानेले स्नातकोत्तर तह चौथो सत्रको शोधपत्र लेखन (५७७) पत्रको प्रयोजनका लागि तयार पार्नु भएको प्रस्तुत *हंस* उपन्यासमा पर्यावरणीय चेतना शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

प्रा.डा. कृष्णप्रसाद न्यौपाने ................................

(विभागीय प्रमुख)

उपप्रा. दीपकप्रसाद ढकाल ................................

(शोधनिर्देशक)

सहप्रा.डा. दुर्गाबहादुर घर्ती ................................

(बाह्य परीक्षक)

मिति : २०८१–०८–२०

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहको चौथो सत्रको शोधपत्र लेखन (५७७) पत्रको प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र सम्पन्न गर्ने सन्दर्भमा आइपरेका विभिन्न बाधाहरूलाई समाधान गर्न प्रेरणा र मार्गदर्शन दिनुभएकोमा शोधनिर्देशक आदरणीय गुरू उपप्रा. दीपकप्रसाद ढकालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै शोधपत्रलाई अझै वस्तुगत र उत्कृष्ट बनाउन सहयोग गरी बाह्य परीक्षकको भूमिका निर्वाह गरिदिनुहुने आदरणीय गुरू सहप्रा.डा.दुर्गाबहादुर घर्तीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस कार्यमा उहाँहरूले अलिकति पनि झर्को नमानी आफ्नो अमूल्य समय र सुझाव प्रदान गरेर शोधकार्यलाई परिष्कार र परिमार्जन गरिदिनु भयो, त्यसका लागि आदरणीय गुरूवरप्रति म कृतज्ञ छु ।

शोधकार्य गर्ने अनुमति दिई यससँग सम्बन्धित सम्पूर्ण प्रक्रिया सहित विभागका तर्फबाट आवश्यक सहयोग गर्नु भएकोमा नेपाली केन्द्रीय विभाग र विभागीय प्रमुख प्रा.डा.कृष्णप्रसाद न्यौपानेप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी शोधकार्यका लागि आवश्यक सैद्धान्तिक पुस्तकहरू उपलब्ध गराई सहयोग गर्नुहुने आदरणीय गुरू सहप्रा.डा.नेत्र एटमप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु, साथै यस अध्ययनमा भरपुर हौसला प्रदान गर्ने सहपाठी मित्र केशव सुवेदीप्रति आभारी छु ।

मेरो जीवनलाई यस अवस्थासम्म पुऱ्याउनुहुने पिता, माता लगायत सम्पूर्ण परिवारका सदस्यहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधकार्यमा मैले जेजति विद्वान्हरूले गरेका पूर्वाध्यायनबाट प्राज्ञिक ज्ञान प्राप्त गरेँ तथा यस शोधकार्य गर्दा विभिन्न माध्यमबाट सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

.................

उमेश न्यौपाने

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०८१

# विषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अध्ययनको औचित्य र महत्त्व ४

१.६ अध्ययनको सीमाङ्कन ५

१.७ शोधविधि ५

१.७.१ सामग्रीसङ्कलन विधि ५

१.७.२ सामग्री विश्लेषण पद्धति ६

१.८ शोधपत्रको रूपरेखा ७


## दोस्रो परिच्छेद

## मानवनिर्मित पर्यावरणीय चेतनाको प्रस्तुति


२.१ विषयप्रवेश ८

२.२ सैद्धान्तिक अवधारणा ८

२.२.१ पर्यावरणको परिचय ८

२.२.२ पर्यावरणीय चेतना १२

२.३ मानवनिर्मित पर्यावरणीय चेतना विश्लेषणको आधार २०

२.४ उपन्यासको विश्लेषण २९

२.५ निष्कर्ष ५९


## तेस्रो परिच्छेद

## मानवेतर पर्यावरणीय चेतनाको प्रस्तुति


३.१ विषयप्रवेश ६१

३.२ विश्लेषणको आधार ६१

३.३ उपन्यासको विश्लेषण ६८

३.४ निष्कर्ष ८३

## चौथो परिच्छेद

## सारांश र निष्कर्ष

४.१ सारांश ८५

४.२ प्राप्ति ८८

४.३ निष्कर्ष ९०

**सन्दर्भ सामग्रीसूची ९२**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

*हंस* (२०७६) सञ्जीव उप्रेतीद्वारा लिखित पर्यावरण केन्द्रित उपन्यास हो । *घनचक्कर* (२०६४) पछि यो उनको दोस्रो उपन्यास हो । उनको सिद्धान्तका कुरा सैद्धान्तिक पुस्तक र मकैको अर्कै खेती नाटक प्रकाशित छन् । प्राकृतिक वातावरण प्रेमी उनी चराचुरुङ्गीप्रति अति नै मोहित छन् भने चराहरूको क्रियाकलापसम्बन्धी अध्ययन गर्न रूचि राख्छन् । प्राणीहरूको अस्तित्व रहिरहनका लागि प्राकृतिक स्रोत साधन तथा सन्तुलित पर्यावरण रहिरहनु आवश्यक हुन्छ । यस कुरामा *हंस* उपन्यासले धेरै हदसम्म सचेत गराउने प्रयास गरेको छ । प्राणीहरूकै जीवनयापन र तिनको पर्यावरणसँगको सम्बन्धका विषयमा केन्द्रित हुनुका साथै यसमा पर्यावरणीय चिन्तनको प्रभाव प्राप्त गर्न सकिने भएकोले प्रस्तुत शोधपत्रका लागि उनको यो उपन्यास छनोट गरिएको हो । पर्यावरणीय समालोचना साहित्यिक कृतिमा निहित पर्यावरणीय विषयहरूलाई अध्ययन गर्ने अन्तर्विषयक समालोचना पद्धति हो । यसमा साहित्यिक कृतिको विषयसँग पर्यावरणीय चिन्तनलाई जोड्ने गरिन्छ । यस समालोचनामा साहित्यिक कृतिभित्र पर्यावरणका स्थान, मान्छेले पर्यावरणमाथि गरेको हस्तक्षेप तथा वातावरण संरक्षणका लागि चलिरहेको अभियान, राजनीतिक दृष्टिकोण आदिलाई एकअर्कामा सम्बद्ध तुल्याई मूल्याङ्कन गरिन्छ । यस्ता समालोचनामा पर्यावरण र सांस्कृतिक पक्ष, सहरीकरण, पितृसत्ता, उपभोक्तावादी संस्कृति, प्रकृति, मानव र साहित्य बिचको सम्बन्ध, आदिम वृत्ति, आदर्श सत्ता, प्राकृतिक सुन्दरता, पर्यावरणीय खोपी, मानवेतर सङ्कथन जस्ता मानवीय र प्राकृतिक पर्यावरणीय चेतनासम्बद्ध सूचकहरूका आधारमा कृतिको विश्लेषण गरिन्छ । प्रस्तुत अध्ययनमा '*हंस*' उपन्यास र 'पर्यावरणीय चेतना' गरी मुख्य दुई शोध पक्षहरू रहेका छन् । विश्लेषणको मूल सामग्री *हंस* उपन्यास रहेको छ भने पर्यावरणीय चेतना मुख्य शोध समस्या रहेको छ । यस विषयमा हालसम्म शोधकार्य नभएकाले यो शोधकार्य गरिएको हो ।

## १.२ समस्याकथन

सञ्जीव उप्रेतीको *हंस* उपन्यासमा अभिव्यक्त भएको पर्यावरणीय चिन्तनको विश्लेषण गर्नु प्रस्तुत शोधको मूल प्राज्ञिक समस्या रहेको छ। यसै मूल समस्यासँग सम्बद्ध शोधप्रश्नहरू यसप्रकार रहेका छन् :

(क) *हंस* उपन्यासमा पर्यावरणीय चेतना केकजस्तो छ ?

(ख) *हंस* उपन्यासमा पर्यावरणीय चेतना कसरी प्रस्तुत गरिएको छ ?

## १.३ उद्देश्य

*हंस* उपन्यासमा प्रयुक्त पर्यावरणीय चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधको मूल उद्देश्य रहेको छ। समस्याकथनमा समावेश गरिएका शोधप्रश्नअनुरूप प्रस्तुत अनुसन्धानका उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) *हंस* उपन्यासमा पर्यावरणीय चेतना व्याख्या गर्नु,

(ख) *हंस* उपन्यासमा पर्यावरणीय चेतना विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

पर्यावरणीय चेतनाका विषयमा आधारित भएर विभिन्न शोध तथा अध्ययन अनुसन्धान भएका छन् । सञ्जीव उप्रेतीका कुनै पनि उपन्यासमा यस चिन्तनका दृष्टिले अध्ययन अनुसन्धान नभएता पनि अन्य विभिन्न कोणबाट *हंस* उपन्यासको अध्ययन भएको पाइन्छ । त्यसैले यस शोधमा *हंस* उपन्यास र पर्यावरणीय समालोचना सम्बद्ध गरी अध्ययन गर्न सकिने पूर्वाध्यान यसप्रकारका छन् :

टीपी पौडेल (२०७७) को 'हंसका इनार र यसका पात्रहरू' शीर्षकको समीक्षात्मक लेखमा *हंस* उपन्यासबारे चर्चा गरिएको छ। उपन्यासमा प्रयुक्त मानवेतर पात्रहरूको गतिविधि र मानवीय क्रियाकलापले प्रकृतिमा पारेको प्रभावका विषय यस लेखमा चर्चा गरिएको छ । त्यस्तै मानवीय समाजमा हरेक मान्छेका आ-आफ्नै इनारहरू रहेको र आफ्नै इनार भित्र विदेशी अत्यासलाग्दो जीवन बिताएको प्रसङ्ग समावेश गर्दै कृतिका पात्रहरूको प्रवृत्तिका

बारेमा समेत उल्लेख गरिएको छ । त्यसैले पात्रको गतिविधि बुझ्न र अध्ययनलाई अझै गहन बनाउन यो लेख उपयोगी रहेको छ ।

आश्वासन दाहाल (२०७७) को 'सामाजिक संरचनालाई खोतलखातल गर्ने *हंस'* शीर्षकको लेखमा *हंस* उपन्यासलाई सामाजिक संरचनाको प्रतिबिम्बका रूपमा समीक्षा गरिएको छ । उपन्यासमा व्यक्त प्राकृतिक पर्यावरणीय विषय र त्यसले पाठकलाई प्रभाव पारेका पक्षहरू यहाँ प्रस्तुत गरिएको छ । त्यस्तै मानवीय अतिक्रमणका कारण पर्यावरणमा पुगेको असरलाई औँल्याउँनुका साथै कृति भित्र व्यक्त सामाजिक संरचनाका विषयलाई प्रस्तुत गरिएको छ । उपन्यासको मुख्य मुख्य घटनावस्तु प्रस्तुत गर्दै त्यसको भावलाई समान्यतः प्रस्तुत गरिएको छ । पाठक प्रतिक्रिया मात्र भएपनि कृतिमा व्यक्त पर्यावरणीय विषयलाई समेटेर अध्ययन गरिएका कारण पर्यावरणीय चेतनाका आधारमा कृतिलाई विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

दुर्गा न्यौपाने (२०७८) को 'हंस उपन्यासमा पर्यावरण' शीर्षकको शोधपत्रमा *हंस* उपन्यासलाई पर्यावरण सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यसमा पर्यावरणकेन्द्री दृष्टिकोण, प्रकृतिसम्बन्धी सार्वभौम मान्यता, वातावरणको ग्रामीणपन, स्वच्छता र अप्रदूषितता, संस्कृतिको परिपूरक अङ्कन लगायत पारिस्थितिक नारीवाद र पर्यावरणमैत्री भाषिक प्रयोग जस्ता कृति विश्लेषणका आधारहरूमार्फत उपन्यासको विश्लेषण गरिएको छ । यस्ता विभिन्न आधारहरू समावेश गरी कृतिको विश्लेषण गरे पनि गहन पर्यावरणीय चेतनाका सैद्धान्तिक अवधारणालाई समेटेर कृतिको विश्लेषण गरिएको छैन । त्यसैले यस शोधपत्र प्रस्तुत शोधकार्यका लागि मानवेतर सँगसँगै मानवीय पर्यावरणीय चेतनाको अध्ययन गर्न उपयोगी रहेको छ ।

कृष्ण खत्याडी (२०८०) को 'हंस : बदलिँदो समाजको बहुआयामिक पक्षको चित्रण' शीर्षकको समीक्षात्मक लेखमा *हंस* उपन्यासको पठनपश्चात लागेका कुराहरू प्रस्तुत गरिएको छ । यस लेखमा प्राकृतिक सुन्दरता तथा मानवेतर पर्यावरणको विषयलाई विश्लेषण गर्नुका साथै मानव समाजका सामाजिक संस्कार र पुरुष प्रधान समाजको यथार्थलाई उपन्यासका आधारमा व्याख्या गरिएको छ । त्यस्तै मानवेतर पात्रले मानव समाजप्रति गरेको व्यङ्ग्यलाई प्रस्तुत गर्दै मानवीय स्वभाव तथा प्रवृत्तिको बारेमा पनि अध्ययन गरिएको छ । त्यसैले प्रस्तुत

शोधकार्यका लागि मानवीय पर्यावरण र मानवेतर पर्यावरणीय चेतनाको अध्ययन विश्लेषण गर्न यो पूर्वकार्य महत्त्वपूर्ण छ ।

जानुका खतिवडा (२०८१) को 'हंस उपन्यासको पर्यावरणीय समालोचना' शीर्षकको लेखमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक आधार प्रयोग गरी उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा यहाँ गहन पर्यावरण, जैविक विविधता, पारिस्थितिक प्रणाली जस्ता मुख्य शब्दावली प्रयोग गरिएको छ । मानवीय र मानवेतर पर्यावरणका केही सूचकहरू प्रयोग गरी उपन्यासको विश्लेषण गरिएको यस लेखमा यी दुई बिचको अन्तर सम्बन्धलाई देखाइएको छ तर यसमा पर्यावरणका सबै पक्षलाई समेटिएको छैन । त्यसकारण यस लेख प्रस्तुत शोधपत्रका लागि महत्त्वपूर्ण रहेको छ ।

लक्ष्मीशरण अधिकारी (सन् २०२४) को 'हंस उपन्यासमा पर्यावरणीय चेतना' शीर्षकको लेखमा *हंस* उपन्यासमा पर्यावरणीय समालोचनाका कोणबाट अध्ययन गरिएको छ । जैविक विविधता, पितृसत्ता, पृथ्वीकेन्द्रित, मानवकेन्द्रित, संरक्षण आदि शब्दकुञ्जी प्रयोग गरी अध्ययन गरिएको यस लेखमा पर्यावरण बिग्रनुमा पुँजीवादी सोच र पितृसत्तात्मक चिन्तन दोषी रहेको तथ्य व्यक्त गरिएको छ । मानवेतर प्राणीको भन्दा मान्छेको जीवन दुःखी बन्दै गएको र मानिसहरूले प्रकृतिमाथि अतिक्रमण गर्दै गएका कारण पर्यावरण अस्वस्थ बन्दै गएको निष्कर्ष यहाँ अभिव्यक्त छ । पर्यावरणीय चेतनाका केही पक्षहरूका बारेमा चर्चा गरिएकोले यो पूर्वकार्य प्रस्तुत शोधकार्यका लागि महत्त्वपूर्ण रहेको छ ।

पूर्वकार्यमा समावेश भएअनुसार पर्यावरणीय चेतनासँग सम्बन्धित भएर गरिएका अध्ययन कार्यहरू अत्यन्तै न्युन छन् । यसै उपन्यासमा आधारित भई अध्ययन गरिएको शोधपत्रमा पनि गहन पर्यावरणीय चेतनाका दृष्टिबाट अध्ययन भएको छैन । त्यसैले पर्यावरणीय चेतनाका विषयसँग सम्बद्ध भएका जिज्ञासाहरू उठाई तिनलाई पर्यावरणीय मान्यताअनुरूप प्रामाणिक र प्राज्ञिक समाधान गर्ने कार्य प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

*हंस* उपन्यासमा आधारित भई गहन पर्यावरणीय चेतनाका दृष्टिले अध्ययन अनुसन्धान नभएको तथ्य पूर्वकार्यको समीक्षाबाट प्राप्त भएकोले प्रस्तुत शोधमा उक्त विषयमा प्राज्ञिक र प्रामाणिक अध्ययन गरिने हुँदा प्रस्तुत शोधको प्राज्ञिक महत्त्व रहेको छ । प्रस्तुत अध्ययनका

लागि छनोट गरिएको *हंस* उपन्यासमा पर्यावरणीय चेतना शीर्षक नवीन र मौलिक दृष्टिकोण हो । *हंस* उपन्यासमा पर्यावरणको सिद्धान्त प्रयोग गरी अध्ययन गर्दा त्यसबाट ज्ञानको नवीनतम क्षेत्र विस्तार हुने भएकोले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ । त्यस्तै प्रस्तुत अध्ययन कार्यमा पर्यावरणीय चेतना तथा समालोचनासम्बन्धी सिद्धान्त उपन्याससँग जोडेर अध्ययन गरिएको हुँदा यसले ज्ञान निर्माणमा सहयोग पुऱ्याएको छ । उपन्यासमा पर्यावरणीय विषय समेटिएको छ भने मानवीय क्रियाकलापले गर्दा पर्यावरणमा पुगेको प्रभावलाई चित्रण गरिएको छ । त्यसैले पर्यावरणीय चेतनाको दृष्टिकोणबाट हेर्दा पर्यावरणसम्बन्धी नयाँ ज्ञान र पर्यावरणीय मूल्य बोध गर्न सकिने भएकोले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधको क्षेत्र पर्यावरणीय समालोचनासँग सम्बन्धित भएर सञ्जीव उप्रतीद्वारा लिखित *हंस* उपन्यासको अध्ययन गर्नु हो । यसमा *हंस* उपन्यासलाई गहन पर्यावरणीय सिद्धान्तका आधारमा मात्र विश्लेषण गरिएको छ । पर्यावरणीय चेतनालाई विश्लेषण गर्न सकिने सूचकहरू पहिचान गरी तिनको सैद्धान्तिक अवधारणाका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । यस उपन्यासमा अन्य विभिन्न दृष्टिकोणबाट अध्ययन गर्न सकिने भए पनि प्रस्तुत शोधमा पर्यावरणसँग सम्बन्धित कृतिगत पक्षको मात्र अध्ययन गर्नु यसको सीमा हो । यस शोधपत्रमा उपन्यासमा व्यक्त पर्यावरणलाई सैद्धान्तिक अवधारणका सिमित पक्षहरूका आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन कार्य र सङ्कलित सामग्रीको विश्लेषण गर्ने पद्धति निम्नानुसार रहेको छ :

### १.७.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यसँग सम्बन्धित सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । *हंस* उपन्यास यस अध्ययनको प्राथमिक सामग्री हो । त्यसैगरी *हंस* उपन्यास र पर्यावरणीय चेतना सिद्धान्त, लेख, समालोचना, समीक्षा तथा पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएका छन् ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यको अध्ययन तथा विश्लेषणका लागि सैद्धान्तिक अवधारणका आधारमा विषयवस्तुको गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ । सञ्जीव उप्रेतीको *हंस* उपन्यासमा पर्यावरणीय चिन्तनलाई कलात्मक रूपमा अभिव्यक्त गरिएकोले पर्यावरण सिद्धान्तअनुरूप नै यस उपन्यासको विश्लेषण गरिएको छ । शोध समस्यासँग सम्बन्धित भएर सङ्कलन गरिएका सामग्रीहरूलाई विश्लेषण गर्न वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ । उपन्यासको सारवस्तुमा प्रकटित मानव तथा पशुपङ्क्षी, यिनका क्रियाकलाप, मानवीय भाषा संस्कृति र मान्छेले प्रकृतिसँग गरेको व्यवहार तथा उनीहरूको गतिविधि आदिलाई पर्यावरणकै अङ्गका रूपमा मानेर अध्ययन गरिएको छ । प्राणी र भौतिक वातावरणको अन्तर सम्बन्धको अध्ययन गर्ने, उपयुक्त पर्यावरणीय स्थानमा प्राणीहरूले देखाउने क्षमता लगायत मानवीय क्रियाकलापका कारण प्रकृतिमा परेको असर जस्ता विभिन्न आधारहरू बनाएर उपन्यासको विश्लेषण गरिएको छ ।

पर्यावरणीय सिद्धान्तको अवधारणात्मक ढाँचाका आधारमा उपन्यासको विश्लेषण गर्न निर्माण गरिएको सूचकहरू यसप्रकार छन् :

| **विश्लेषणको मूल सूचक** | **सूचकका आधार** |
|---|---|
| (१)मानवनिर्मित पर्यावरणीय चेतनाको प्रस्तुति | (क) सहरीकरण<br>(ख) पितृसत्ता<br>(ग) उपभोक्तावादी संस्कृति<br>(घ) भूमण्डलीकरण<br>(ङ) आदर्श सत्ता<br>(छ) आदिम वृत्ति |
| (२) मानवेतर पर्यावरणीय चेतनाको प्रस्तुति | (क) प्राकृतिक सुन्दरता<br>(ख) प्राणीको अस्तित्व<br>(ग) पर्यावरण र संस्कृति<br>(घ) पर्यावरणीय खोपी<br>(ङ) मानवेतर सङ्कथन |

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोध पत्रलाई विभिन्न परिच्छेद, शीर्षक, उपशीर्षक आदिमा विभाजन गरी पूर्ण प्रतिवेदनका रूपमा प्रस्तुत गरिएको छ । यसको रूपरेखा यसप्रकारको रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : *हंस* उपन्यासमा मानवनिर्मित पर्यावरणीय चेतनाको प्रस्तुति

तेस्रो परिच्छेद : *हंस* उपन्यासमा मानवेतर पर्यावरणीय चेतनाको प्रस्तुति

चौथो परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

## दोस्रो परिच्छेद

# मानवनिर्मित पर्यावरणीय चेतनाको प्रस्तुति

## २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा *हंस* उपन्यासमा रहेका पर्यावरणीय चेतनाका विविध पक्षहरूको विश्लेषण गरिएको छ । यसअन्तर्गत पर्यावरणीय चेतनाका सैद्धान्तिक अवधारणा उल्लेख गरी उपन्यास विश्लेषणको आधार तय गरिएको छ । तिनै अवधारणाका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । गहन पर्यावरणीय चेतनासम्बद्ध सैद्धान्तिक अवधारणाहरूमा नेइस (सन् २००५), ग्लोटफेल्टी (सन् १९९६), ब्यारी (सन् २०१०), एटम (२०७६), त्रिपाठी (२०७९), गरार्ड (सन् २००४), गौतम (२०६४) लगायतलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । मानव निर्मित पर्यावरणीय चेतनालाई विभिन्न सूचकहरूका आधारमा व्याख्या विश्लेषण गरिएको छ । जसअन्तर्गत सहरीकरण, पितृ सत्ता, उपभोक्तावादी संस्कृति, भूमण्डलीकरण, आदिम वृत्ति, आदर्श सत्ता आदि आधारहरू पर्दछन् । यस परिच्छेदमा उपन्यासका सन्दर्भित अंश र ती अंशलाई ढाँचामा उल्लिखित सूचकका आधारमा विश्लेषण गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

*हंस* उपन्यासमा पर्यावरणीय चेतनाको विश्लेषण गर्नका लागि पर्यावरणीय अवधारणा, पर्यावरणीय चेतना, चेतनाका सूचक, विश्लेषणका आधारका सूचकहरूको अध्ययन यसप्रकार गरिएको छ :

### २.२.१ पर्यावरणको परिचय

हाम्रो परिवेशमा रहेको सबै प्राकृतिक तथा कृत्रिम वस्तुहरू, सजीव र निर्जीव तत्त्वहरू सम्मिलित प्रणाली नै पर्यावरण हो । यसले हाम्रो जीवनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्छ। "हावा, पानी, माटो, जैविक तत्त्वहरू (वनस्पति, पशुपङ्क्षी, सूक्ष्मजीव) लगायत तापमान, आद्रता, वायु, वर्षा आदिको समष्टिगत रूप नै पर्यावरण हो" (त्रिपाठी, २०७९, पृ. २७७) । पर्यावरणमा भएका यस्ता तत्त्वहरूले परस्पर क्रियाकलाप गर्ने र एकअर्कासँग सम्बन्धित हुने हुँदा यसलाई एउटा प्रणालीका रूपमा हेर्ने गरिन्छ, जसलाई पारिस्थितिक प्रणाली भनिन्छ ।

यसरी पर्यावरणमा प्राकृतिक रूपले अस्तित्वमा रहेका वस्तुहरू र मानव निर्मित भौतिक संसारका स्वरूपहरू समेटिएको हुन्छ ।

पर्यावरण शब्दको अर्थका बारेमा विभिन्न भाषामा विभिन्न तरिका लगाइएको पाइन्छ । नेपाली भाषाको जननी भाषा संस्कृतमा यसलाई हाम्रै वरपरको वातावरणका रूपमा चिनाइएको छ । त्रिपाठी (२०७९) मा यसलाई यसप्रकार देखाइएको छ :

> संस्कृत भाषाको 'आवरण' शब्दमा 'परि' उपसर्ग लागेर पर्यावरण बनेको शब्द हो । जसको अर्थ व्यक्ति वा जीवित प्राणीलाई चारैतिरबाट घेरिएको वस्तुहरूको समूह भन्ने हुन्छ । त्यस्तै, अङ्ग्रेजी भाषामा यसलाई 'इन्भारोमेन्ट' शब्दले चिनिन्छ । त्यस्तै 'आइकस' र 'लोगस' दुई रूप मिलेर ग्रिसेली 'इकोलोजी' शब्द निर्माण भएको हो । यसको अर्थ पारिस्थितिकी भन्ने हुन्छ । यसको प्रयोग सर्वप्रथम सन् १८८६ मा जर्मन जीवशास्त्री अर्नेल ह्मकेलले जीवशास्त्रको छुट्टै अध्ययनको विषयका रूपमा गरेको थिए भने उत्तरवर्ती अध्यताहरूले इकोलोजीलाई अन्य विभिन्न विषयसँग जोडेर विभिन्न रूपमा अर्थ्याउँदै व्याख्या गरेको पाइन्छ । (पृ.२७९)

इकोलोजीलाई अध्ययनका विभिन्न विषयसँग जोडेर अध्ययन विश्लेषण गर्ने क्रममा साहित्यिक विधासँग जोडेर सिर्जना गर्ने र सिर्जना भएका रचनाहरूलाई समालोचना गर्ने दृष्टिकोणको पनि विकास भएको छ । वर्तमान समयमा अन्तर्विषयक समालोचना प्रणालीअन्तर्गत पर्यावरणीय समालोचना प्रणालीलाई पनि हेर्ने गरिन्छ । अन्तर्विषयक भनेको स्रष्टाले कृति अर्थात् रचनाको विषयगर्भ निर्माण गर्दा जीवनजगत्का परस्पर सम्बद्ध पक्षलाई पनि संश्लेषण गरेको हुन्छ । त्यस्तो संश्लेषणको उद्देश्य वा प्रयोजनको अध्ययन नै अन्तर्विषयकता हो । पर्यावरणीय पक्ष पनि कृति सिर्जना गर्दा त्यहाँको जीवनजगत्सँग जोडिएर आएको हुन्छ, त्यसैले यसलाई अन्तर्विषयकताअन्तर्गत राखेर अध्ययन गरिन्छ ।

पर्यावरणमा भएका विभिन्न तत्त्वहरू एकआपसमा अन्तर्सम्बन्धित हुन्छन्, जसअन्तर्गत पारिस्थितिक पद्धतिको समग्र पक्षलाई समेटिएको हुन्छ । "पर्यावरणमा विशेषगरी जैविक र अजैविक तत्त्वहरू, मानव र उसका क्रियाकलाप, उसले निर्माण गरेको संस्कृति र त्यसबाट विकसित पर्यावरण पर्दछन् । हाम्रो वरपरका जल, जमिन, जङ्गल, हावा जस्ता प्राकृतिक पक्षहरू पर्यावरणका रूपमा रहेका छन्" (पोखेल, २०७२, पृ. १४–१५) । पर्यावरणमा रहेका

प्राकृतिक स्रोत साधनहरूको अन्तर्सम्बन्ध मानवीय क्रियाकलापसँग जोडिएको हुन्छ । पर्यावरणमा मान्छेका हरेक गतिविधिहरू अन्तर्सम्बन्धित हुन्छन् । यसरी पर्यावरणसँग मानिसका क्रियाकलापहरूलाई जोडेर सिर्जना गरिएका साहित्यिक कृतिहरूको व्याख्या विश्लेषण गर्ने पद्धतिलाई पर्यावरणीय समालोचना भन्ने गरिन्छ । यसमा पर्यावरणलाई मानवीय क्रियाकलापले पुऱ्याएको हानी, नोक्सानी तथा असरहरूको बारेमा उल्लेख गरी पर्यावरण संरक्षणमा जोड दिइन्छ ।

पर्यावरणीय अध्ययनमा साहित्यभित्र भौतिक संसारका गतिविधिहरूलाई कसरी समावेश गरेर प्रस्तुत गरिएको भन्ने कुरा हेरिन्छ । भौतिक विकास तथा मान्छेले भौतिक संसारमा गरेको क्रियाकलाप र भौगोलिक परिवेशमा आएको परिवर्तनले पर्यावरणलाई प्रभाव पारिरहेको हुन्छ । त्यसैले पर्यावरणीय समालोचनामा यिनीहरूबिचको सम्बन्धलाई अध्ययन गरिन्छ ।

> सरल भाषामा भन्नुपर्दा इकोक्रिटिज्म साहित्य र भौतिक वातावरण बिचको सम्बन्धको अध्ययन हो । जसरी नारीवादी आलोचनाले भाषा र साहित्यलाई लैङ्गिक-सचेत परिप्रेक्ष्यबाट जाँच्छ र मार्क्सवादी आलोचनाले यसको पाठको पढाइमा उत्पादनको मोड र आर्थिक वर्गको जागरुकता ल्याउँछ, पर्यावरणीय  समालोचनाले साहित्यिक अध्ययनहरूमा पृथ्वी केन्द्रित दृष्टिकोण लिन्छ । (ग्लोटफेल्टी, १९९६, पृ. xix)

यसले साहित्यमा प्रकटीकृत मानव र उसका भाषा, संस्कृति, रहनसहन लगायतका विविध क्रियाकलाप पर्यावरणसँग सम्बन्धित हुन्छ । त्यसैले यी सबै पक्षलाई पर्यावरणकै विशिष्ट अङ्ग मानेर अध्ययन गर्नु वाञ्छनीय हुन्छ । “पर्यावरणीय साहित्यले प्राकृतिक जगत्का विविध विषयहरूलाई पर्यावरणकेन्द्री दृष्टिबिन्दुबाट अध्ययन गर्दछ । पारिस्थितिकीले समय सान्दर्भिक ‘तथ्यपरक’ लेखन, विशेष गरी चिन्तनशील सामग्री जस्तै निबन्ध, यात्रा लेखनमा नयाँ जोड दिएर पर्यावरणमा देखिएका मुद्दाहरूमा साहित्यिक-आलोचनात्मक अभ्यासको दायरा विस्तार गर्छ” (ब्यारी, सन् २०१०, पृ. २६३–२६४) । ब्यारी पेटरकाअनुसार पर्यावरणीय समालोचनाको एउटै विश्वव्यापी प्रारूप बनिसकेको नभए पनि पर्यावरणीय समालोचनाले प्राकृतिक, सामाजिक अवधारणा तथा विषयहरूको पर्यावरणमैत्री ढङ्गले व्याख्या गर्दछ । पर्यावरणलाई अनुकूल बनाउन तथा अनुकूलता सम्बन्धी केकस्तो विचार सम्प्रेषण गरिएको छ भन्ने कुराको अध्ययन पर्यावरणीय समालोचनाले गर्दछ ।

प्रकृतिमा स्वतः निर्मित संरचनाहरू लगायत प्रकृतिकै आडमा मानिसहरूले बनाएका संरचनाहरू पर्यावरणीय तत्त्वहरू हुन् । यी दुईबिच पनि अन्तर्सम्बन्ध रहेको पाइन्छ । प्राकृतिक स्रोतहरूकै प्रयोग गरेर मान्छेले अन्य संरचना खडा गर्दछ । "वातावरणमा मान्छेले नबनाएका डाँडाकाँडा, समतल लेक, हिमाल आदि भौगालिक घटक, चिसोतातो, हुस्सु, कुहिरो, तुँवालो आदि जलवायु र लतावृक्ष, जन्तु-जनावर, चराचुरुङ्गी, किराफट्याङ्ग्रालगायत स्थावर, जङ्गम तथा जलचर, थलचर, नभचर सब पर्दछन् । वातावरण मनुष्य निर्मित हुनसक्छ, प्राकृतिक पनि हुनसक्छ" (गौतम, २०६४, पृ. २४६) । यसरी पर्यावरणलाई मानवनिर्मित र प्राकृतिक गरी मूलतः दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । प्रकृतिले निशुल्क दिएको वातावरणका सबै पक्षहरू प्राकृतिक पर्यावरण हुन् भने मानवसमाजले निर्माण गरेका, आविष्कार गरेका पक्षहरू मानवनिर्मित पर्यावरण हुन् । वर्तमान समयमा वातावरण साहित्यको लेखन अगि बढिरहेको छ । यस्ता साहित्यमा पर्यावरणीय चेतना पाइन्छ । "वातावरणप्रतिको चासो तथा चिन्ता प्रकट गर्दै विनाश हुँदै गएको पर्यावरणको संरक्षणतर्फ चासो र चेतना फैलाएका निबन्ध, उपन्यास, कथा, कविता लगायतका साहित्यिक कृतिहरू पर्यावरणीय कृतिअन्तर्गत पर्दछन्" (ग्लोटफेल्टी, सन् १९९६, पृ. xxvii) । यस्ता पर्यावरणमैत्री कृतिहरूले बढ्दो विज्ञान प्रविधि तथा औद्योगिक क्षेत्रको विकासले पर्यावरणमा पुऱ्याएको प्रभावका बारेमा चासो व्यक्त गरेका छन् ।

मानव समाजको अस्तित्व प्राकृतिक संसार तथा स्वच्छ पर्यावरणबिना सम्भव छैन । हुनतः मानव पनि प्राकृतिक संसारभित्रै पर्दछ तर यसले प्राकृतिक स्रोतहरूलाई आफ्नो वशमा राख्न खोज्छ :

> वनस्पति, जीवजनावर, खनिजपदार्थ लगायतका वस्तुहरू मानवका लागि उपभोग्य स्रोतका रूपमा मात्र मूल्यवान् भएको देखिन्छ, जुन हुनु हुँदैन । यी तत्त्वहरू मानव अस्तित्वसँग जोडिएका कारण यस्ता स्रोतहरूको संरक्षण गर्नु आवश्यक छ । यस्ता प्राकृतिक स्रोतहरू नै पर्यावरण हुन् जसको उपभोग मात्र नगरी बचावटमा पनि उत्तिकै ध्यान दिनुपर्छ । (नेइस, सन् २००५, पृ. २)

पृथ्वीमा सम्पूर्ण जैविक तथा अजैविक वस्तुहरूको जीवन रक्षा हुनुपर्छ । नेइसको गहन पर्यावरण सम्बन्धी अवधारणाअनुसार प्राकृतिक वस्तुहरूलाई केवल मानवीय उपभोगको स्रोतका रूपमा मात्र हेरिनु हुँदैन । ती सबैको आफ्नै स्वतन्त्र अस्तित्वबारे पनि मानव समाजले नै चिन्तन गर्नु र संरक्षण गर्नु उत्तिकै महत्त्वपूर्ण छ ।

पर्यावरणमा जैविक तथा अजैविक तत्त्वहरूको सम्मिश्रण पाइनुका साथै तिनीहरूबिच अन्तर्सम्बन्ध समेत रहेको हुन्छ । यस्ता जैविक तथा अजैविक तत्त्वहरूको पृथ्वीमा आफ्नै अस्तित्व रहेको हुन्छ । हाम्रा वरपर रहेका जीवजन्तु, पशुपङ्क्षी, खोला, नदी, वायुमण्डल, वनस्पति, ढुङ्गा, माटो लगायत मान्छे र मान्छेले निर्माण गरेका भौतिक संरचनाका वस्तुहरू सबै पर्यावरण अन्तर्गत पर्दछन् । यस्ता तत्त्वहरू एकआपसमा अन्तर्सम्बन्धित हुन्छन्, जसलाई पारिस्थितिक पद्दति भन्ने गरिन्छ । त्यस्तै पर्यावरण सम्पूर्ण प्राणीहरूको हो र यसमाथि सबैको समान हक लाग्छ भन्ने गहन पर्यावरणको मान्यता अत्यन्तै महत्त्वपूर्ण रहेको छ । मान्छेले पर्यावरणमा गरेको अत्याचारयुक्त अतिक्रमणको विरोध गर्दै गहन पर्यावरणले पृथ्वी मान्छेको मात्र नभई सबै प्राणी तथा सजीव-निर्जिव वस्तुहरूको भएकोले सबैको अस्तित्व सुनिश्चित हुनुपर्ने र मान्छेले आफू अनुकूल मात्र प्रयोग गर्न नहुने कुरा गहन पर्यावरणले प्रस्तुत गर्छ । पर्यावरणमा मानव समाजले निर्माण गरेको संस्कार, संस्कृति, आदर्शात्मक चिन्तन लगायत मानव सभ्यताको विकास सँगसँगै देखा परेका हरेक गतिविधि समावेश भएका हुन्छन् । जसले पर्यावरणमा कुनै न कुनै रूपमा प्रभाव पारिरहेको हुन्छ । यस्तै विषय समेटेर सिर्जना गरिएको साहित्य नै पर्यावरणीय साहित्य हो । यसले पर्यावरणमा ह्रास पुऱ्याउने क्रियाकलापलाई न्युनीकरण गर्न आवाज उठाउँछ भने पर्यावरणलाई स्वस्थ, सुन्दर र हरेक प्राणीका लागि योग्य बनाउन मैत्रीपूर्ण विचार अभिव्यक्त गर्छ । यस्ता साहित्यिक कृतिमा आधारित भएर गरिने समालोचना पर्यावरणीय समालोचना हो, जसद्वारा मान्छेलाई पर्यावरणमैत्री भएर मात्र पर्यावरणको सदुपयोग गर्न मार्गनिर्देश गरिन्छ ।

### २.२.२ पर्यावरणीय चेतना

मानिसहरूले प्राकृतिक संसाधनहरूको प्रयोग गर्ने गर्दछन्, जसको प्रयोगबाट नै मानवसंसार गतिशील हुने गर्दछ । प्राकृतिक स्रोतको प्रयोग मात्र नगरी तिनको महत्त्व बुझेर तिनीहरूको संरक्षणमा सक्रिय भई काम गर्नु नै पर्यावरणीय चेतना हो । यसले मानिसहरूको वातावरणप्रति संवेदनशीलता र जिम्मेवारीको भावनालाई जनाउँछ । प्राकृतिक संसाधनहरूको संरक्षण, प्रदूषण नियन्त्रण र जीवनशैलीलाई पर्यावरणमैत्री बनाउने कुरामा पर्यावरणीय चेतनाले सचेत गराउँछ । प्राकृतिक साधनहरू हावा, पानी, माटो, वनस्पति र जीवजन्तुहरूको संरक्षणको महत्त्व बुझ्न र पृथ्वीको दिगो भविष्य सुनिश्चित गर्न यसले महत्त्वपूर्ण भुमिका खेल्दछ । पर्यावरणीय चेतनामार्फत वातावरणमा देखिने अनेकौं समस्याहरूको समाधान गर्न र समस्या

उत्पन्न नै हुन नदिन मानिसहरूको सोच, चिन्तन र व्यवहारमा परिवर्तन ल्याउने काम गरिन्छ ।

पर्यावरणीय चेतनाका सन्दर्भमा पर्यावरणलाई सतही र गहन रूपमा हेर्ने अवधारणाको विकास भएको छ । सतही पर्यावरणले पर्यावरणबारे गरिने सामान्य चासोका विषयलाई बुझाउँछ । पर्यावरणीय विनाशका पक्षहरूमा आवाज उठाए पनि यसले ठोस कदम चाल्दैन । सतही पर्यावरणीय चेतना तात्कालिक तथा समाजको दबाबका कारण सिर्जना हुन्छ भने यो सामान्य वातावरण संरक्षणमा मात्र सिमित रहन्छ । तर गहन पर्यावरणले वातावरणीय समस्याहरूको मूल कारणबारे खोजी गरी तिनको दीर्घकालीन समाधानको बारेमा गहिरो अध्ययन गर्दछ । यसले पर्यावरणमा भएका हरेक तत्त्वहरूको समान अस्तित्वका बारेमा आवाज उठाउँछ । यसै शिलशिलामा नर्वेली दार्शनिक अर्ने नेइसले सन् १९७० को दशकमा डिप इकोलोजीको स्थापना गरेका हुन् । “सतही इकोलजी प्रकृतिलाई फाइदाको आँखाले हेर्छ तर डिप इकोलजीले प्रकृतिलाई फाइदा र स्वार्थको दृष्टिले हेर्दैन । मानिसले जति पनि प्राकृतिक तत्त्वहरू तथा जेविक अजैविक पदार्थको संरक्षण गर्दछ । त्यसको मूल उद्देश्य आफ्नै आर्थिक लाभको स्वार्थमा जोडिएको हुन्छ” (गौतम, २०६४, पृ. २०७) । गहन पर्यावरणीय चेतनामा प्राकृतिक स्रोत र सम्पदालाई मानवीय स्वार्थका निम्ति मात्र प्रयोग गरिनु भएन भन्ने कुरालाई विशेष जोड दिइन्छ ।

पर्यावरणवादले धर्तीलाई यन्त्र नमानेर जिवीत प्राणीजस्तै सावयव मान्दछ । यसले मान्छे-मान्छे बिचको व्यवहार, प्रेम, सहानुभूति एवं समझदारीमा आधारित हुनुपर्ने, प्रकृतिसँग पनि मान्छेको सम्बन्ध प्रेम र मैत्रीपूर्ण हुनुपर्ने विचार व्यक्त गरेको छ । “पुँजीवादले समाजबाट गरिबी, अशिक्षा, रोग, भोक, शोकहरू केही मात्रामा कम गराई जीवनस्तर उकासे पनि यो सबै आम जनमानसमा पुग्न सकेको छैन । त्यसकारण आदिम जीवनबाट पाठ सिकेर प्रकृतिसँग समन्वय गरी उसकै नियमअनुसार जीवनयापन गर्नुपर्छ र प्रकृतिसँग सहयात्रा गरी बाँच्नुपर्छ” (गौतम, २०६४, पृ. २०८) । यसरी पर्यावरणवादमा मानवीय जनजीवन साहित्य र प्रकृति बिचको सम्बन्धलाई महत्त्व दिइन्छ ।

पर्यावरणमा भएको नोक्सानी तथा हानीका बारेमा बोध गरी त्यसको साहित्यिक प्रतिबिम्बनलाई पर्यावरणीय चेतनाका रूपमा हेर्न सकिन्छ । पर्यावरणीय तत्त्वहरूको विनाश

तथा त्यसमा आएको विकारका सन्दर्भमा कसरी समाधान गर्ने भन्ने चिन्तनको विकास भयो र समाधानका लागि विभिन्न चेतनामूलक कार्यक्रमहरू भए ।

> जैविक विविधतामा ह्रास, ओजन तहको विनाश, उर्जाको अन्त्य, आणविक उर्जाको निर्माण आदिले गर्दा विश्वभरीको मौसममा परिवर्तन आएको अवस्थाले विश्वव्यापी रूपमा पर्यावरणप्रति चासो र चिन्ता बढेको देखिन्छ । यसको प्रभाव साहित्य-कला, संस्कृतिमा पर्न गयो भने वातावरणीय चेतनामूलक कार्यक्रममा मात्र सीमित नरहेर साहित्य र समालोचनामा पनि यसको प्रभाव पऱ्यो । (भट्टराई, २०७१, पृ. २०२)

यसरी पर्यावरणमा देखिएका समस्याहरूको समाधान र चेतना विस्तारका लागि कला, संस्कृति, सचेततामूलक कार्यक्रम लगायत मानिसमा प्रकृति सम्बन्धी चेतना विस्तार गर्न थालियो । साहित्यिक कृतिमा पनि त्यस्तै चेतनाको खोजी गर्ने कार्य पर्यावरणीय चेतनाले गर्दछ । पर्यावरणीय चेतनाले मूलतः पृथ्वी र प्राणीलाई माया गर्नुपर्दछ भन्ने मान्यतालाई जोड दिन्छ ।

> प्रकृतिमा रहेका भौगोलिक, भौतिक, जैविक वातावरणको पहिचान गरी तिनको बारेमा लेख्नु, पर्यावरणीय पक्ष चिनाउनु, साहित्यका माध्यमबाट पर्यावरणीय जागरण र सचेतता ल्याउनु, मानव, मानवेतर प्राणी र वनस्पतिको पारस्परिक सम्बन्ध र महत्त्व वर्णन गर्नु, साहित्यिक अध्ययनमा पुँजीवादी पितृसत्तात्मक प्रवृत्तिको चर्चा गर्दै मानवेतर पक्ष, महिला, प्रकृति र भूमिको बारेमा सकारात्मक हुनु (नायर, २०१०, पृ. २४३) जस्ता पक्ष पर्यावरणीय चेतनाका प्रमुख विषय हुन् । (ढकाल, सन् २०२३ जुन, पृ. १८६)

पर्यावरणीय समस्याहरू पहिचान गरी तिनको समाधान गर्न खोज्ने क्रममा पर्यावरणीय चेतनाको अध्ययन आवश्यक पर्छ । पर्यावरणलाई सन्तुलित बनाई मानव र मानवेतर प्राणीको अस्तित्व दीगो बनाउन तथा पर्यावरणीय सङ्कटको स्थिति आउन नदिन पर्यावरणीय चेतनाले सहयोग गर्दछ । त्यसैले पर्यावरणसँग सम्बन्धित साहित्यले पर्यावरणीय चेतना फैलाई पर्यावरण संरक्षण गर्न महत्वपूर्ण भूमिका राख्दछ ।

पर्यावरणमा असन्तुलनको स्थिति आउने वित्तिकै यसबाट पर्यावरणीय चक्रमा असर पर्छ । मानवीय क्रियाकलाप र बढ्दो सहरीकरण तथा विश्वव्यापीकरणका कारण पर्यावरणीय सङ्कटको अवस्था आउँछ । यसलाई ढकाल सन् २०२२ जुन मा यसरी प्रस्तुत गरिएको छ :

> पर्यावरणीय सन्तुलनका चक्रीय सम्बन्धकै कारण सारा जैविक प्रजातिको अस्तित्व सम्भव भएको हो । त्यसैले पर्यावरणीय चक्रको सन्तुलन, औद्योगिकीकरणका कारण प्राकृतिक स्रोतको अधिक दोहन, प्रकृतिका स्थिर मान तथा चरमा आएका प्रतिकूल परिवर्तन जस्ता कारणले गर्दा पर्यावरणप्रतिको विश्वव्यापी चिन्ता विकसित भएको हो । (पृ.१०३)

पर्यावरणीय चेतनालाई बोध गरी पर्यावरणमा भएका सम्पूर्ण प्राकृतिक सम्पदाहरूको संरक्षण गरियो भने मात्र हामी प्राणीहरूको साझा घर पृथ्वीको अस्तित्व रहन सक्छ । त्यसका लागि पर्यावरणीय चक्र तथा पारिस्थितिक प्रणाली सम्बन्धी ज्ञान र पर्यावरणमा समस्या आउँदा यस्तो प्रणालीमा पुग्ने असरबारे जनचेतना फैलाउनुपर्छ ।

> हाम्रो पर्यावरण र पृथ्वीको सुरक्षाका बारेमा साथै विश्वपर्यावरणका बारेमा चिन्तन गर्न गहन पारिस्थितिकी, सामाजिक पारिस्थितिकी र सांस्कृतिक अध्ययनसँग मिल्दो ज्ञान आर्जन गर्नु आवश्यक छ । यसले अर्थशास्त्र, राजनीति र जीवविज्ञान, साहित्य, सञ्चार माध्यम र फिल्मद्वारा प्रदान गरिएको पृथ्वीसम्बन्धी चिन्तनलाई विचार गर्दछ । भूमण्डलीकरण र बहुराष्ट्रिय कम्पनीहरूको प्रभावका कारण घरेलु तथा साना उद्योगहरू प्रभावित हुन सक्छन्, जसले सामाजिक र वातावरणीय कार्यक्रमहरूमा अप्ठ्यारो स्थिति पैदा गर्न सक्छ । (गरार्ड, सन् २००४, पृ. १६२–१६३)

बढ्दो सहरीकरण र औद्योगिकीकरणका कारण पर्यावरण विनाश हुन पुग्दछ भने यसले वातावरण प्रदुषित बनाइ पर्यावरणको प्राकृतिक सौन्दर्यलाई कृत्रिम बनाउँछ । त्यसैले मानव समाजका हरेक गतिविधिमार्फत पर्यावरणीय चेतनालाई विस्तार गर्नुपर्छ ।

पर्यावरणीय चेतनामा मानव र प्रकृतिबिचको सम्बन्धलाई व्याख्या गरिन्छ । प्रकृतिमा भएका वस्तुहरूको उपयोग गरेर नै मानिसहरूको जीवनयापन चलेको हुन्छ । विश्वव्यापीकरण र पुँजीवादी सोच, चिन्तनले गर्दा पर्यावरणलाई नकारात्मक प्रभाव पर्दै गएको देखिन्छ ।

> मानवले प्रकृतिलाई आफ्नो दास मान्दै रूख, बिरुवा, जनावर, माछा र चरालगायतका प्राणीहरूको अस्तित्वलाई निषेधित गर्दै आफ्नो वर्चश्व कायम राख्न खोज्यो । फलस्वरूप वातावरणीय समस्या तथा सङ्कट र प्राकृतिक विपत्ति बढ्न थाल्यो । पुँजीवादी सोच र चिन्तनले एकअर्कालाई (मानिस होस् वा प्रकृति) शोषण गरी फाइदा मात्र हेर्ने प्रवृत्तिको विकास भयो । नित्सेको ईश्वर मृत्युको घोषणा पश्चात् वर्तमान समयमा विज्ञापन गरी जसले फाइदा कमाएर चर्चित हुन सक्यो उसले ईश्वरीय रूपको ग्रहण गरेको पाइन्छ । यस्तो गतिविधिका कारण मान्छेले वातावरणमाथि पूर्ण रूपमा आफ्नो अधिकार कायम राख्न तत्पर भयो । (उप्रेती, २०७८, पृ. ५९–६०)

आधुनिक जीवनशैली र पुँजीवादी समाजले मानव-मानव र मानव-प्रकृति बिचको सम्बन्ध बुझ्न नसक्ता पर्यावरणमा नकारात्मक असर पुगेको छ । यसलाई न्युनीकरण गर्न पर्यावरणीय चेतना अघि सरेको हो ।

पर्यावरणीय चेतनामा मूलतः प्राकृतिक संसारसँग मानवीय संसारको सम्बन्ध साहित्यिक कृतिमा कसरी व्यक्त गरिएको छ भन्ने कुराको अध्ययनमा जोड दिइन्छ । समाजमा जसको शक्ति बढी हुन्छ उसले नै अरूमाथि शासन चलाउने गर्दछ । त्यस्तै गरी शक्ति भएकाले नै प्राकृतिक स्रोत तथा साधनहरूलाई आफूअनुकूल प्रयोग गर्ने गर्दछन् ।

> प्राकृतिक संसारलाई उच्च वर्गीय पुँजीपतिहरूले एकलौटि रूपमा उपभोग गरी कृत्रिमतामा परिणत गर्ने शिलशिलामा प्राकृतिक स्वरूपको नष्ट हुँदै गएको पाइन्छ । विश्वको आर्थिक स्वरूप र बजारीकरणलाई उच्च वर्गले प्रभाव पार्छन् । यसले अर्थतन्त्रमा पारेको प्रभाव र त्यसका कारण जन्मिएको प्रदुषण तथा त्यस प्रदुषणले वर्गीय, जातीय, लिङ्गीय र क्षेत्रीय प्रभावको अध्ययन गर्दै कृतिमा व्यक्त त्यस्ता विभेदमा पर्यावरणीय समालोचनाले रूचि राख्छ । (भट्टराई, २०७०, पृ. ८२–८३)

पुँजीवादले पर्यावरणमा कसरी प्रभाव पारेको हुन्छ र त्यसले निम्न वर्ग तथा प्राकृतिक सम्पदालाई कसरी आफ्नो नियन्त्रणमा राख्न चाहन्छ भन्ने पक्षलाई पर्यावरणीय चिन्तनले आफ्नो अध्ययन क्षेत्र बनाउँछ ।

पृथ्वीको चेतनशील प्राणी नै मानव भएकोले पर्यावरण संरक्षण र यसमा सन्तुलन ल्याउन मान्छेकै भूमिका महत्त्वपूर्ण हुन्छ । पर्यावरणीय वस्तुहरूको उपभोगमा मात्र नभइ

त्यसको विस्तारका बारेमा चिन्तन गर्न थालियो भने पर्यावरण स्वतः सुन्दर बन्दै जान्छ। केट रिग्बीले प्रकृति र मानवको सम्बन्धलाई महत्त्व दिँदै प्रकृतिको संरक्षण र प्राकृतिक सन्तुलनका लागि मान्छेहरू भोगवादी वृत्तिबाट टाढा जानुपर्ने मान्यता व्यक्त गरेका छन् । "पर्यावरणीय चेतनाले मानवलाई गैर-मानव क्षेत्रबाट बाहिर निकाल्छ । प्रकृति र संस्कृति, भौतिक र प्राविधिक, पृथ्वी र कलाकृति, उपभोग र विनाशको अविभाज्यतालको अनुभूति प्राप्त गर्न आधुनिकताको गतिरोध र मानवतावादको अहंकार दुवैबाट पर जानुपर्छ। अनि मात्र पृथ्वीमा सबैले समान रूपमा बाँच्न सक्छन्" (रिग्बी, सन् २००७, पृ. १५१–१५२) । हरेक प्राणीको स्वतन्त्र जीवन अस्तित्वलाई पर्यावरणीय चेतनाले महत्त्व दिन्छ। जसका लागि मान्छेको भूमिका अग्रणी हुन्छ।

> पर्यावरणीय समालोचना साहित्यिक रचनामा निहित प्रकृतिसम्बद्ध दार्शनिक अन्तर्वस्तुलाई सम्बोधन गर्ने साहित्य अध्ययनमा देखिएको पाटो हो । यसले वातावरणीय पक्षहरूप्रति आमजनतामा सचेतता र परिवर्तन ल्याउने उत्प्रेरकको काम पनि गर्दछ। त्यसैले यो समाजको दिगो विकास, सांस्कृतिक उन्नयन, समृद्धि र स्वस्थता तथा त्यस्तो सभ्य समाजमा वातावरणप्रति अपनाइने रणनीति एवम् आचरणसित पनि जोडिन्छ। (एटम, २०७०, पृ. २०२)

पर्यावरणीय समालोचनाले आम मानिसहरूलाई पर्यावरण संरक्षणप्रति सचेत बनाउँछ भने दिगो विकासका अवधारणाहरूलाई पनि सक्रिय बनाउँछ।

बेलायतबाट औद्योगिक क्रान्तिको सुरुवात भएपश्चात् विश्वमा पुँजीवादी युग भित्रिएको पाइन्छ । जसले मान्छेलाई पुँजी नै सबैथोक हो भन्ने भ्रम पारेको छ भने पुँजी निर्माणका लागि मान्छेले पर्यावरणीय सम्पदाहरूको दोहन तिव्र रूपमा गर्न थालेको देखिन्छ। यसरी विश्वमा पुँजीवादको उदय भएपश्चात् त्यसले पर्यावरणमा निकै नै असर गरेको छ । "जैविक विविधताको विनाश, जल प्रदुषण, वायु प्रदुषण, सहरी फोहोरमैला, विषालु ग्याँसको उत्पादन, उद्योगधन्दाबाट निष्काशन हुने फोहोरमैला तथा त्यसको व्यवस्थापन, माटोको उर्वरता ह्रास एवम् विनाश, जमिनको मरुभूमीकरण, वनजङ्गलको विनाश, तापक्रम वृद्धि, ओजोन तहको विनाश लगायतका विभिन्न समस्याहरू देखापरेका छन्" (भट्टराई, २०७०, पृ. ६०) । पुँजीवादी साम्राज्यले विकसित गरेको यस्ता पर्यावरणीय समस्याहरू समाधान गर्न यिनै मुलुकहरूमार्फत विभिन्न पर्यावरणमैत्री कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको

पाइन्छ । मूलतः मार्क्सवादले पर्यावरण विनाशको कारकका रूपमा बजारीकरण र भूमण्डलीकरणलाई मानेको देखिन्छ ।

पर्यावरणमा परिवर्तन आउँदा जुन प्राणीले सोही अनुसारको प्रतिक्रिया देखाएर बाँच्न सक्छ, उसको मात्र अस्तित्व रहन्छ । चार्ल्स डार्विनले 'जातिहरूको उत्पत्ति' (द ओरिजिन अफ स्पेसिस) पुस्तकमा वनस्पति तथा जीवहरूले आफ्नो अस्तित्व सुरक्षित गर्नका लागि सङ्घर्ष गर्ने काम सबैभन्दा महत्त्वपूर्ण हुने बताएका छन् । "जुन जीव पर्यावरणअनुसार सङ्घर्ष गर्न सक्दैन त्यो लोप भएर जान्छ । यदि हामीले वनस्पति तथा जीवहरूलाई वृद्धि गर्न चाहन्छौं भने तिनीहरूलाई आफ्ना प्रतिस्पर्धामा केही सुविधाहरू दिनुपर्दछ । जसलाई पचाएर उनीहरूले आफ्नो अस्तित्व विस्तार गर्न सक्छन्" (सुनुवार र गिरी, २०७५, पृ. ८५–८६) । यस प्रसङ्गलाई यसकारण समावेश गरिएको छ कि पर्यावरणमाथि मानवीय हस्तक्षेप बढ्दै गएमा पर्यावरणमा असन्तुलित अवस्था उत्पन्न भई वनस्पति तथा जीवको अस्तित्व धरापमा पर्न सक्ने हुन्छ । त्यसकारण पर्यावरणमा सम्पूर्ण जीव तथा प्रजातिको समान हक लाग्ने भएकाले त्यसलाई पूर्णतया ध्यानमा राखेर पर्यावरणीय तत्त्वहरूको उपयोग र संरक्षण गर्नु आवश्यक छ ।

गहन पर्यावरणले पृथ्वीका सबै प्राणीहरूले पृथ्वीका स्रोत र साधनहरूको उपभोगमा समान हक लाग्ने र त्यसको संरक्षण गर्दै जानुपर्ने कुरालाई जोड दिन्छ । आर्ने नेइसले गहन पर्यावरणका व्याख्या गर्ने क्रममा मानवले पृथ्वीमाथि हस्तक्षेप नगरी आफ्नो आधारभूत आवश्यकता मात्र पूरा गर्न प्राकृतिक संसारको प्रयोग गर्नुपर्ने मान्यता राखेका छन् । गहन पर्यावरणले पृथ्वीमा मान्छेको अस्तित्वको महत्त्व जति छ, त्यति नै मात्रामा पृथ्वीमा रहेका अन्य प्राणीहरू र अजैविक तत्त्वहरूको महत्त्व छ, जसलाई मान्छेले बुझेर त्यसको संरक्षणमा पनि उत्तिकै सचेत हुनु पर्दछ । यसै क्रममा नेइस (सन् २००५) ले 'द डिप इकोलोजी मुभमेन्ट सम फिलोसफिकल एस्पेक्ट' शीर्षकको लेखमा मान्छे, जीव र वातावरणलाई समग्रतामा हेर्नुपर्ने मान्यता राख्दै गहन पर्यावरण सम्बन्धी आठओटा सिद्धान्त प्रस्तुत गरेका छन्, यसलाई यसप्रकार अभिव्यक्त गरिन्छ :

अ. पृथ्वीमा मानव र मानवेतर प्राणीहरूको आफ्नो छुट्टै अस्तित्व छ, जसलाई मानवहरूले आफ्नो नियन्त्रणमा नराखी तिनको अस्तित्वलाई स्वतन्त्र छोड्नुपर्छ ।

आ. जैविक विविधता र समृद्धिले तिनको वास्तविक मूल्य छ भन्ने बोध गराउँछ ।

इ. जीवन निर्वाहका लागि अत्यावश्यक आवश्यकताका वस्तु बाहेक यो विविधता र समृद्धिको नियन्त्रण गर्ने अधिकार मान्छेलाई छैन ।

ई. मानव जीवन र संस्कृतिमा हुने वृद्धि र जनसङ्ख्या ह्रासका बिच सम्बन्ध हुन्छ । त्यसैले मानवेतर जगत् फस्टाउनका लागि जनसङ्ख्यामा ह्रास आउनुपर्छ ।

उ. मानवेतर जगत्प्रति अहिलेको मानव समाजको हस्तक्षेप अत्यन्तै बढी छ र यो स्थिति अझै बढ्दै छ ।

ऊ. त्यसैले नीतिहरू परिवर्तन गर्नुपर्छ । नीति परिवर्तनले आधारभूत आर्थिक, प्राविधिक र वैचारिक संरचनाहरूलाई असर गर्छ । यसको परिणाम वर्तमान संसारलाई परिवर्तन गराउँछ ।

ऋ. वैचारिक परिवर्तनले जीवनको गुणस्तरको मूल्याङ्कन गर्दछ । विशेषगरी उच्च स्तरीय भन्दा सामान्य जीवन पद्धति अपनाउन सचेत गर्दछ ।

ए. उच्च तह तथा पदमा पुग्नेहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यवहारमा परिवर्तन गर्नुलाई आफ्नो दायित्व ठान्नु पर्छ । (पृ. ४)

उल्लिखित बुँदाहरूमा मानिसहरूले पृथ्वीमा आफ्नो अस्तित्वका बारेमा मात्र चिन्तन नगरी समग्र जैविक अजैविक तत्त्वहरूको बारेमा सोच्नुपर्ने कुरालाई अगाडि सारिएको छ । पर्यावरणीय चेतनाले मानिसहरूलाई पर्यावरणमैत्री हुन प्रेरित गर्दछ भने मान्छेका कस्ता क्रियाकलापले पर्यावरणलाई असर पुऱ्याइरहेको भन्ने कुराबारे पनि सचेत गराउँछ । पर्यावरणीय समालोचनामा पर्यावरणसँग जोडिएका नीति, सिद्धान्त तथा पर्यावरणीय सङ्कट, वर्तमान वातावरणीय वस्तुस्थितिका बारेमा सिर्जना गरिएका साहित्यको विश्लेषण गर्दै पर्यावरणसम्बन्धी चेतना विस्तार गर्ने काम गरिन्छ ।

पृथ्वीमा रहेका प्राणीहरू मध्येकै चेतनशील र सिर्जनशील प्राणी मान्छेले पर्यावरणमा विभिन्न नवीनतम क्रियाकलाप गर्ने क्रममा पर्यावरणमाथि असर पुऱ्याइरहेका हुन्छन् । जसरी पृथ्वीमा रहेका विविध वस्तुहरूको उपयोग गर्ने अधिकार मान्छेमा छ त्यस्तै गरी पृथ्वीमा रहेका अन्य जैविक प्राणी तथा अजैविक वस्तुहरूको पनि दीर्घ जीवन तथा लामो समयसम्म अस्तित्वमा रहिरहने अधिकार छ । त्यसलाई मान्छेले वेवास्ता गर्दै गइरहेका छन्, फलस्वरूप पर्यावरणमा नकारात्मक असरहरू देखा परेका छन् । अतिवृष्टि, अनावृष्टि, हावा, पानीमा प्रदुषण, ओजनतह विनाश, पशुपङ्क्षी लोप हुँदै जानु, विभिन्न किसिमका रोग फैलनु, प्राकृतिक

सम्पदाको दोहन, जसबाट बाढी, पहिराको जोखिम बढ्नु लगायत थुप्रै असर पर्यावरणमा देखा परेका छन् । यसलाई न्युनीकरण गर्न पर्यावरणीय चेतनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । पर्यावरणीय पक्षहरू समेटेर सिर्जना गरिएका साहित्यिक कृतिहरूमा पर्यावरण सम्बद्ध मुद्दाहरू उठाइएको हुन्छ । यस्ता कृतिमा आधारित भएर लेखिने समालोचनामा पर्यावरणमैत्री विचारहरू सम्प्रेषण गरिएको हुन्छ । जसबाट पर्यावरणयि चेतना विस्तार हुन्छ ।

## २.३ मानवनिर्मित पर्यावरणीय चेतना विश्लेषणको आधार

मानव निर्मित पर्यावरण भन्नाले मानिसहरूले आफ्ना आवश्यकताहरू पूरा गर्नका लागि निर्माण गरेका भौतिक संरचनाहरू, व्यवस्थाहरू र साधनहरू भन्ने बुझिन्छ । यसले मानिसहरूको जीवनस्तर सुधार्न र सामाजिक, आर्थिक तथा सांस्कृतिक गतिविधिहरूलाई सजिलो बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसअन्तर्गत भवन, सडक, पुल, नहर, पार्क, औद्योगिक क्षेत्र, बाँध र अन्य विकासका पूर्वाधारहरू पर्दछन् । मानव निर्मित भौतिक संरचनाहरूले मानव जीवनको गुणस्तर सुधार्न, स्वास्थ्य सुरक्षा सुधार ल्याउन र सामाजिक, आर्थिक गतिविधिहरूलाई सघाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । यसका साथै यसले प्राकृतिक पर्यावरणलाई पनि असर पुऱ्याउँन सक्छ । जस्तैः कृषियोग्य जमिनको विनाश, प्रदुषण, प्राकृतिक संसाधनहरूको दोहन आदि । तसर्थ दिगो विकासको अवधारणामा वातावरणीय सन्तुलन र मानव निर्मित पूर्वाधारको समुचित विकासलाई जोड दिइन्छ ।

पर्यावरणीय चेतना विश्लेषणका विविध आधार पाइन्छन् । त्यसमध्ये नेइस (सन् २००५), ग्लोटफेल्टी (सन्.१९९६), ब्यारी (सन् २०१०), एटम (२०७६), त्रिपाठी (२०७९) गरार्ड (सन् २००४), गौतम (२०६४), लगायतलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । यसरी आधार चयनका गहन पर्यावरणसम्बद्ध विश्लेषणका कोणलाई *हंस* उपन्यासमा प्रयोग गरी त्यहाँ प्रयुक्त मानव निर्मित पर्यावरणका विषयहरूलाई विश्लेषण गर्ने कार्य यस शोधपत्रमा गरिएको छ । त्यसका लागि मानव निर्मित पर्यावरणीय चेतनासम्बद्ध विभिन्न आधारहरू निर्धारण गरिएको छ । जसअन्तर्गत सहरीकरण, पितृ सत्ता, उपभोक्तावादी संस्कृति, भूमण्डलीकरण, आदर्श सत्ता र आदिम वृत्ति आदि पर्दछन् ।

### (अ) सहरीकरण

आधुनिकीकरण सँगसँगै सहरीकरण पनि दिनानुदिन बढ्दै गएको देखिन्छ। जनसङ्ख्या ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतर्फ स्थानान्तरण हुनु र सहरी क्षेत्रको विस्तार हुनु नै सहरीकरण हो । यो प्रक्रिया सहरी जनसङ्ख्या, पूर्वाधार तथा आर्थिक क्रियाकलाप वृद्धिसँग सम्बन्धित छ। सहरीकरणका कारण सहरहरूमा आर्थिक विकास, रोजगारीका अवसर, स्वास्थ्य सेवाहरू, शिक्षा र जीवनस्तरको सुधार तथा सुविधाहरू उपलब्ध हुने गर्दछन्। यसले पर्यावरणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा असर पुऱ्याइरहेको हुन्छ। सहरीकरणले पर्यावरणको प्राकृतिक स्वरूपलाई परिवर्तन गरी कृत्रिमतामय बनाउँछ । यसले वायुप्रदुषण, जल प्रदुषण, ध्वनि प्रदुषण, वन विनाश, जलवायु परिवर्तन, माटो प्रदुषण जस्ता असरहरू निम्त्याउन पुग्छ।

मान्छेमा मौलाउँदै गएको उपभोक्तावादी संस्कृति र विलासितायुक्त जीवनशैलीले मान्छे कृतिमतातर्फ अग्रसर हुँदै गएको छ । सहर बजार बढ्दै जाँदा पुँजीवादी संस्कृतिको हाबी भएको छ भने त्यसको नकारात्मक असर वातावरणमा पर्न गएको छ। वातावरणलाई प्रकृतिमय हरावरा बनाउँनुको सट्टा कृत्रिम बनाइ त्यहाँका सम्पदाहरूको विनाश गर्दै मानव वस्ती विस्तार गर्ने कार्य दिनानुदिन बढ्दै छ। त्यसैगरी "समाज शक्तिशालीहरूको पेवा बन्दै गएको छ भने पर्यावरण र संस्कृतिप्रति तिनीहरूकै आधिपत्य रहेको छ । यसरी देशका प्राकृतिक स्रोत र साधनमा पनि राजनीतिक शक्तिको दुरूपयोग गर्नेहरूकै बोलवाला रहेको छ । सहरीकरणले मान्छेभित्रको मनुष्यत्व समाप्त हुँदै गएको छ" (त्रिपाठी २०७९, पृ. २९२)। मानिसहरू आफ्नो स्वार्थमा सीमित हुँदै गएका छन् भने आफ्नो सुख सुविधा प्राप्त गर्ने धुनमा पर्यावरणीय सन्तुलनमा र पर्यावरणमा भएका अन्य वस्तु तथा प्राणीमा कस्तो असर परेको छ भन्नेमा बेमतलबी हुँदै गएका छन्। यसरी सहरीकरण बढ्दै गएसँगै सहरका मानिस पनि स्वार्थी एवम् कृत्रिम बन्दै गएको पाइन्छ।

सहरीकरणका कारण प्राकृतिक सम्पदाहरूको दोहन बढ्दै गएको देखिन्छ भने पशुपङ्क्षीहरूको बासस्थानलाई पनि यसले असर गरेको पाइन्छ । उपभोक्तावादी सोच र चिन्तनले गर्दा शासकहरूबाटै पर्यावरणमैत्री विकास योजना प्रभावकारी रूपमा कार्यान्वयन नभएको अवस्था छ । "राज्य सञ्चालनका लागि राजनीति गर्नेहरूले आफ्नो स्वार्थका लागि प्रकृतिका स्रोत तथा साधनहरूको विनाश गर्दैछन्। वन विनाश गर्दै बस्ती बसाउने, उन्नत भूमि मास्तै सहर फैलाउने, नदीलाई, वायुमण्डललाई प्रदुषित गराउने" (भट्टराई, २०७१,

पृ. २००) लगायतका क्रियाकलाप बढ्दै गएको देखिन्छ । यसले पारिस्थितिक प्रणालीमा असन्तुलन पैदा गर्छ भने प्राकृतिक स्रोत र साधन घट्दै जाँदा मानवीय अस्तित्व पनि खतरामा पर्ने अवस्था आउँछ । त्यसैले पर्यावरणमैत्री सहरीकरणको विकासमा विशेष जोड दिनुपर्छ ।

### (आ) पितृसत्ता

पितृसत्ताले पुरुषहरूलाई शक्तिशाली र प्रभावशाली स्थानमा राख्दछ भने महिलाहरूलाई दोस्रो दर्जाका रूपमा मान्दछ । यस्तो पितृसत्तात्मक संरचनाहरूले समाजमा लैङ्गिक असमानता र भेदभावलाई कायम राख्छन् । नारीलाई प्रकृतिको उपमा दिइन्छ र नारीमाथिको दबाब, शोषणलाई वातावरण र प्रकृतिमाथिको शोषणका रूपमा हेरिन्छ ।

नारीलाई प्रकृति र पुरुषलाई प्रकृतिको प्रयोग गर्ने भोक्ताका रूपमा पितृसत्ताले हेर्ने गरेको पाइन्छ । यस आधारमा हेर्दा प्राकृतिक स्रोत कमजोर भएमा मानव जगत् गतिशील नहुने हुँदा पुरुषले पनि नारीको सम्मान गर्दै उसलाई अवसर दिएर आफैं सरह अगाडि बढाउनुपर्छ ।

> पश्चिमेली महिलावादी लेखिका सेरी आर्टनरले इज फिमेल टु मेल याज नेचर इज टु कल्चर ? (के नारी भन्नु पुरुष भएझैं संस्कृति भन्नु प्रकृति हो ?) शीर्षकको निबन्धमा पुरुषलाई पहिलो र नारीलाई सँधैं द्वितीयक स्थानमा राखिने गरेकोबारे प्रश्न गरेकी छन् । नारी प्रकृतिको निकट छे । पितृसत्ताले धेरै समय अघिदेखि प्रकृतिलाई वशमा लिएको र प्रकृतिमाथि आफ्नो प्रभुत्व कायम गरेझैं नारीमाथि पनि प्रभुत्व कायम राख्न खोजिरहेको छ । (भट्टराई, २०७१, पृ. २०९)

नारीमाथि दमन गर्नु भनेको प्रकृतिमाथि दमन, अतिक्रमण गर्नु हो भन्ने उनको मान्यता रहेको छ । नारी र पुरुषलाई समानताको नजरले हेर्नुपर्छ र नारी संरक्षण भए मात्र प्रकृति पर्यावरणको संरक्षण हुन पुग्छ ।

नारीहरू घर-परिवारको इज्जत भएको र उसले आफ्नो स्वतन्त्रताभन्दा पनि घरपरिवारको इच्छा र समाजको दृष्टिकोणलाई मध्यनजर गरेर मात्र काम-काज गर्नुपर्छ भन्ने सोच पितृसत्ताले विकास गरिदिएको छ । जसका कारण त्यसलाई बचाउन र समाजले नराम्रो ठान्छ कि भन्ने डरले पनि नारीहरूले आफ्ना दक्षता उपयोग गर्न नपाएको हो कि भन्ने अनुमान

गर्न सकिन्छ । "नारीलाई राष्ट्रिय र परिवारिक संस्कृतिको परिचायक मानिने भएको हुनाले उसको 'चरित्र' डगमगाएमा राष्ट्रिय नैतिकता तथा सांस्कृतिक मान्यताहरू नै धरमराउन जाला कि भन्ने चिन्ताले गर्दा यी 'चरित्रहीन चेली' हरूप्रति पुरुषप्रधान समाज आक्रामक हुन थाल्छ" (उप्रेती २०७८, पृ. १९१) । नारीहरूलाई समाजमा पुरुषसरह भएर काम कर्तव्य पूरा गर्न पुरुषवादी समाजले नै रोकेको छ । पुरुषहरू घरबाहिरको कार्यभार सम्हाल्ने र नारीहरूले घरभित्रको मात्र कार्यभार सम्हाल्नुपर्ने सोचले दुईबिच समानता कायम हुन सकेको छैन । यसरी निर्माण भएको मानव निर्मित पर्यावरणले नारी पुरुषबिचको समानताको नारालाई यथार्थमा पूरा हुन बाधा उत्पन्न गराइरहेको छ ।

पुरुषहरूलाई अलि कठोर स्वभाव भएको मानिन्छ भने नारीमा कोमलता बढी हाबी भएको हुन्छ । जसकारण उसका व्यवहारमा पनि कोमलपन देखिन्छ र सन्ताहरू पनि आमाप्रति निकट हुने गरेको पाइन्छ ।

> नारीहरू विशेष गरी प्रकृतिसँग निकट हुने गर्दछन् । त्यस्तै आहारा र सन्तानसँग पनि उनीहरू नजिक हुने गर्दछन् । त्यसकारण पर्यावरण नाश हुँदा उनीहरू बढी प्रभावित हुन पुग्छन् । नारीलाई पनि प्रकृतिलाई झैँ विनाशको सङ्घारमा पुऱ्याएर नाजुक अवस्थामा छोड्न नहुने र दुवैमा शक्ति र सामर्थ्य भरी नवीन चेतना दिनुपर्ने कुरा पर्यावरणीय नारीवादले उठाएको छ । (भट्टराई, २०७१, पृ. २०९)

पितृसत्ताले नारीलाई सौन्दर्यको रूपमा मात्र नहेरी उनीहरूमा पनि बौद्धिक क्षमता, प्राज्ञिक चेतना जस्ता कुरा पुरुषसरह हुने गर्दछ, तर यसलाई पितृसत्ताले दबाएर नभइ अवसर दिएर फक्राउनतिर लाग्नुपर्छ ।

### (इ) उपभोक्तावादी संस्कृति

औद्योगिक क्रान्ति भएपश्चात् उत्पादन बढ्न थालेपछि यसले उपभोक्तासँगै उपभोक्तावादी संस्कृतिलाई पनि विकास गराएको पाइन्छ । यसबाट रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक वृद्धिदर पनि बढ्न पुगेको छ भने परम्परागत मूल्य र जीवनशैलीलाई विस्थापित गर्दै त्यसमा नवीनताको खोजी गर्ने प्रवृत्ति बढाएको छ । वातावरणमा भएका प्राकृतिक स्रोत साधनको अत्यधिक उपभोगका कारण तिनको दोहन, प्रदूषण, सामाजिक असन्तुष्टि, मानसिक तनाव र वातावरणीय सङ्कट उत्पन्न गराएको

देखिन्छ । प्राकृतिक स्रोत र साधनलाई तिनको उपलब्धताको स्थिति हेरेर मात्र उपभोग गर्नु राम्रो हुन्छ तर उपभोक्तावादी संस्कृतिले त्यसलाई वेवास्ता गरी आफ्नो लाभ र फाइदाका लागि मात्र उपभोग गर्ने हुँदा यसबाट पर्यावरणमा अत्यन्तै नकारात्मक असर पुग्छ ।

वर्तमान आधुनिक युगको विकाससँगै मान्छेहरू कृत्रिम बन्दै गएका छन् भने आफू मात्र बाँच्न पाउँ भन्ने स्वार्थको भावना पनि विकास हुँदै गएको छ, फलस्वरूप वातावरणीय तत्त्वहरूको ज्यादा उपभोग गर्न पुगी त्यस्ता वस्तुहरूको सङ्कट हुने स्थिति आउन सक्छ ।

> उपभोक्तावादी संस्कृति आधुनिकता र सहरीकरणबाट प्रभावित भएर दूरदर्शिता, संयमता, सन्तुलन जस्ता पक्षबाट टाढा रहेर तात्कालिक आवश्यकता पूर्ति गर्न र भोक विलासमा रमाउन केन्द्रित हुन्छ । आधुनिकताको विकास सँगसँगै उपभोक्तवादी संस्कृति मौलाउदै गएको पाइन्छ । जति जति पुँजीवादी/प्राविधिक आधुनिकताको विकास हुँदै गयो, त्यति नै राजनीतिदेखि आर्थिक र सांस्कृतिक क्षेत्रसम्ममा मध्यमवर्गको हस्तक्षेप बढ्न थाल्यो । (उप्रेती, २०७८, पृ. ५१)

आधुनिकताले मान्छेलाई क्षणिकतामा रम्ने बनाएको छ भने आफ्नो मात्र अस्तित्व स्वीकार गरेर बाँच्ने स्वार्थी बनाएको छ । प्रकृतिमा मान्छे बाहेक अन्य प्राणीहरूको पनि अस्तित्व भएकोबारे मान्छे अनविज्ञ बन्दै गएको छ भने उसमा अरूको प्रवाह नगरी आफू मात्र सफल हुन सकुँ भन्ने भावना विकास हुँदै गएको देखिन्छ ।

पर्यावरणमा भएका वस्तुहरूको उपयोग र संरक्षणबारे मानव समाज नै सचेत हुनुपर्दछ । प्राकृतिक सम्पदाको उपभोग पश्चात् त्यसको पुनःउत्पादनलाई पनि त्यत्तिकै महत्त्व दिनु आवश्यक छ । यस्ता कुराहरूलाई नेपाली साहित्यले पनि उठाएका छन् । "प्राकृतिक स्रोत र साधनहरूको अत्यधिक प्रयोग गरेर पर्यावरणलाई असन्तुलित गराउन नहुने पक्षलाई पर्यावरणीय साहित्यले खबरदारी गर्दछ । रित्तिने गरी माछा मार्न, जङ्गलका माछा मारेर सिध्याउनु, पशुप्राणीको सिकार गर्नु, खानी खन्दै पहिरो लडाउनु, जङ्गललाई साफ गर्नु लगायतका विषय गम्भीर चिन्तनका विषय हुन्" (भट्टराई, २०७१, पृ. २०२) । पृथ्वीमा मान्छेको मात्र नभएर अन्य पशुपङ्छी, प्राणीको पनि उत्तिकै बाँच्ने अधिकार छ भन्ने कुरालाई पर्यावरणवादले गम्भीर रूपमा हेर्ने गर्दछ । उपभोग मात्र गर्दा प्राकृतिक भण्डार रित्तिने

सम्भावना हुँदा र पर्यावरणमा असन्तुलन पैदा हुने हुँदा त्यसतर्फ सचेत भएर मात्र त्यस्ता स्रोत र साधनहरूको उपयोग गर्नु उचित हुन्छ ।

### (ई) भूमण्डलीकरण

विश्वभरिका देशहरू, जनसमुदाय र अर्थतन्त्र लगायतका विभिन्न पक्षहरू बिचको अन्तरसम्बन्ध र अन्तर्निभरता बढ्दै जानु नै भूमण्डलीकरण हो । भूमण्डलीकरणले विश्वसमाजलाई नै एक बनाएको देखिन्छ । यसलाई विभिन्न किसिमले अर्थ्याइएको पाइन्छ, जुन यसप्रकार छन् :

> अङ्ग्रेजीको 'ग्लोबलाइजेसन' शब्द नेपालीमा 'भूमण्डलीकरण' मा रूपान्तरण भएको हो । यसले सम्पूर्ण भूगोल, भूतल तथा भूसतहलाई बुझाउँछ । भूमण्डलीकरण विश्वलाई समग्रमा हेर्ने अवधारणा हो । विश्वसमाजलाई मान्छेले टुक्रा टुक्रा गरेर पनि हेर्न सक्छ भने समग्रताका दृष्टिले पनि हेर्न सक्छ । विज्ञान तथा प्रविधिको युगले स्थान तथा कालको दूरी घटेर पृथ्वीमा निकटता बढ्दै गएको पाइन्छ । भूमण्डलीकरणले भौगोलिक सीमा भन्दा बाहिर व्यापार, संस्कृति, प्रविधि र जानकारीको आदानप्रदानलाई सहज बनाउँछ । (गौतम, २०६४, पृ. ६६)

भूमण्डलीकरणको प्रमुख पक्षहरूमा आर्थिक एकीकरण, सांस्कृतिक आदानप्रदान, प्रविधिको संसार र राजनीतिक सहयोग समावेश छन् । नेपालमा भूमण्डलीकरणको प्रभाव विभिन्न क्षेत्रहरूमा देखिन्छ । आर्थिक रूपमा नेपालले अन्तर्राष्ट्रिय व्यापार र लगानीको माध्यमबाट लाभ उठाएको छ । आधुनिक औधोगिक युगको विकाससँगै यातायात तथा सञ्चार प्रविधिको विकासले भूमण्डलीकरणलाई बढावा दिएको देखिन्छ । सांस्कृतिक रूपमा विभिन्न देशहरूको संस्कृति भाषा र रीतिरिवाजहरू नेपालमा समाहित भएका छन् । पर्यटन प्रवर्धन तथा रोजगारीका शिलशिलामा विश्वका जुनसुकै कुनामा पनि सहज रूपले पुग्न सकिने स्थिति पैदा भएको छ । कुनै एक देशमा एउटा कृति प्रकाशित भयो भने त्यो इन्टरनेट, टेलिभिजन र खबरपत्रिका मार्फत विश्वभर पुगिसक्छ । त्यस्तै प्रविधिको क्षेत्रमा भएका नयाँ आविष्कारले पनि देशका सीमाहरूलाई लगातार नाघिरहेकै छन् ।

मानिसहरू काम, माम, शिक्षा र विभिन्न अवसरहरूको खोजीमा अन्य राष्ट्रहरूमा जाने गर्दछन् । त्यस्तै नेपालीहरू पनि त्यस्ता अनेकौं अभावहरू पूर्ति गर्न र नयाँ नयाँ

> अवसरहरूको खोजीमा युरोप तथा अमेरिका सर्ने गरेका छन् भने कतिपय मलेसिया, खाडी प्रदेशतिर जाने गरेका छन् । अप्पादुराइको विचारअनुसार विचार, विम्ब,मानिस, प्रविधि, पैसा र वस्तुहरूका यी विश्वव्यापी प्रवाहले सांस्कृतिक र भौगोलिक सीमाहरू नाघ्दै सारा संसारलाई एउटा सिङ्गो भु-मण्डलीकृत शहरमा परिवर्तित गरिरहेछन् । (उप्रेती, २०७८, पृ. १६९)

यसरी भूमण्डलीकरणका कारण सामाजिक सांस्कृतिक सीमाहरू विचलित हुन पुगेका छन् भने वर्तमान संसार, विचार विम्ब, मानिस, वस्तु, प्रविधि लगायतका पक्षलाई पनि यसले प्रभावित पारेकै छ ।

शक्तिशाली राष्ट्रहरूको सामाजिक तथा सांस्कृतिक रहनसहन पनि अन्य साना राष्ट्रहरूले पिच्छा गर्ने गरेको पाइन्छ । यसले गर्दा शक्तिशाली राज्यको शक्ति झन् तिव्र गतिमा बढ्दै गएको देखिन्छ भने कमजोर राष्ट्रहरू तिनकै क्रियाकलापको अनुसरणका सीमित भएका छन् । भूमण्डलीकरणका प्रभावकै कारण बलिया राज्यहरू प्रकृतिलाई आफ्नै वशमा लिएर काम गर्ने जमर्कोमा जुटेको पनि देखिन्छ । आणविक हतियारहरूको आविष्कारले विश्वलाई नियन्त्रण गर्ने सामर्थ्य बढाउँदै गएको छ ।

> भूमण्डलीकरण निश्चय नै भौगोलिक अवरोधलाई छिचोल्दै अघि बढेको प्रक्रिया हो । यो झण्डै जनताको बढिरहेको चेतना, त्यसअनुरूपको क्रियाकलाप एवं विश्वव्यापी रूपमा आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक व्यवस्थापन पनि हो । ...भूमण्डलीकरणको प्रक्रियामा साना र कमजोर राष्ट्रहरू परिधिमा मात्र रहँदै आएका छैनन्, गम्भीर उत्पीडनको सिकार पनि भएका छन् । उनीहरूलाई आफ्ना राष्ट्रिय सरोकार एवं हितहरूका विरुद्ध कयौँ कार्यहरू गर्न बाध्य पारिएको छ । भूमण्डलीकरणको प्रक्रियामा उनीहरूलाई लाभ कम र हानी बढी भएको छ । (गिरी २०७२, पृ. ७३–७४)

भूमण्डलीकरणका कारण कमजोर देशहरूमाथि शक्तिशाली देशहरूले आफ्नो वर्चश्व प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कायम राखिरहेका हुन्छन् । उनीहरूसँग ज्यादा शक्ति हुने हुँदा प्रकृतिलाई पनि आफ्नो कब्जामा लिन खोज्छन्, त्यसको नकारात्मक असर प्रकृतिको सन्तुलन तथा पारिस्थितिक प्रणालीमा पुग्ने सम्भावना रहन्छ ।

### (उ) आदर्श सत्ता

आदर्श भन्नाले वास्तविकता भन्दा अलि टाढा काल्पनिक विम्ब तथा विचार भन्ने बुझिन्छ । अनुकरण गर्न योग्य गुण, चरित्र, तथा, विचार, जसलाई उत्तम भनेर स्वीकारिएको हुन्छ त्यो नै आदर्श सत्ता हो । आदर्श सत्तालाई व्याख्या गर्ने सैद्धान्तिक अवधारणा आदर्शवाद हो भने आदर्शवादकै मान्यता अनुरूप कृतिमा आदर्श सत्ताका सूचकहरूलाई खोजी गर्ने गरिन्छ ।

> सामाजिक रूपमा स्वीकार गरेर 'यस्तो हुनुपर्छ' भन्ने चिन्तन राख्दै विकसित सत्ता नै आदर्श सत्ता हो । 'आदर्श' लाई यथार्थका विपरित कल्पना वा विचारमा मात्र आश्रित तत्त्वका रूपमा पनि लिइन्छ । यस दृष्टिबाट हेर्दा जेजस्तो छ त्यो 'यथार्थ' हो भने जेजस्तो हुन सक्छ वा जेजस्तो हुनुपर्छ त्यो चाहिँ 'आदर्श' हो र त्यही 'आदर्श' लाई अधिगत गर्न चाहने सिद्धान्त नै 'आदर्शवाद' हो । (जोशी, २०६६, पृ. २७)

यस प्रकृतिको आदर्शवादलाई अवलम्बन गरी त्यसको मूलभूत मान्यताअनुरूप क्रियाकलाप गर्ने सत्ता नै आदर्श सत्ता हो । समाजमा विद्यमान ईश्वरीय सत्ता, यसको विम्ब, त्यसमा आधारित भई विकसित भएका व्यक्तिगत तथा संस्थागत व्यवहारले आदर्श सत्तालाई बुझाउँछ ।

नैतिक उदात्तता, आध्यात्मिक र सौन्दर्यमूलक मानदण्डलाई स्वीकार गरी सामाजिक तथा वैयक्तिक जीवनलाई त्यसैअनुरुप अनुकूलित गर्न आदर्श सत्ता तत्पर हुन्छ । यसले नैतिकतालाई बढी जोड दिने हुँदा यथार्थताबारे मौन हुन्छ । "नीतिवादी साहित्यले धार्मिकतालाई विशेष जोड दिने हुँदा वैज्ञानिकताको वेवास्ता गर्छ । यसले वैज्ञानिकतातर्फबाट आँखा चिम्ली कृतिमा प्रायः धार्मिक नैतिकताको उच्च मूल्याङ्कन गर्छ" (शर्मा र लुइटेल, २०७६, पृ. १२२) । मानिसहरूले अदृश्य शक्तिलाई विशेष महत्त्व दिने हुँदा यथार्थ र वास्तविकताका पक्षहरू पछाडि पर्छन् । जसले लोकजीवनका विविध विश्वासलाई बढावा दिन पुग्छ तर कुनैपनि स्रष्टाको चेतना निर्माणमा उसले बाँचेको दिककालको प्रत्यक्ष प्रभाव जैविक प्रणालीमा ग्रहण गरेको हुन्छ । कुनै एउटा स्वरूपलाई मात्र आदर्श मानि अन्य रूपहरूलाई वेवास्ता गर्दा त्यसका नकारात्मक पक्षहरू ओझेलमा पर्न पुग्छन् । जसले यथार्थतालाई गुमनाम बनाइदिन्छ । त्यसैले

आदर्शवादले कृतिमा व्यक्त भएका त्यस्ता आदर्श सत्ता र त्यसले निर्माण गरेको सङ्कथनका बारेमा व्याख्या विश्लेषण गर्ने कार्य गर्दछ ।

**(ऊ) आदिम वृत्ति**

आदिम वृत्ति भनेको प्राकृतिक रूपले जीवमा रहने स्वभाव तथा गुण हो । यस्तो वृत्ति मानव र अन्य प्राणीहरूको जीवनको आधारभूत आवश्यकताहरू पूरा गर्नका लागि विकास भएको हुन्छ । आदिम वृत्ति जैविक रूपमा हाम्रो अस्तित्वमा रहेका हुन्छन् भने अवचेतन स्तरमा क्रियाशील पनि हुन्छन् । वंशाणुगत गुणका रूपमा आदिम वृत्तिहरू पुस्तान्तरण भइरहेका हुन्छन् । बाबुको स्वभाव तथा प्रवृत्ति छोरा नातिमा पनि देखिने हुन्छ ।

> आदिमतापरक चिन्तनको प्रारम्भ उन्नाईसौँ शताब्दीको अन्त्यपछि बीसौँ शताब्दीमा भएको हो । यसै चिन्तनबाट प्रभावित भएर आदिमतापरक समालोचनाको स्थापना सन् १९३० का दशकमा भएको हो । मानवशास्त्रका संस्थापक फ्राजर तथा क्याम्ब्रिज विश्वविद्यालयका अन्य मानवशास्त्रीहरूको मिथ, धार्मिक विधिविधान तथा संस्कृतिसम्बन्धी विस्तृत अध्ययन र मनोविज्ञानका प्रवर्तक युङ्को गहन मनोविज्ञान तथा सामूहिक अचेतनसम्बन्धी चिन्तनमा यसको स्थापनाको पूर्वाङ्ग प्रस्तुत भएको देखिन्छ । (शर्मा र लुइटेल, २०७६, पृ. १९७)

यसैका आधारमा विस्तारै विभिन्न विद्वान्हरूमार्फत कृतिलाई आदिमतापरक ढङ्गले विश्लेषण गर्ने प्रारूपको विकास भएको पाइन्छ ।

आदिम वृत्ति हाम्रो मानसिक अवस्थाबाटै निसृत हुने गर्दछ । लामो समयदेखि समाजमा प्रचलित सामाजिक, सांस्कृतिक क्रियाकलापबारे हाम्रो मन, मस्तिष्कमा त्यस्ता आदिकमतापरक गतिविधि अचेतन रूपमा रहेका हुन्छन् । "आदिमतापरक समालोचनाप्रणाली सामान्यतः मनोविज्ञानपरक समालोचनाकै विस्तार वा विशिष्ट संस्करणजस्तो देखा पर्छ । कार्ल युङ्का सामूहिक अचेतन मनका मान्यताबाट प्रेरित यो प्रणाली साहित्यलाई जातीय आदिम विम्ब वा आदिम प्रकारकै साङ्केतिक वा प्रतीकात्मक अभिव्यञ्जना ठान्दछ" (त्रिपाठी २०६५, पृ. ११७९) । युङ्का मान्यताअनुसार मान्छेमा हुने सामूहिक अवचेतन मनमा पुराकथात्मक तथा जातीय, परम्परागत विम्बहरू विद्यमान हुन्छन्, जुन साहित्यमा व्यक्त भएको हुन्छ । त्यसलाई अध्ययन विश्लेषण गर्ने काम आदिमतापरक समालोचना प्रणालीले गर्दछ ।

वर्तमान आधुनिक जीवनशैली अपनाएर जीवन जिउँने मानिसहरूमा पनि आदिम मान्छेका प्रवृत्ति रहेको पाइन्छ । त्यस्ता वृतिहरू समावेश गरेर प्रशस्त मात्रामा साहित्य सिर्जना भएका छन् । "आदिमतापरक समालोचनाले 'पुराकथा' र आदिम आन्तरिक सत्यको प्रतीकात्मक कथन मात्र नगरी कुनै सांस्कृतिक पद्धतिमा अन्तर्निहित आदिमता वा सामान्यताका अध्ययनतर्फ पनि रूचि राखेको कुरा स्मरणीय छ" (त्रिपाठी, २०६५, पृ. १९३) । आदिमतापरकको अवधारणाबाट कृतिको अध्ययन गर्दा यसले आन्तरिक सौन्दर्यको मूल्यसँगै मानव मूल्यको पनि खोजी गर्ने गर्दछ । मानवीय संस्कार, आवेग तथा सामाजिक अतीतका विषयवस्तुको अध्ययन यस सिद्धान्तले गर्दछ । प्राचीन मानव र त्यसबाट विकसित वृत्ति तथा त्यसको वर्तमान प्रभावलाई पनि यसले आफ्नो अध्ययनको क्षेत्र बनाउँछ ।

मानवनिर्मित पर्यावरण मानिसहरूले आफ्नो आवश्यकता, सुख-सुविधा प्राप्त गर्नका लागि निर्माण गरेको भौतिक संरचना तथा व्यवस्थाहरू हो । यसले कतिपय अवस्थामा प्रकृतिलाई फाइदा पुऱ्याएको हुन्छ भने प्रकृतिको अत्यधिक दोहन गरी सङ्कटको स्थिति सिर्जना गरेको हुन्छ । भौतिक सुख, सुविधायुक्त सहरीकरणले पर्यावरणको प्राकृतिक गुणलाई कृत्रिम बनाउँदै लगेको छ । त्यस्तै पितृ सत्ताले प्रकृतिसमान नारीलाई आफूअनुकूल सञ्चालन हुने साधनका रूपमा लिँदा त्यसबाट मानवनिर्मित पर्यावरणमा नकारात्मक असर परेको छ । पुँजीवादी संस्कृति र आधुनिकताका कारण मानिसहरू आफ्नै स्वार्थमा लिप्त हुन जाँदा उपभोक्तवादी संस्कृति बढ्दै गएको छ । भूमण्डलीकरण, आदर्श सत्ता लगायत मानवीय आदिम वृत्तिका कारण पर्यावरणीय पक्षमा प्रभाव परेको देखिन्छ । पर्यावरणीय समालोचनामा यस्ता विविध पक्षबाट पर्यावरणमा पुग्ने क्षतिका बारेमा चेतना फैलाई पर्यावरण सन्तुलनमा जोड दिइन्छ ।

## २.४ उपन्यासको विश्लेषण

*हंस* उपन्यासमा प्रकृतिसम्बद्ध विषयवस्तुहरूको महत्त्वलाई समेटेर त्यस्ता प्राकृतिक सम्पदामाथि मानवीय क्रियाकलापले पुऱ्याएको असरका बारेमा गम्भीर चिन्ता व्यक्त गरिएको छ । म पात्र (प्रेम) आफ्नो पीडा भुलाउन र जार (अनुज) लाई छप्काउने कल्पना गर्दै टौदह पुगेको छ भने दर्के पानीबाट ओत लाग्न त्यहीँसँगैको खाजापसलमा बसेको छ । आफ्नो मनलाई सान्त्वना दिन र आफ्नी श्रीमती सीमासँग बसेको जारलाई छप्काउने लक्ष्य लिएर हिँडेको अनुज दर्के पानीका कारण त्यही खाजा पसलमा बस्न बाध्य भएको छ । यसैक्रममा पसले

आमैसँगै एक अधबैंसे र सेतै दाह्री भएका वृद्धसँग उसको भेट भएको छ भने आमैले उसलाई टौदहसँग सम्बन्धित विभिन्न कथा सुनाएकी छिन् । म पात्रको कथनमा अगि बढेको यस उपन्यासमा घरी आमैका कथा आएका छन् भने तन्द्रावस्थामा उसले सम्झेको आफ्नो विगतका कहानी र जारसँगको भेटका कथाले उपन्यासलाई पूर्णता दिएको छ। उपन्यासमा व्यक्त भएको हाँस, बकुल्ला, नाग लगायतका प्राणीहरूको कथामार्फत मानवीय अतिक्रमणका कारण उनीहरूमाथि पुगेको असरलाई प्रस्तुत गरिएको छ ।

मानवनिर्मित पर्यावरणका संरचना र अस्तित्वले मान्छे स्वयंलाई कस्तो मार्गतिर लैजाँदै छ ? मानव अस्तित्वमाथि खतराको सङ्केत देखिएका छन् वा छैन । उपन्यासकारले मानवनिर्मित संरचना वा पर्यावरण प्रस्तुत गरेर मानव स्वयंकै स्थितिप्रति कस्तो दृष्टिकोण उपन्यासका घटना तथा चरित्रमा प्रस्तुत गरेका छन्। यस्ता विभिन्न विषयहरूलाई मानवनिर्मत पर्यावरण सम्बद्ध विश्लेषण ढाँचाका आधारमा *हंस* उपन्यासको विश्लेषण यसप्रकार गरिन्छ :

### (अ) सहरीकरण

*हंस* उपन्यासमा मानवनिर्मित सहरीकरणका कारण पर्यावरणमा परेको प्रभावलाई व्यक्त गरिएको छ। आधुनिक जीवनशैली र भौतिक सुख सुविधायुक्त रहनसहनको आवश्यकता बढ्दै गएका कारण पछिल्लो समयमा मानिसहरू प्रकृतिको दोहन गर्नमा सक्रिय हुँदै गएका छन् । प्राकृतिक स्रोत र साधनको विनाश गर्दै कृत्रिम वस्तुहरूको सिर्जना गर्दा पर्यावरणको वास्तविक अस्तित्वलाई असर पुऱ्याउँछ। सहरीकरणले मानवीय सोच विचारलाई पनि कृत्रिम तथा संवेदनाहीन बनाउँदै लगेको पाइन्छ । सहरी समाजका मानिसहरूमा एकअर्काप्रतिको विश्वास, सम्मान, मानवता, सहयोगी भावना कमजोर हुँदै गएको देखिन्छ । यस्ता विविध विषयहरूलाई *हंस* उपन्यासले समेटेको छ। उपन्यासमा सहरी परिवेशले विकास गरेको सोच तथा चिन्तनलाई व्यक्त गर्नुका साथै सहरप्रतिको वितृष्णालाई पनि व्यक्त गरिएको छ।

> "टौदहका थुप्रै कथा हराए।", आमैले भनिन्, "केही पाकाहरूलाई मात्र थाहा छ। अनि टौदह पनि पहिला जस्तो कहाँ रह्यो र बाबै ! पहिले डिलबाट टलक्क हिमाल देखिन्थ्यो। सडकछेउ घर बन्न थालेछि पूरै छेकियो। दहको पानी सुक्दै गयो। पहिला सेता भुँडफोर चरा आउँथे । बट्टाई र चैते चरा आउँथे । अब खासै आउँदैनन्" (पृ. ३२) ।

माथिको अंशमा बढ्दो सहरीकरणले प्राकृतिक मनोरम हराउँदै गएको र पशुपङ्क्षीको आश्रयस्थललाई पनि असर गरेको यथार्थलाई व्यक्त गरिएको छ । टौदह क्षेत्रमा मानवीय अक्रिमणका कारण दहको पानी सुक्दै गएको छ भने विभिन्न किसिमका चराहरू यस क्षेत्रमा आउन छाडेर यहाँको सौन्दर्यलाई न्युन पारिरहेका छन् । मानिस एक त्यस्तो प्राणी हो, जसलाई आवश्यकता र इच्छा चाहना सदा असिमित हुन्छन् र असिमित नै रहिरहन्छन् । यसको मुख्य कारण मानिस असन्तुष्ट प्राणी हुनु हो । सबै वस्तुको आफूमात्र उपभोग गरौँ भन्ने भावनाले मानिसलाई लोभी बनाउँदै लगेको छ । उपन्यासमा टौदहको प्राकृतिक परिवेश मानवीय यस्तै असन्तुष्टि प्रवृत्तिले कृत्रिम बन्न पुगेको छ भने त्यहाँको प्राकृतिक स्वरूप पनि कृत्रिम बन्न पुगेको छ । भौतिक संरचनाको विकासले प्राकृतिक दृश्यहरू लोपोन्मुख भएका छन् भने पहिले भन्दा अहिलेको पर्यावरणीय सौन्दर्यमा ह्रास आएको देखिन्छ ।

> “पहिलेभन्दा पानी निकै घट्न थालेको छ । पोखरीवरिपरी सिमेन्टको बाटो बनाएपछि त झनै सुक्यो । टापुलाई समेत सिमेन्टको पर्खालले घेरिदिए । पहिले हाँस र चराहरू सजिलै टापुमा उक्लन्थे । अब उडेर मात्र पुग्न सक्छन् । हेर त विचराहरूलाई सास्ती” (पृ. ३३) ।

कृत्रिम सौन्दर्यको चिन्तनले प्राकृतिक सौन्दर्य कमजोर हुँदै गएर पर्यावरणमा असन्तुलित स्थिति पैदा हुने गर्दछ । प्राकृतिक ढुङ्गा माटोको सट्टा कृत्रिम सिमेन्टको प्रयोगले प्राकृतिक स्रोत र साधनहरूको विनाश हुँदै गएको पक्षलाई उपन्यासले गहन रूपमा प्रस्तुत गरेको छ । प्राकृतिक स्रोतहरूको विकास र संरक्षण हुनका लागि विकास कार्यमा पनि प्राकृतिक स्रोत-साधनकै प्रयोगलाई बढी प्राथमिकता दिनु पर्दछ । कृत्रिम वस्तुहरूको प्रयोगले प्रकृतिसँगको सम्बन्धलाई न्यून गर्छ र प्राकृतिक स्रोतहरू विनाश हुँदै जान्छन् । टौदहमा सिमेन्टको पर्खालले यो समस्यालाई बढाएको देखिन्छ भने प्रकृतिसँगको सम्बन्धलाई न्यून गराएका कारण त्यहाँको पानी सुक्दै गएको छ । “माटोले वर्षाको पानीलाई सजिलै सोस्ने भएको हुँदा धर्ती पुनर्भरण (रिचार्ज) हुन पाउँछ र पानीका स्रोतहरू बढ्छन् । तर, त्यहाँ वरपर सिमेन्टको बाटो र पर्खाल बनाएपछि माटो पुनर्भरण हुन नपाएर टौदहको पानी सुक्न थालेको, सडकछेउ बनेका घरहरूले हिमाल छेकिएको जस्ता प्रसङ्ग उल्लेख गर्दै प्रकृतिमा रमाएर बाँचिरहेका चराहरूले सास्ती भोग्नुपरेकोमा चिन्ता व्यक्त गरिएको छ” (खतिवडा, सन् २०२४, पृ. १३५-१४९) । आफ्नै स्वार्थका लागि गरिने क्रियाकलापले पर्यावरणका अन्य प्राणीलाई पुग्ने

नकारात्मक असरका बारेमा वर्तमान सभ्य मानिने मानवसमाजले चिन्तन गरेको छैन । अहिलेका मानिसहरूलाई आफ्नो सहजता र संरचनात्मक सुन्दरताले अन्धो बनाएको छ, तात्पर्य संरचनात्मक तहभित्रको मार्मिक भावात्मक पक्षलाई मानिसहरू वेवास्ता गर्दै आफ्नै संसारमा रम्न थालेको छन् । यसको असर मानिस बाहेक अन्य प्राणीलाई र प्राकृतिक स्रोत साधनमाथि परेको छ भने कतिपय अवस्थामा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा मानिसमा पनि पर्दै आएको देखिन्छ । टौदहमा सहज रूपले टापुमा उक्लेर रमाउँन सक्ने हाँस र चराहरू अहिले कठिनसँग उडेर मात्र पुग्न सक्छन् । यसरी प्रकृतिमाथि मानवीय अतिक्रमणका क्रियाकलापले पङ्क्षीहरूको दैनिकीमाथि पुगेको असरलाई उपन्यासमा व्यक्त गरिएको छ ।

उपन्यासमा सहरीपरिवेशप्रतिको वितृष्णालाई प्रस्तुत गरिएको छ । खासमा सहरी सभ्यता भौतिक सुख-सुविधा र भोगविलासका लागि मात्र बढी उपयुक्त हुन्छ । मानिसहरू आत्मिक सन्तुष्टि र मानसिक रूपमा स्वस्थ हुन प्राकृतिक परिवेश नै रोज्ने गर्दछन् । प्रेम, प्रणय तथा माया पिरतीका लागि मानिसहरू प्राकृतिक रमणीय क्षेत्रहरू खोज्ने गर्दछन् । यसले मानसिक तथा आत्मिक आनन्दका लागि सहरभन्दा ग्रामीण तथा प्राकृतिक सौन्दर्ययुक्त क्षेत्र उपयुक्त हुने भाव सम्प्रेषण गरेको छ । यस पक्षलाई उपन्यासमा प्रेम र अनुजको प्रथम भेट सहरभन्दा केही बाहिरको परिवेशमा भएकोले पुष्टि गरेको छ । "मैले "भेटौँ न त तर शहरमा होइन, भोलि साँझ टौदह पोखरीछेउमा" भनेर फोन राखिदिएँ" (पृ. ३३) । यसरी प्रेम र अनुजले प्राकृतिक रूपले सजिएको क्षेत्रमा भेट्ने योजना बनाउनुले प्रेममा सहरप्रतिको वितीष्णा भाव रहेको देखाउँछ । स्वभावतः मानिसहरूलाई कृत्रिमभन्दा बढी प्राकृतिक सौन्दर्यले आकर्षित गर्ने गर्दछ, जसलाई उपन्यासमा प्रकटीकरण गरिएको छ ।

उपन्यासमा सहरी परिवेशकै कारण सिर्जित मानवीय सोच, चिन्तन र योजना जस्ता पक्षलाई प्रस्तुत गरिएको छ । सूचना सञ्चार तथा विज्ञान प्रविधिले मानवीय सोच चिन्तनलाई छिट्टै प्रभावित बनाउने गर्दछ । उपन्यासमा यसलाई अनुजमार्फत व्यक्त गरिएको छ । "चाबेलमा भिडियो देखाउने ठाउँ खुलेका थिए । आमालाई फकाएर पैसा माग्दै म पनि बलिवुडका फिल्मी डाइलगमा रम्न थालेँ । हुँदा हुँदै आफैँ हिरो बन्ने सपना पलायो । घर छाडेर बम्बई जाने योजना बनाएँ" (पृ. ७९) । यसरी अनुजले बलिवुड फिल्म हेरेकै कारण हिरो बन्ने सपना बुनेर घर छोडेर भाग्ने योजना बनाइ भागेको छ । सहरीकरणको विकास र प्रविधीको विकाससँगै

मानवीय सोच पनि त्यसैअनुसार विकास हुने गर्दछ । फलस्वरूप त्यसले सकारात्मक र नकारात्मक जुनसुकै किसिमको प्रभाव पार्ने हुन्छ ।

उपन्यासमा सहरीकरणको प्रभाव पर्नु अगाडिको टौदह क्षेत्र र पछिको टौदह क्षेत्रको भिन्नताका बारेमा उल्लेख गरिएको छ । सुरुमा हरियालीले सुन्दर देखिएको टौदह क्षेत्र पछि व्यवसायिक घर कटेराहरूका कारण कृत्रिम बन्न पुगेको छ भने त्यहाँको स्वरूप पनि फेरिन पुगेको छ । "सीमा र म पहिलोचोटि टौदह आउँदा पोखरीवरिपरि र सिमसारछेउमा असारे हाँडीबेल र कटुसका रूखहरू मात्र थिए । पछि भने थुप्रै व्यवसायिक कटेराहरू बने" (पृ. ५९) । यसरी उपन्यासमा सहरीकरणले टौदहको सुरुको र पछिको स्वरूपमा आएको परिवर्तनलाई देखाइएको छ । प्राकृतिक स्रोत तथा साधनहरूको संरक्षण नगरी फडानी गरेर सहरीकरणको प्रवर्तन हुँदा टौदहको रूपमा बदलाब आएको छ । सीमा र प्रेम पहिलोपटक टौदह पुग्दा त्यहाँको प्राकृतिक सुन्दरतामा मस्त रमाएका थिए भने पछि त्यही क्षेत्र सहरी प्रभावका कारण व्यवसायिक घर कटेराहरूले भरिएका छन् । सुरुमा प्राकृतिक सौन्दर्यमा बसेर रमाउने प्रेम जोडीहरू पछि तिनै व्यवसायिक कटेराहरूमा बसेर एकअर्कामा हराइरहेका छन् । यसरी उपन्यासमा सहरीकरणको प्रभावलाई प्रस्तुत गरिएको छ ।

उपन्यासमा बुढो हाँसले मान्छेहरूलाई लुगाा लगाउनेहरू भनेर चिनाउँदै अन्य हाँसहरूलाई मान्छेले गरेको अतिक्रमणका बारेमा सुनाउँदै गर्दा त्यहाँ पनि सहरी प्रभावलाई प्रस्तुत गरिएको छ । एकअर्काका भावना र पीर मर्का बुझ्न नसक्ने मान्छेहरूले आफ्नै स्वार्थका लागि पोखरीलाई आफ्नो अनुकूल बनाएका छन् । "पहिले लुआ लाउनेहरू पनि उई खुट्टाले मात्र हिड्थे रे !", त्यही अघिको हाँस सिमसारमा उभिएर भन्दै थियो, "पछि तिनले उड्ने र गुड्ने घरहरू बनाए । लुआ लाउनेहरू फटाहा छन्, अरूलाई दुःख दिन्छन्" (पृ. १९३) आधुनिक समाज र विकासका पुर्वाधारसँगै भौतिक सुख, सुविधाका लागि बनेका सवारी साधनहरूले सहरीकरणलाई सङ्केत गरेका छन् । सुरूमा मान्छेको क्रियाकलाप पनि अन्य मानवेतर प्राणीकै जस्तो सरल भएता पनि समयक्रमअनुसार मान्छेका क्रियाकलापमा परिवर्तन आयो र उसले नयाँ आविष्कारका कार्यहरू गर्न थाल्यो तर यसले अन्य प्राणी र पर्यावरणमा केकस्तो असर पुऱ्याउँछ भन्ने कुरामा वेवास्ता गर्दा त्यसको नकारात्मक प्रभाव पनि त्यत्तिकै सक्रिय भएको पाइन्छ । उड्ने र गुड्ने घरहरूले मानिसलाई आवातजावतमा सहयोग गरेर सुविधा दिए पनि त्यसबाट हुने वातावरण प्रदुषणले पर्यावरण र यहाँका अन्य मानवेतर प्राणीलाई असर

पुऱ्याउँछ । त्यस्तै सवारी साधनमा प्रयोग गरिने इन्धन अनवीकरणीय प्राकृतिक ऊर्जाका स्रोतबाट प्राप्त हुने भएकोले पनि यस्ता स्रोतहरू कालान्तरमा अभाव हुने खतरा पनि उत्तिकै हुन्छ । त्यसकारण मानिसहरूले सुख सुविधाका लागि प्रयोग गर्ने साधनहरूको प्रयोगमा वैकल्पिकता अपनाउँन आवश्यक देखिन्छ भने सँगसँगै यसलाई पर्यावरणमैत्री बनाएर अन्य प्राणीहरू अनुकूल बनाउँन समेत उपन्यासमा आह्वान गरिएको छ ।

भौतिक सम्पन्नता र सहरीकरणको विस्तारका क्रममा मान्छेले प्रकृतिमाथि हक जमाइरहेको यथार्थलाई उपन्यासमा व्यक्त गरिएको छ । ढुङ्गे युगबाट सुरूवात भएको मानव बस्ती विकास हुँदै हुँदै आजको वैज्ञानिक युगसम्म आइपुग्दा मान्छेले अनेकौँ नवीन कुराहरूको विकास गरेको छ भने प्रकृतिलाई पनि त्यत्तिकै मात्रामा प्रयोग गरेको छ । प्रकृतिको प्रयोग गर्ने क्रममा त्यसको दीर्घकालिन प्रभाव र भावी सन्तत्तिहरूको आवश्यकतालाई ख्याल गर्न नसक्दा अहिले पर्यावरण विनाश बढ्दो छ । दीगो विकास र दीर्घकालिक परियोजना निर्माणमा ध्यान दिन नसक्दा प्राकृतिक स्रोतहरू नाश हुँदै गएका छन् । सुख, आनन्द तथा विलासिताको पछि लाग्दा मान्छेले प्राकृतिक स्रोत र सम्पदाहरूको संरक्षणलाई वेवास्ता गर्दै गएको पाइन्छ । यसरी मानिसहरू लोभी, स्वार्थी र विलासी जीवनप्रति ज्यादै आशक्त हुँदै गएको अवस्थालाई उपन्यासले व्यक्त गरेको छ । “पहिले यो ओखरी निकै फराकिलो थियो । छेउछाउमा ठुला अङ्गल पनि थियो । लुआ लाउनेहरू उख काट्दै गए, अङ्गल हराउँदै गयो । ओलानाला सुक्दै गए । लुआ लाउनेहरू जति लोभी हुँदै गए, दुःख बढ्दै गयो ।” (पृ. १९३) यहाँ मानिसहरूले प्रकृतिमाथि गरेको अतिक्रमणलाई प्रस्तुत गरिएको छ । हाँसले मान्छेहरूमाथि व्यङ्ग्य गर्दै मान्छेकै कारण पशुपङ्क्षीहरूले दुःख पाएको भाव व्यक्त गरेको छ । मानिसहरू सँधै सुख, सुविधा र विलासिता तर्फ केन्द्रित हुँदै गर्दा आफ्नो सहजताका लागि अरूको असहजताबारे थोरै पनि ख्याल नगरेको भाव यहाँ सम्प्रेषित छ । आधुनिकता र सहरीकरणको प्रभावले प्राकृतिक सम्पदाहरू दिनानुदिन नाश हुँदै गएका छन् । वनजङ्गलको विनाशका कारण पानीको मात्रा घट्दै गएको छ र खोलानाला सुक्दै गएका छन् । त्यसतर्फ मानव समाजले ध्यान नदिएको पक्षलाई बुढो हाँसका भनाइहरूद्वारा अभिव्यक्त गरिएको छ ।

उपन्यासमा विभिन्न विम्ब र प्रतीकको प्रयोगद्वारा सहरीकरणको प्रभावलाई व्यक्त गरिएको छ । टापुमा बस्ने शिवजीकी भक्तिनीले खडेरीले सताएर पुरै सुकेको टौदह आफू रोएर नै भरेको काल्पनिक विम्ब प्रस्तुत गरिएको छ । पृथ्वीमा खडेरी पर्नु तथा अति वर्षा हुनु

दुवैमा मानवीय क्रियाकलाप जोडिएको हुन्छ । सामान्यतया वनजङ्गलको क्षेत्रमा बढी मात्रामा पानी पर्ने गर्दछ र खुल्ला भाग तथा वनजङ्गल नभएको स्थानमा कम पानी पर्ने गर्दछ । सहरीकरणका कारण वनजङ्गलको विनाश बढ्न पुगी त्यसले वर्षालाई पनि असर गरेर खडेरी लागि टौदह सुकेको छ, जसले गर्दा त्यहाँका सबै प्राणीको अस्तित्व गुमेको छ । "एकपल्ट उपत्यकामा खडेरीले सताएच ।", आमैले भन्नुभयो, "वर्षौंसम्म पानी परेनच । टौदह पनि सुक्दै सुक्दै पीँधसम्मै पुगेच । माछाहरू हिलोमा छट्पटाउँन थालेचन् । रूखहरू पात झरेर नाङ्गा भएचन् । चराहरू चिरबिराउन छाडेछन् (पृ. ५७) ।" लामो समयको खडेरी पश्चात् उत्पन्न जटिल स्थितिलाई उपन्यासमा यसरी टौदहको परिवेशमार्फत अभिव्यक्त गरिएको छ । शहरीकरण र विलासी जीवनशैलीका कारण मानिसहरूले प्रकृतिको संरक्षणमा ध्यान दिन छाडेका छन् । विज्ञान प्रविधि र आधुनिकताका कारण प्रकृतिको चक्र तथा मानवीय गतिविधिसँग प्रकृतिको सम्बन्धका बारेमा मानिसहरू अबोध बन्दै गएको देखिन्छ । यसको असर केही समयको अन्तरालमा नै प्रकृतिले देखाउने गर्दछ । वर्षायाममा समयमै वर्षा सुरू नहुनु र वर्षा सकिने याममा धेरै पानी पर्न गई धेरै मात्रामा असर पुऱ्याउने गतिविधि कहिलेकाँही देखिन्छ । यी सबै क्रियाकलाप मान्छेले प्राकृतिक स्रोत र साधनको अत्याधिक मात्रामा दोहन गर्नु र आवश्यक मात्रामा प्रकृतिक स्रोत र साधनहरूको संरक्षण नगर्नु नै हो ।

सहरीकरणले प्राकृतिक स्रोत र साधनहरूमाथि अतिक्रमण गर्नुका साथै यसले पर्यावरणमा असन्तुलन पैदा गर्दछ । उपन्यासमा भौतिक संरचनाको विकासले पशुपङ्क्षीको बासस्थान र दैनिकीमा असर पुऱ्याएको छ । यसका बारेमा सचेत र चेतनशील प्राणी मानिसले त्यती ख्याल नगरेको छैन । सुरुमा सामान्य लागेपनि यस्ता पर्यावरण विपरित र दिगो विकासलाई ध्यानमा नराखी विकास भएका सहरी सभ्यताले कालान्तरमा जटिल समस्या ल्याउन सक्छ । विलासी जीवनशैली, नाफामुखी गतिविधि तथा पुँजीवादी संस्कृतिले हरेक कार्यमा नाफा आर्जन र फाइदाको नजरले मात्र हेर्ने प्रवृत्तिले प्राकृतिक सम्पदाको प्रयोग ज्यादा र त्यसको संरक्षण लगायत दीगो निर्माण अत्यन्तै न्यून हुँदै गएको देखिन्छ । यो संसार तथा सम्पूर्ण प्रकृति आफ्नै पेवा ठान्न खोज्ने मानव समाजले पृथ्वीमा मानिसबाहेक अन्य प्राणीको पनि मानिसबराबरकै बाँच्न र यहाँका स्रोतको उपभोग गर्न पाउने अधिकार छ भन्ने कुरालाई बुझ्न सकेको छैन । त्यसले गर्दा मानिसहरूले निर्माण गरेको भौतिक संरचना र प्रविधिले पर्यावरण र त्यहाँ भएका अन्य प्राणीहरूलाई असर गरेको हुन्छ । सभ्य र आधुनिक समाजका लागि शहरीकरण आवश्यक पक्ष हो तर त्यसलाई अत्यन्तै व्यवस्थित र पर्यावरणमैत्री तथा

दीर्घकालिक बनाउँनु पनि उत्तिकै आवश्यक छ । शहरी क्षेत्र विस्तार गर्दा त्यसले पर्यावरण र प्राकृतिक स्रोतसाधनमाथि पुऱ्याउने प्रभावलाई ख्याल गरी अन्य प्राणीको अस्तित्व रक्षाका बारेमा पनि ध्यान दिनुपर्दछ । सबैको अनुकूल हुने खालको सहरीपरिवेश निर्माण गर्न सकेमा प्रकृतिको सुन्दरतालाई सदावहार रूपमा सुन्दर नै राख्न सकिन्छ ।

## (आ) पितृसत्ता

*हंस* उपन्यासमा पितृसत्ताले देखाउने व्यवहार र यसले समाजमा पारेको असरलाई प्रस्तुत गरेको छ । पितृसत्ताले पुरुषलाई सर्वश्रेष्ठ मान्दै नारी पुरुषको अधीनमा रनुपर्ने र पुरुष नै शक्तिशाली हुनुपर्छ भन्ने मान्यता राख्छ । उपन्यासमा पितृसत्ताले गरेको दमन, शोषणका बारेमा स्पष्ट पार्नुका साथै पितृसत्तात्मक समाज व्यवस्थाले तय गरेको पुरुषका पक्षपाती निश्चित सीमाभित्र नारीहरू बाँधिनुपरेको अवस्थालाई प्रस्तुत गरेको छ । नारीले कुनैपनि क्रियाकलाप आफ्नो इच्छा चाहनाअनुसार पूरा गर्न सक्दिनन्, ताकी उसले पुरुषको भर परेर उसको अधीनमा रहेर मात्र कार्य सम्पादन गर्नुपर्ने हुन्छ । यसरी पितृसत्ताले नारी कमजोर र दोस्रो दर्जाको मानिसका रूपमा स्थापना गर्न खोज्छ । यस्ता विषयलाई *हंस* उपन्यासमा गहन रूपले समेटिएको छ ।

उपन्यासको 'म' पात्र अर्थात प्रेमका बुवाले आमालाई सँधैजस्तो कुट्ने गरेको प्रसङ्गले पितृसत्ताको दमनलाई खुलस्त रूपमा प्रस्तुत गरेको छ । नेपाली समाजमा श्रीमतीलाई आफ्नो अधीनमा राख्नुपर्छ र भनेको नमानेमा अर्थात् पुरुषको इच्छाअनुसार नचलेमा कुटेर भएपनि आफूअनुकूल बनाउँनुपर्छ भन्ने कुसंस्कारयुक्त मान्यतालाई उपन्यासले प्रसतुत गरेको छ । "पुजाकोठाको उतापट्टि थियो, बुवाआमा सुत्ने कोठा । आमा रोएको आवाज त्यतैबाट आउँदै थियो, पहिले ढ्याम्म - ढ्याम्म आवाज आयो, त्यसपछि आमाले 'मरेँ नी' भनेर कराएको... बुवाले ठुलठुलो स्वरमा अमाचकारी गाली गरेको" (पृ. ४४) ! पितृसत्ताका दमनका कारण म पात्र र उसको भाइ विजयले पनि आफ्ना बुवाको अत्याचारका विरुद्धमा बोल्न सकेका छैनन् । पितृ सत्ता पुरुषले नारीमाथि शासन गर्ने क्रुर सत्ता हो । कतिपय अवस्थामा यसको विरोधमा स्वंम पुरुष पनि आवाज उठाउँन सक्दैनन् । वर्तमान समयमा शिक्षित युवाजमात पनि कतिपय कु-संस्कारयुक्त परम्पराको विरोध गर्न सकिरहेको देखिँदैन । आफूभन्दा अग्रज तथा पुराना पुस्ताका मानिसहरूको अठानमा नयाँ पुस्ताका युवाहरूले फेल खाएको स्थिति पाइन्छ । त्यसैगरी उपन्यासमा बुवाले आमाप्रति गरेको अमानवीय व्यवहारको विरोध गर्न म पात्र र

उसको भाइ विजयले सकेको छैन । उनीहरू आमाको निर्दोष रुवाइलाई सुनेर मात्र बस्न विवश छन् भने प्रतिकार गर्ने सामर्थ्य उनीहरूमा विकास भएको देखिन्न । यसरी समाजमा जरा गाडेर बसेको नारीप्रतिको शोषण र दमनलाई उपन्यासमा व्यक्त गरिएको छ ।

प्रेमका घरमा मूर्तिकारले देवीका मूर्ति बनाएको दिन पनि प्रेमका बुवाले आमालाई कुटेका छन् । त्यस घटना थाहा पाएर पनि प्रेमका दाजुभाइ डरले काम्दै बाहिरै बसिरहेका थिए । यी सबै घटना थाहा पाएर प्रेम आफ्नो बुवाबाट टाढा हुँदै ग र्दा उसका बुवाले उसलाई सम्झाएका छन् । यहाँ पनि पितृसत्ताको अहम् प्रस्तुत भएको छ । "तँ ठुलो भइसकिस् !", बुवाले मलाई भन्नुभयो, "केही वर्षमा दाह्री - जुँगा पलाउनेछन् । एउटा कुराचाहिँ बुझ, मर्दले दह्रो हुनुपर्छ नत्र सबैले हेप्छन् । तेरा हजुरबुवाका तीनोटी श्रीमती थिए । तीनोटैलाई तह लगाएर राख्नुभएको थियो" (पृ. १३६) । यसरी प्रेमका बुवाले श्रीमती कुट्नुलाई मर्दको उपमा दिएका छन् महिलालाई आफ्नो अधीनमा राख्नुपर्ने कुरा छोरालाई बताएका छन् । पुरुषले जति पनि नारीलाई आफ्नो अधीनमा राख्न सक्ने र राख्नुपर्ने कुरा यहाँ प्रेमका बुवाले प्रेमलाई सिकाएका छन् । नारीलाई आफ्नो इच्छाअनुसार सञ्चालित गर्नुपर्ने र उनीहरूलाई आफ्नो नियन्त्रण बाहिर जान दिन नहुने कुरा यहाँ प्रस्तुत छ । त्यस्तै प्रेमका बुवाले पनि अफ्ना बुवाले तीन ओटी श्रीमती विवाह गरेर पनि आफ्नो नियन्त्रणमा राखेको बताएका छन् । नारीले सबैकुरा सहन सक्छे तर आफूमाथि सौता सहन सक्दिन भन्ने भनाइ प्रचलित नै छ तर नेपाली पितृसत्तात्मक समाजमा सौता हाल्नुलाई सामान्य रूपमा लिने गरिन्थ्यो । पछिल्लो समयमा बहुविवाहलाई कानुनी रूपमा दण्डनीय बनाइएको छ तैपनि यसको पूर्ण रूपमा नियन्त्रण भने भएको देखिन्न । उपन्यासले केही समयअगाडिको परिवेशलाई देखाउँदै इच्छाअनुसार जतिपनि बहुविवाह गर्न सकिने र ती सबै श्रीमतीलाई पुरुषले आफ्नो नियन्त्रणमा राख्न सक्ने कुरालाई दर्शाइएको छ । यस्ता घटनाले नारीको जीवन र उसको भावनामा पुग्ने असरलाई कसैले पनि सम्बोधन गर्न तथा बुझ्न सकेको पाइदैन । यसरी पितृ सत्ता र त्यस्तै गलत सोच पुस्ताहस्तान्तरण हुँदै प्रेमका बुवामा आएको छ भने फेरि बुवाबाट प्रेममा पनि सर्दै गरेको देखिन्छ ।

उपन्यासकी नायिका सीमाले आई.ए पास पछि आफ्नो चाहनाअनुसारको विषय पढ्न पाएकी छैन । उसले रूचिअनुसारका पुस्तकहरू समेत पढ्न पाएकी छैन । आमा र मामाले उसका इच्छाहरूका बाधा व्यवधान ल्याइरहेका छन् । पितृसत्तात्मक समाजले नारीहरू घरमै

सीमित रहुन् भन्ने मान्यता राख्छ । त्यसको प्रयोग उपन्यासमा सीमालाई गरिएको व्यवहारमार्फत व्यक्त गरिएको छ । सीमाकी आमालाई भनिरहनुहुन्थ्यो रे, "अरुका छोरी चुलाचौका गर्दै घरको कामधाम समेटेर बस्छन्, यो मौका पाए गल्लीका ठिटाहरूसँग फुटबल खेल्न तम्सिन्छे" (पृ. ४५) । पितृसत्ताले छोरीचेली घरभित्रका क्रियाकलापमा मात्र सीमित रहुन् भन्ने मान्यता राख्छ । खासमा सफलता प्राप्त गर्नका लागि जुनसुकै विद्यार्थीले पनि आफ्नो इच्छा, चाहनाअनुसारका विषय अध्ययन गर्नु उपयुक्त हुन्छ । आफ्नो क्षमता र रूचिलाई पहिचान गरी गरिएको अध्ययन कार्य पूर्ण हुन सक्छन् भने त्यसले सफलता पनि प्राप्त गर्न सक्छ । मान्छेले आफ्नै मनबाट जागृत भएको भोकलाई जसरी पनि पुरा गर्ने प्रयत्न गर्छ । उपन्यासमा सीमाले मनबाटै जागृत भएको भोकलाई तृप्त पार्ने चाहना भएपनि पितृसत्तात्मक सोचको परिस्थितिले पुरा गर्न पाएकी छैन । उसको पढाइ बाहेकको अतिरिक्त क्रियाकलाप पनि अगाडि बढ्न सकेको छैन । यसरी छोरीको इच्छालाई त दमित बनाएर आफूअनुसारकै कार्यमा लगाइन्छ भने झन् बुहारीहरूको स्थिति कस्तो होला ? यस्ता प्रश्न उपन्यासको यस प्रसङ्गले उठाएको छ । छोरीचेलीलाई घरकै चुलोचम्का र घरायसी काममा मात्रै सिमीत राख्नुपर्छ र बाहिर काम गरेपनि पारिवारिक इच्छाअनुसारकै हुनुपर्छ भन्ने पितृसत्ताको मान्यतालाई उपन्यासमा सीमा मार्फत व्यक्त गरिएको छ ।

उपन्यासमा सीमाका मामाले सीमालाई घरकै चुलाचौकामा सीमित राख्न आमामार्फत प्रयास गरेका छन् । उसलाई मन लागेको पढ्न र फुटबल खेल्न समेत रोकिएको छ । यसरी पुरुषले सकेसम्म आफ्नो अधीनमा नारीवर्गलाई राख्ने गरेको यथार्थिक अवस्थालाई उपन्यासले अभिव्यञ्जित गरेको छ । पुरुषवादी सोचले भरिएको र नारीलाई आफ्नो चाहनाअनुसार लिएर हिड्ने स्वभावको भारतीय अरबपति एउटा बुढो पात्रले पितृसत्ताको चरम अवस्थालाई प्रस्तुत गरेको छ । पानीजहाजको यात्रामा उसले अनुजलाई प्रयोगशालामा काम गर्ने नोकर बनाएको छ भने आफ्नी प्रेमिका भर्जिनिया (गोरी) लाई प्रयोगशालाको मेसिन बनाएको छ ।

> "एकदिन त बुढाले अति नै गऱ्यो ।" जारको फतफत जारी थियो, पहिले बिकिनी लगाएर जहाजको डेकमा लमतन्न पल्टिएकी प्रेमिकाको ढाड मिच्न लायो अनि त्यसपछि खुट्टाको नङ काट्न । गोरीको शरीर सागरमाथि लपलपाइरहेको सूर्यको तापमा रापिएको थियो ।.....(पृ. ८३) अब भर्जिनियाको तिघ्रामा लोसन लगा !" बुढो ब्वाँसोझैँ गर्जियो" (पृ. ८५) ।

बुढोले आफ्नी प्रेमिका र नोकरमाथि गरेको शोषणलाई भोगवादी दृष्टिकोणका रूपमा चित्रण गरिएको छ। नारीलाई पुरुषहरूको चाहनाअनुसार चल्नुपर्ने साधनका रूपमा देखाइएको छ भने कामदाहरूलाई आफ्नो अनुकूल प्रयोग गर्ने परिपाटिलाई पनि उपन्यासमा स्पष्ट रूपमा देखाइएको छ। पुँजीवादी समाज र यसले सिर्जना गरेको दमनलाई व्यक्त गर्दै सर्वहारा वर्गहरू पूँजीपति सत्ताकै नेतृत्वमा हिड्नुपर्ने अवस्थाको चित्रण उपन्यासमा यसै अरबपति बुढोमार्फत अभिव्यक्त गरिएको छ। एक त बुढोले जवान युवती भर्जिनियालाई आफूअनुकूल प्रयोग गरेर शक्ति देखाएको छ भने अर्कोतर्फ अनुजलाई मेसिनरी साधन झैँ नोकरसमान प्रयोग गरेको छ । समून्द्रमाथिको घाममा गोरीमाथि अत्याचार गरिहेको बुढोले पैसाको लोभ देखाएर अनुजमाथि पनि अत्याचार गरिरहेको थियो । जहाजको म्यानेजरले भनेको सम्झदैँ जति रिस उठेपनि अनुजले जागीरको बचाउका लागि बुढोलाई खुसी पार्नमा नै लागिरहेको छ। यसरी पितृसत्ताले पुँजीवादले गरेको दमन, शोषणलाई उपन्यासमा गहन रूपमा प्रस्तुत गरिएको छ।

जाँड, रक्सी तथा नशालु पदार्थ सेवन गरेर घरमा श्रीमती कुट्ने पुरुषवादी ज्याजतीमय प्रवृत्तिलाई उपन्यासमा व्यक्त गरिएको छ । साथीभाइ भेटेर रक्सी सेवन गरी झगडा गर्ने, एकअर्काका चरित्रमा दोष लगाउने त्यसको परिणाम श्रीमती कुट्ने प्रवृत्तिलाई उपन्यासमा चित्रण गरिएको छ। रक्सीको नशामा राष्ट्रवादीले आफ्नो श्रीमती हाकिमको ओछ्यान बनेको थाहा नपाउने नामर्द, स्वास्नीको कमाइ खाएर मोज गर्ने भन्दै प्रेमलाई हेपेको अवस्थामा प्रेमले त्यही कुराको आधारमा श्रीमतीलाई अविश्वास गरी कुटपिट गरेको छ।

> त्यस रात मैले सबै बिर्सें, सम्बन्ध र मित्रताका कुरा। प्रेम र कर्तव्यका कुरा। प्रेमिल सम्बन्ध रिसको लाभामा खरानी भए। मेरो मनभित्र एउटै आवाज घन्किरह्यो। "नामर्द नामर्द ...अर्कासँग सल्केकी स्वास्नीको पैसामा मोज गर्ने नामर्द !" (पृ. १०१) ...पछिमात्र बोध भयो, रिसको झोकमा मैले नराम्रोसँग कुटपिट गरेछु...रक्ताम्य नाक र ओठ, नीलडाम परेको अनुहार (पृ. १०१) !

पितृसत्ताले आफ्नो अधीनको सम्झेर नारीलाई अरु पुरुषसँग बोल्दा पनि नबोलोस् भन्ने ठान्छ । त्यस्तै प्रेमले सीमालाई वास्तविकता नबुझी आक्रमण गरेको छ । मान्छेले आफ्नो आत्मसम्मानलाई ज्यादै महत्त्व दिन्छ, महत्त्व दिनुपनि पर्छ तर आफ्नो आत्मसम्मानको संरक्षण गर्दा अरूको आत्मसम्मानमा ठेस पुऱ्याउँनु हुँदैन भन्ने कुरालाई त्यत्तिकै महत्त्व दिनुपर्छ। यहाँ प्रेमले आफ्नी श्रीमती अरूसँग लागेको सुन्दा आफ्नो आत्मसम्मान गुमेको अनुभव गरी

सीमामाथि दुर्व्यवहार गरेको छ । कहिलेकाहीँ देखेको पनि असत्य हुन्छ भन्ने भनाइ छ तर प्रेमले अरूको कुरा सुनेकै आधारमा त्यसैलाई विश्वास गरेर सीमालाई कुटपिट गरेको छ । पुरुषले जे गरे पनि नारीले चाहीँ पतिव्रता धर्मको रक्षा गर्नै पर्छ भन्ने कुरा उपन्यासको समग्रताबाट व्यक्त गर्न खोजिएको छ । आफ्नो गल्ति नहुँदा पनि सजायँ भोग्न परेपछि सीमाले घर नै छोडेर हिँडेकी छ । यसै घटनाबाट सीमाले प्रेमलाई छोडेर गएकी छे भने त्यसपछि उनीहरूको भेट पनि भएको छैन । जसले सीमाले गरेको पितृसत्ताप्रतिको विद्रोहलाई जनाउँछ । क्षणिकताको आवेग र रिसले मान्छेलाई दुर्घटनामा पुऱ्याउँछ भन्ने कुरालाई उपन्यासमा देखाइएको छ । पितृसत्ताको अहम् र नारीलाई आफ्नो नियन्त्रणको वस्तु मात्र ठान्दा प्रेमको जीवन नै दुर्घटित हुन पुगेको छ ।

मान्छे जति नै चेतनशील प्राणी भएपनि उसमा रहेको कामुक प्रवृत्ति र नकारात्मक चिन्तन कुन बेला व्यक्त हुन्छ थाहै नहुने अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ । मान्छेमा रहेको कामुक वृत्तिलाई नियन्त्रण गर्न नसकेको तथा नियन्त्रण गर्नै नचाहेको स्थितिलाई मायाको काकामार्फत व्यक्त गरिएको छ । मायाकी काकाले सानै उमेरमा मायाप्रति गरेको यौनजन्य दुर्व्यवहारले पुरुषहरूको घटीया सोच र भोगवादी प्रवृत्तिलाई देखाएको छ । पुरुषहरूमा संवेदना र अरूको मर्म बुझ्ने सामर्थ्य कमजोर हुने भाव व्यक्त गर्दै उपन्यासकारले पुरुषले नारीलाई भोग्य साधनभन्दा माथिल्लो स्तरबाट हेर्नै नसकेको दृष्टिकोण यहाँ प्रस्तुत गरेका छन् ।

> माया गर्ने भन्ने बित्तिकै आमाबाबुको जस्तै आत्मियपनको महशुस गरेकी मायालाई काकाले यौन दुर्व्यवहार गरेको छ । काकाले उसको हत्केलामा ऊँट राख्दा माया फुत्केर भाग्न खोजी । तर घरमा कोही थिएनन् । भएको भए पनि केही फरक पर्दैनथ्यो किनकी डरले उसको आवाज नै निस्किएन । हुँक्क-हुँक्कजस्तो बोलीमात्र आइरहृयो (पृ. १३३) ।

कुनै पनि बालबालिकाले माया गर्ने भन्ने बित्तिकै सकारात्मक रूपमा सोच्छन् र मिठो खान, राम्रो लगाउँन तथा ममतापूर्ण व्यवहार गर्न खोजेको होला भन्ने ठान्छन् तर उपन्यासमा माया गर्ने भन्दै फकाएर अनेक प्रकारका मिठाई खुवाउँदै काकाले ऊ माथि हिंसा गरेको छ । माया सानै हुनाले उसमा प्रतीकार गर्ने क्षमता पनि थिएन तर यस्तो अवस्थामा ठुलै नारीलाई पनि प्रतिकार गरेर त्यस्ता नरपशुबाट उम्कन मुस्किलै हुन्छ । यसै घटनाबाट उसको बोलीमा असर पुग्न गई ऊ भकभकाएर बोल्ने भएकी छे । आफ्नै आफन्त पर्ने काकाले पनि छोरीलाई

नराम्रो दृष्टिले हेर्दै यौनजन्य व्यवहार गर्छन् भने अन्य मापिनसहरूले कस्तो व्यवहार गर्लान् ? यस पक्षलाई उपन्यासमा गहन रूपमा चिन्ता व्यक्त गरिएको छ। पितृ सत्ताले नारीलाई केवल उपभोग्य साधन र पुरुषको भोक तृप्त पार्ने साधनका रूपमा मात्र हेर्दा नारी भित्रको क्षमता, दक्षता त्यसै हराएर जान्छ भने उनीहरूमा वितिष्णाको भाव पैदा भइ विभिन्न मानसिक तथा शारीरिक रोगको सिकार हुन पुग्छन् । यसरी उपन्यासमा नारीमाथि हुने यौनजन्य हिंसालाई कारुणिक रूपमा व्यक्त गरिएको छ ।

नारीलाई प्रकृतिसमान मान्ने गरिन्छ भने प्रकृति जस्तै कोमल र सहनशील प्राणीका रूपमा लिने गरिन्छ । यही सहनशीलता र कोमलताको फाइदा कठोर पुरुषले उठाउने गर्दछन् । प्रकृतिको विनाशमा सक्रिय रहने मानव जमातलाई कठोर पुरुषसत्ताका रूपमा उपन्यासमा व्यक्त गरिएको छ । पर्यावरण संरक्षणमा नारी नै सक्रिय हुने भाव टापुमा बस्ने भक्तिनी मार्फत व्यक्त गरिएको छ ।

> त्यो सब देखेर भक्तिनीको मन साह्रै दुखेछ । टापुमा बसीबसी रून थालिचन् । वर्षौं बिते तर भक्तिनीको रूवाइ थामिएन । हुँदाहुँदै उनको आँसुले दह नै भरिएच । माछाहरू फेरि पोखरीमा पौडन थालेचन् । जङ्गलतिर उडेका सबै चिबे र ऋयापऋयापेहरू फेरि हाँडीबेलको रूखमा फकेचन् । बकुल्ला र धोबिनी चराहरू पनि (पृ. ५७) ।

प्रकृतिको संरक्षणमा नारी नै बढी सचेत हुन्छिन् भन्ने कुरालाई उपन्यासमा देखाइएको छ । टौदह छेउको टापुमा बस्ने शिव भक्तिनी खडेरीले लामो रूप लिएपछि त्यसको पिरले रून थाल्दा यति रून्छिन् की उनको आँशुले पाखरी नै भरिन पुग्छ भने सबै प्राणीको अस्तित्व फेरि जिवित भएर आउँछ । टौदह वरिपरिको वातावरण पनि हराभरा हुन पुग्छ । सन्तानलाई जन्म दिएर नयाँ सृष्टि गर्ने क्षमता र शक्ति भएका नारीले पर्यावरण संरक्षण तथा प्रकृतिको सुरक्षामा पनि उत्तिकै सचेत हुन सक्ने प्रतीकात्मक भाव यहाँ भक्तिनीमार्फत व्यक्त गरिएको छ । पुरुषवादी गतिविधिले छिन्नभिन्न पारेको स्थानमा पनि प्रकृतिरूपी सहनशील र सिर्जनात्मक गुण भएका नारीले त्यसलाई सम्हालेर संरक्षण गर्न सक्छन् भन्ने भाव उपन्यासमा सम्प्रेषित छ ।

नेपाली समाजमा पुरुषले नारीका हरेक व्यवहारको अनुगमन गर्ने विभेदपूर्ण व्यवहारलाई संस्थागत गरेको छ। नारीहरू पुरुषको अधीनमा रहनुपर्ने र पुरुषद्वारा नै सञ्चालित

हुनुपर्ने खालको व्यवस्था नै स्थापित भएको देखिन्छ। नारी स्वतन्त्रताको अभाव देखि नारीमाथि पितृसत्ताले गरेको दमन र अत्याचारलाई उपन्यासमा प्रस्तुत गरिएको छ । नारीलाई चुलाचौकामा नै सीमित गर्नुपर्छ भन्ने विषाक्त चिन्तनले उसको स्वतन्त्रता गुम्न पुगेको छ । त्यस्तै नशा सेवन गर्दै श्रीमती कुट्नुलाई बहादुरीका रूपमा देखाइएको छ भने नारीलाई आफ्नो अधीनमा राख्नु नै पुरुषको मर्दपन भएको  गलत भावलाई उपन्यासमा अभिव्यञ्जित गरिएको छ । जसरी प्रकृतिले भौतिक जगत्का विभिन्न तत्त्वहरू सिर्जना गर्ने र आफूमाथि मानिस लगायतका प्राणीले गरेको दोहन र अत्याचार पनि सहेर त्यसको सामना गर्दै उनीहरूकै संरक्षण गर्ने गर्दछ त्यसरी नै नारीले पनि सन्तान उत्पादन गरेर नयाँ सृष्टि गर्छे र प्रकृति जस्तै सहननशील र कोमल भई प्रकृतिको संरक्षणमा अग्रसर हुन्छे भन्ने भाव उपन्यासमा विन्यासित छ । यही सहनशीलचताको फाइदा लिन खोज्दै पितृसत्ताले उनीहरूमाथि दमन गर्न खोज्छ भने नारीलाई आफूअनुकूल सञ्चालन गराउँन चाहन्छ । उपन्यासका विविध प्रसङ्मा पितृसत्ताले नारीमाथि गरेको शोषणका बारेमा चित्रण गरिएको छ ।

### (इ) उपभोक्तावादी संस्कृति

*हंस* उपन्यासमा पर्यावरण प्रतिकूल हुनेगरी गरिएका क्रियाकलापप्रति विमति व्यक्त गरिएको छ । मानिसहरूले प्रकृतिका हरेक वस्तुहरू उपभोग गर्न खोज्छन् र आफु सम्मृद्ध बन्न खोज्छन् । यस्ता क्रियाकलापमा पर्यावरणका अन्य प्राणीहरूको अस्तित्वमा कत्तिको असर पर्छ भन्ने तर्फ मान्छेले सोच्न चाहेको देखिन्न । जसका कारण प्रकृतिमा अस्तित्ववान् रहेका कतिपय पशुप्राणी तथा बोटबिरूवाको अस्तित्व समाप्त भएको पाइन्छ । मानिसहरूको यस्तै उपभोक्तावादी संस्कृतिलाई उपन्यासमा व्यक्त गर्दै आफ्नो अस्तित्व सुरक्षित गर्दा र आफु विलासी हुँदै जाँदा अरूको जीवनप्रति पनि ख्याल गर्नुपर्ने तर्फ उपन्यासले सचेत गराएको छ। टौदहको परिवेश पहिले जस्तो सुन्दर, प्रकृतिमय नभएको र त्यहाँका ठाउँदेखि पशुपन्क्षीहरू सम्मलाई मानिसहरूले उपभोग गरिरहँदा टौदहको वाास्तविक स्वरूप दीर्घकालसम्म नरहने आशङ्का उपन्यासमा व्यक्त गरिएको छ ।

मानिसहरू प्रकृतिका स्रोत र साधनहरूलाई अनेक किसिमबाट उपभोग गरिरहन्छन्, जसमा धर्म, संस्कृति, कूल परम्परा लगायत सांस्कृतिक विषयवस्तुहरू जोडिएर आउने गर्दछ। विभिन्न चाडपर्व तथा सांस्कृतिक गतिविधिका बहानामा पशुपन्छीको बलि दिने प्रचलन नेपाली समाजमा विद्यमान नै छ । यसरी बलि दिइएका प्राणीहरू सिधै स्वर्ग पुग्छन् भन्ने

सङ्कथन निर्माण गरी मान्छेले तिनको उपभोग गर्दै आएका छन् । यस तर्फ गम्भिर चासो राख्दै उपन्यासमा हाँसहरूको इतिहास खोज्न तत्पर काका हाँसले मानिसहरूको उपभोक्तावादी प्रवृत्तिलाई प्रस्तुत गरेको छ । मानिसहरूले पशुपन्क्षीलाई विभिन्न बहाना र अवसर खोज्दै उपभोग गर्ने यथार्थपरक तथ्यलाई काकाहाँसले गरेको अध्ययनमार्फत व्यक्त गरिएको छ । "एकले मौका पाउँदा अर्कालाई निल्न खोज्दा रहेछन् । त्यही निलाइ र ठुँगाइको परिणाम रहेछ इतिहास ।" (पृ. १६६) यसरी उपन्यासमा हरेक पशुपङ्क्षीले एकअर्कालाई निलिरहने गरेको कुरालाई प्रस्तुत गरिएको छ । हरेक जीवहरूले आफुभन्दा सानालाई उपभोग गरेरै नै जीवन सञ्चालन गर्ने तथ्यलाई उपन्यासले देखाएको छ । मांसाहारी जीवजन्तुले आफुभन्दा साना तथा कमजोर अन्य प्राणीहरूलाई उपभोग गरेर नै जीवन जिउँने गर्दछन् तर मान्छे चेतनशील प्राणी भएपनि तिनै मांसाहारी जनावर भन्दखा कम भएको देखिन्न । अझै मान्छेले त आधुनिकताका नाममा अन्य प्राणीको बासस्थान विनाश गर्दै आफ्नो स्वार्थ पुरा गरिरहेका छन् । यस्तै अवस्थालाई काका हाँसको इतिहास अध्ययनले देखाएको छ । काका हाँसले हाँसहरूको इतिहास अध्ययन गर्ने क्रममा टौदहबाट हराएका हाँसहरू मनसरोवरमा नगई मानिसको उपभोगको वस्तु हुने वास्तविक तथ्य पत्ता लगाएको छ । यसबाट जुन प्राणी सबैको भोग्य वस्तुका रूपमा पर्दछ, त्यसको लोप हुन सक्ने सम्भावना बढी हुन्छ । जुन कुरालाई उपन्यासमा सचेत गराइएको छ ।

उपन्यासमा मान्छेले नै पशुपन्क्षीको हत्या गरी उपभोग गर्ने गरेको वास्तविकतालाई प्रस्तुत गरिएको छ । हाँसहरूको समाजमा हाँसहरू हराउने र त्यसरी हराएको हाँस हाँसचौताकोमा पुग्ने गरेको अफवाहयुक्त भ्रमलाई काकाहाँसले चिर्दै त्यस्ता हाँस मानिसको भोजनमा पुग्ने तथ्यलाई प्रस्तुत गरेको छ । "तिनलाई त मानिसले काट्दा पो रहेछन् ।".... "पहिले घाँटीलाई अठ्याएर अचानोमा राख्छन्", काकाले जवाफ दिए, "अनि खुकुरीले क्वैक्कै ! कसैले एकै मारमा घाँटी छिनाउँछन् त कसैले रेटीरेटी क्वैक्क ! कसैले भने हातैले घाँटी क्वाँकेर ठहरै" (पृ. १६८) ! यसरी उपन्यासमा मानिसहरूको आफ्नो स्वार्थ र आस्थाका लागि हाँसहरूलाई मार्ने गरेको कुरालाई व्यक्त गरिएको छ । मानिसहरूले माया गरेजस्तै गरी राख्ने, पाल्ने, खाना खुवाउने र अन्त्यमा आफैँले बध गरी ग्रहण गर्ने गरेको भोगवादी प्रवृत्ति व्यक्त गरिएको छ ।

आधुनिकता र विज्ञान प्रविधिसँगसँगै पुँजीवादी युगले विश्वलाई घेरिसकेको छ। जसको प्रभावले मानिसका हरेक क्रियाकलाप अर्थ व्यवस्था र पुँजीसँग नै जोडिन पुग्छन्। मार्क्सवादी सिद्धान्तअनुसार पुँजीवादी युगमा पुँजीपति र सर्वहारा वर्ग अर्थात् श्रमिक वर्ग गरी दुई वर्गमा समाज विभाजन हुन्छ। यसमा पुँजीपतिले श्रमिक वर्गमाथि शासन गर्छ र निम्न वर्गलाई माथि उठ्ने अवसर नै दिँदैन । यस्तै विभेदपूर्ण अवस्थालाई उपन्यासमा व्यक्त गरिएको छ । ठुलै नेताको घरमा काम गर्न पुगेको राम नेता अमेरिकाको राजदूत भएपछि ऊ पनि नेतासँगै अमेरिका पुगेको छ। अमेरिका पुगेपछि नेताले राममाथि श्रम शोषण गरेर पुँजीपतिको व्यवहार प्रस्तुत गर्दै रामलाई उपभोग गरेको छ। आफ्नो मात्र आवश्यकता पुरा गर्न खोज्ने र अरूको जीवनमूल्य नबुझ्ने स्वार्थी प्रवृत्तिलाई उपन्यासमा नेताले रामप्रति गरेको व्यवहारबाट प्रस्तुत गरिएको छ ।

> "चालीस डलर भनेको कति हो, तँलाइ थाहा छ ?", डिसी पुगेको पहिलो महिनाको अन्तमा तलब दिंदा राजदूतले भनेका रहेछन्, "नेपालको चार हजार रूपैंभन्दा बढी । खान, बस्न फ्रि पाएर अमेरिकामा बसीबसी चार हजार कमाउने बिरलै हुन्छन् । तेरो त भाग्यै खुल्यो त रामे !" (पृ. ६४) ।

सोझोपन र बाहिरको गतिविधि राम्रोसँग बुझ्न नपाएको रामे तिनै नेताको कुरामा विश्वास गरेर दुई वर्ष सम्म श्रम शोषणको सिकार भई बस्न विवश भएको छ। राम जसरी अरूको उपभोगको साधन भएर र अरूको सम्पत्ति बढाइदिएर आफ्नो श्रमको मूल्य गुमाइ बस्न बाध्य भएका निम्न वर्गीय मानिसहरूको पीडालाई राम पात्रको भोगाइले स्पष्ट पारेको छ। यसरी जीवन निर्वाह गर्दै आएको रामले दुई वर्ष पछि मात्र एक नेपालीसँगको भेटमार्फत आफु श्रमशोषणमा परेको थाहा पाएको छ। पुँजीपति वर्गले सामान्य श्रमिक वर्गलाई कसरी उपभोग गरिरहँदा रहेछन् भन्ने कुरालाई उपन्यासमा स्पष्टतः व्यक्त गरिएको छ।

> "महिनाको चालिस डलर ?" त्यो नेपाली हुनसम्म छक्क परेको थियो । अचम्म मान्दै भनेछ, "तिमी त साह्रै ठगाइमा परेछौ त हौ दाजु ! दिनभरी काम गर्नेले त्यो भन्दा बढी कमाउँछन्। आफ्नै मान्छेले तिम्लाई त उडुस बनेर चुस्या रहेछ। न्यूयोर्क जान्छौ भने भन, मेरो साथी इन्डियन रेस्टुराँमा काम गर्छ" (पृ. ६४) ।

अमेरिका भन्ने बित्तिकै मान्छेलाई, अझ भनौं नेपालीलाई स्वर्ग नै हो भन्ने अनुभूति हुने गरेको पाइन्छ तर त्यहाँ कसरी श्रम शोषण गर्छन् भन्ने कुरा कमैलाई जानकारी होला । जहाँपनि निम्न र आर्थिक अवस्था भएका मानिसहरू ठुला व्यवसायीहरूको दास बनेर रहेका हुन्छन् फरक यो हो की आवाज उठाउन सक्नेले आफ्नो श्रमको मूल्य उठाउन सक्छ भने आवाज उठाउन नसक्नले त्यत्तिकै पेलिएर रहन बाध्य हुन्छन् । यस्तै पेलिएर दुई वर्ष सम्म रामले अमेरिकामा दास जीवन बिताएको छ । त्यसपछि एक नेपालीलाई भेटेर ऊ तिनैसँग न्यूयोर्क आइ रेस्टुराँमा काम गर्न थाल्छ । यसरी उपन्यासमा रामलाई प्रतिनिधि पात्र बनाएर ठुलाले सानालाई आफ्नो हुकुमअनुसार काममा लगाउने र श्रमशोषण गरिरहने कुरालाई व्यक्त गरिएको छ ।

पुँजीपति वर्गको प्रतिनिधिका रूपमा समुन्द्रको जहाजमा यात्रा गरिरहेको बुढोको क्रियाकलापलाई प्रस्तुत गरिएको छ। नारीउपभोग देखि श्रमिक शोषण तथा श्रमिकलाई आफ्नै पेवा बनाएर काममा लगाउँन त्यस बुढो सिपालु देखिन्छ । पुँजी र विलासिताका आडमा जे गरे पनि राम्रो हो भनी ठान्ने पुँजीपतिहरूले स्त्रिलाई आफ्नो इच्छाअनुसार उपभोग गर्न चाहन्छन् भने कामदारलाई पनि पैसा दिएपछि जे पनि गर्न पर्छ भन्ने दृष्टिकोण राख्छन् भन्ने कुरालाई बुढोको व्यवहारबाट प्रस्ट पारिएको छ ।

> बुढो थियो राक्षस ! उसलाई म नै चाहिने । उसको कुरा कसले काट्ने ? अटलान्टिक महासागरमा पुगुन्जेलमा त बुढोले मलाई आफ्नो कमारो नै बनाइसकेको थियो" (पृ. ८१).. "एकदिन त बुढाले अति नै गर्‍यो ।", जारको फतफत जारी नै थियो, "पहिले विकिनी लगाएर जहाजको डेकमा लमतन्न पल्टिरहेकी प्रेमिकाको ढाड मिच्न लायो अनि त्यसपछि खुट्टाका नङ काट्न" (पृ. ८३) ।

जहाजमा काम गर्न थालेको अनुज अर्थात प्रेमको जारलाई त्यहाँ सवार अरबपति बुढोले सताउँनुसम्म सताएको छ । उमेरले बुढो भएपनि किशोरी युवति (गोरी) लाई शोषण गर्दै आफ्नो प्रेमिका बनाएको छ भने उसलाई आफ्नो इच्छाअनुसारका क्रियाकलाप गर्न लगाएको छ। प्रकृतिसमान मानिने नारीलाई बुढोले उपभोग गरेको छ भने उसको स्वतन्त्रताको पनि हनन गरेको छ। गोरीले आफ्ना चाहनाअनुसारका क्रियाकलाप गर्न पाएकी छैन। त्यसैगरी अनुजले पनिजहाजका म्यानेजरको आदेश पालना गर्दै त्यस धनाड्य बुढोको गुलामी बनेर सेवा गरिरहेको छ । यसरी पुँजीपतिहरूले निम्न वर्गका मानिसलाई उपभोग गरेर विलासी जीवन

बिताइरहेका छन् भने अर्कातर्फ नारीलाई वस्तुका रूपमा प्रयोग गर्दै शोषण गरिरहेका छन् । पुँजीपतिहरूमा संस्कृति जस्तो बनिसकेको यस्ता शोषण, दमनका विषयलाई उठाएर उपन्यासमा सबै वर्गहरूबिच समानताको भावना जागृत भए मात्र समाज सुन्दर बन्न सक्ने र प्रकृति पर्यावरणको संरक्षण हुन सक्ने भाव व्यक्त गरिएको छ ।

उद्योग व्यवसाय र विज्ञान प्रविधिको विकास भएसँगै उपभोक्तावादी संस्कृति पनि बढ्दै गएको पाइन्छ । मानिसहरू विलासी जीवनतर्फ आकर्षित हुँदै जाँदा प्राकृतिक स्रोतसाधनको उपभोगमा लागे भने त्यसको संरक्षण तर्फ त्यचित चासो दिएनन् । *हंस* उपन्यासमा पुँजीवादी संस्कृतिले भित्राएको विकृति र त्यसले पर्यावरण, प्रकृति र निम्न वर्गामा पुऱ्याएको प्रभावलाई प्रस्तुत गरिएको छ । मानिसहरूले टौदह क्षेत्रको हाँस लगायतका प्राणीहरूलाई उपभोग गरेर नै न्यून पारिरहेका छन् भने तिनको संरक्षणमा लागेका छैनन् । त्यसैगरी पुँजीपति राजदूत र जहाजमा यात्रा गर्ने बुढोले पनि श्रमशोषण गर्दै उपभोक्तावादी संस्कृतिलाई प्रश्रय दिइरहेका छन् । यसरी उपन्यासमा विभिन्न क्रियाकलापहरूमार्फत उपभोक्तावादी संस्कृतिलाई प्रस्तुत गरिएको छ भने त्यसतर्फ चासो दिइ सचेतता अपनाउँन पनि मानव समाजलाई आह्वान गरिएको छ ।

### (ई) भूमण्डलीकरण

*हंस* उपन्यासमा भूमण्डलीकरणका विविध स्वरूपको चर्चा गरिनुका साथै यसबाट पर्यावरणमा पर्न गएको प्रभावका बारेमा व्याख्या गरिएको छ । भूमण्डलीकरणले विश्वलाई नै एक बनाइरहेको परिप्रेक्ष्यमा यसका सकारात्मक सँगसँगै नकारात्मक कुराहरू रहेका हुन्छन् । मानिसहरूले विभिन्न देशमा पुगेर शिक्षा आर्जन गर्न तथा काम गर्न अवसर पाउँछन् । एक देशमा उत्पादन भएका सामग्री विश्वभरी नै पुग्छ भने ज्ञान, सीप र प्रविधि पनि विश्वभरी नै फैलिन्छ । यस सँगै यसले हाम्रा कला संस्कृतिलाई पनि असर गरिरहेको हुन्छ भने मानिसहरू अरूको देखासिखीमा रमाउँन पुग्छन् । विकसित देशमा गएर विलासी जीवन जिउँन मानिसहरू जुनसुकै किसिमका कार्य गर्न पनि पछि नपर्ने स्थिति देखिन्छ । उपन्यासले यस्ता विषयहरूलाई समेट्ने प्रयास गरेको छ । त्यस्तै मानवेतर प्राणीहरू पनि भूमण्डलीकरणका कारण आफुलाई जता सहज हुन्छ त्यतै बसाइँ सर्ने गरेको तथ्यलाई उडन्ते हाँसहरूमार्फत व्यक्त गरिएको छ ।

मौसम परिवर्तन भएसँगै आफ्नो अनुकूलको वातावरण खोज्दै उडन्ते हाँसहरू टौदह आइपुगेका छन् । उनीहरू अर्को ठाउँको मौसम आफुअनुकूल नहुन्जेल त्यहाँ बसेका छन् भने मौसम परिवर्तन भएपछि पुःन पहिलेकै ठाउँमा गएका छन् । यसरी चराहरूमा राजनीतिक सीमाले असर नगर्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । त्यस्तै आफ्ना सपनाहरू पूरा गर्न, रहर, इच्छा, चाहना तथा काम र मामको खोजी जस्ता कुराले अनुज, सीमा, शेरसिंह र अशरफ आदि पात्रहरू आफ्नो देश छाडेर अमेरिका पुगेका छन् । आफ्नो देश छाडेर अन्यन्त्र गइसकेपछि त्यहाँ भोग्नुपरेका दुःखलाई उपन्यासमा व्यक्त गरिएको छ । 'अमेरिका' भनेपछि मानिसहरूको मरिहत्ते गर्ने प्रवृत्तिलाई पनि उपन्यासले देखाएको छ ।  उनीहरू गैरकानुनी ढङ्बाट हिड्दै हिँड्दै भएपनि अमेरिका पुगेका छन् ।

> "इल्लिगल ढङ्गले भारतबाट मोरक्को, त्यहाँबाट मेक्सिको र त्यसपछि सुरूङमा छिरेर अमेरिका पुगेका अशरफसँग न भिसा थियो, न कुनै अरू कागजात ।" ...राति बाह्र बजेतिर रेस्टुरेन्टबाट सिधै डेरा र बिहान सिधै रेस्टुरेन्ट । अरू बेला बाहिर निस्कन पनि डराउँथे, पुलिसले समात्छ भनेर । बाहिर पुलिसको डर, रेस्टुराँमा छिर्नासाथ मलहोत्राको पञ्जाबी गाली र किचनमा हलाल नगरेको काँचो मासुको गन्ध (पृ. ६२) ।

कानुनी प्रक्रियाअनुसार बिदेसिँदा त कति दुःख भोग्ने अवस्था आउँछ भने बिना कागजपत्र गैरकानुनी तरिकाले विदेसिँदा कति दुःख कष्ट हुन्छ भने कुरालाई अशरफ भाइको सङ्घर्षद्वारा व्यक्त गरिएको छ । उसले अमेरिका जानकै लागि निकै कष्ट गरेको छ भने झन् त्यहाँ पुगेपछि त झमेला सहित कठिन सङ्घर्ष गर्नु परेको अवस्थालाई उपन्यासले अभिव्यक्त गरेको छ । कानुनी राज्य अमेरिकामा गैरकानुनी ढङ्गबाट प्रवेश गरेर त्यहाँ समस्या भोग्नेहरूको व्यथालाई उपन्यासले देखाएको छ । कागजपत्र र त्यहाँको कानुनी प्रक्रियाको अनुमतिबिना पुलिसले समात्छ भनेर स्वतन्त्र रूपमा हिड्न पनि अशरफले पाएको छैन । रातको समयमा रेस्टुँरा र डेरा मात्रको एकोहोरो आहोरदोहोरमै उसको जीवन बितिरहेको छ । भाषा र कागजातको समस्यासँगै वर्षौंसम्म आफ्नो घरपरिवारबाट टाढा भएर बाँच्न विवश नेपालीको कथा, व्यथा उपन्यासमा विन्यासित छ ।

सोझा र इमान्दार मानिसहरूलाई बाठाहरूले सहजै ठग्ने प्रवृत्तिलाई उपन्यासमा नेताले रामकुमारलाई महिनाभरी काम लगाएर चालिस डलर मात्र दिएको प्रसङ्ले पुष्टि गरेको छ ।

त्यस्तै राष्ट्र चलाउँछु भनेर जिम्मेवारी लिएको नेताहरू पनि समय र अवसर पाएपछि देश छाडेर जाने कुरालाई तिनै नेताले प्रमाणित गरेका छन् । चुनाव जितेर अमेरिकाको राजदूत पदमा नियुक्त भएपछि नेता अमेरिका लागेका छन् । यही अवसरमा उनकोमा काम गर्ने रामकुमार पनि अमेरिका पुगेको छ र नेताबाटै श्रम शोषणमा परेको छ । मान्छेमा विलासिता र भौतिक सुखको भोकले सताएपछि उसले आफ्नो बाचा र कर्तव्य भूल्ने कुरा तिनै नेताले देखाएका छन् । जनतासँग सदैव सेवामा खटिनेछु भन्दै भोट मागेर मौका र अवसर पाउनासाथ विदेसिँदै मान्छेको भौतिक सुखप्रतिको मोहलाई व्यक्त गरेका छन् ।

समय र परिस्थिति मिलेसम्म मानिसहरू आफ्नो परिवारसँगै बस्न चाहन्छन्, झन् अमेरिका जस्तो शक्तिशाली र विकसित देशमा सँगै बस्ने रहर कसलाई हुँदैन र ? त्यस्तै चाहनाले भरिएको अनुजले आफ्नी श्रीमती मायालाई अमेरिका ल्याउने प्रयास गरेको छ । ग्रिन कार्ड पाएपछि मायालाई अमेरिका बोलाइहाल्छु भन्ने ठानेको अनुजले त्यहाँको कानुनी प्रक्रियाको बारेमा त्यति बोध गरेको थिएन । श्रीमतीसँगै बस्ने चाहनासँगसँगै उसलाई न्यूयोर्क उड्ने बेलामा दिएको बचन पुरा गर्न पनि अनुज मायालाई कसरी अमेरिका ल्याउँन सकिन्छ भन्ने तर्फ बुझ्न थालेको छ ।

> वकिललाई भेट्दा पो थाहा भयो, ग्रिन कार्ड पाए श्रीमती ल्याउन समय लाग्ने रहेछ । कसैको कागज छिट्टै बन्दो रहेछ । कसैको वर्षौ लाग्ने रहेछ । कसले, कहिले कागज पाउँछ भन्ने कुरा लटरी जस्तै रहेछ, क्विन्सका पसलहरूमा हरेक दिन घोटिने हजारौं स्क्रेच लटरीहरूजस्तै (पृ.१०६) !

जुनसुकै देशमा पुगेपनि त्यहाँको नियम र कानुनलाई सबैले अपनाउँनै पर्छ । अनुजले पनि वकिललाई भेटेर नियमकानुनबारे जानकारी लिएको छ भने ग्रिन कार्ड पाएपछि पनि ठ्याक्कै कहिले श्रीमती ल्याउन पाइन्छ भन्ने टुङ्गो नहुने भएकाले केही समय लाग्ने बताउँदै मायालाई आशावादी बनाएको छ । यसरी उपन्यासले मानिसहरू जुनसुकै देशमा पनि स्वः इच्छा र क्षमताले जान सक्ने वातावरण सिर्जना भएको वर्तमान अवस्थालाई बुझाएको छ । आधुनिक समाज व्यवस्थासँगै मानिसहरूमा बढ्दो विलासी जीवनशैलीका कारण मानिसहरू विकसित र सम्पन्न राष्ट्रतर्फ जान आकर्षित हुन्छन् । त्यहाँ आवश्यक मात्रामा विकासका पूर्वाधारहरू निर्माण भएको हुने र मानिसहरूले आनन्दको जीवन जिउँन पाउने भएकाले विकसित राष्ट्रमा बसाइँ सर्ने गर्दछन् ।

अनुजले पनि मायालाई अमेरिका ल्याउन प्रयास गरेको छ भने मायाले पनि आफ्नै तरिकाले प्रयास गरेकि छिन् । मायाले डिभी लटरी भरेर आफ्नो श्रीमान भएको अमेरिका पुग्न आफ्नै किसिमले प्रयास गरेकी छिन् भने उसको नाम पनि निस्किएको छ ।

> फोनमा ऊ भन्दै थिई, 'सुन्नु न, जे पर्ला भनेर म-मैले पनि यो पटक डि-डिभी लटरी भरेकी थिएँ । मेरो नाम नि-निस्कियो नि !' .....
>
> "ए राम्रो भएछ" ! मात्र भन्न सकेँ ।
>
> "आज पु-पुतली सडक गएर द-दलालसँग कुरा गरेँ ।", माया भकभकाउँदै थिई, "ती–तीन महिनाभित्रै अमेरिका आउन मि–मिल्छ रे ! बुवा-आमा पनि खुशी हुनुभाछ । बुवा भन्नुभाछ, "आज तेरो तपस्या प–पूरा भयो । तँ अब अमेरिका जा, बरू अहिले छोरी स-सानी छ, यहीँ छाडेर जानू, हा-हामी छँदै छौँ हेर्न, एक-दुई वर्षपछि द–दुवै जना सँगै आएर लिएर जानू ।" (पृ. १११)

माथिको अंशले अमेरिका जान मायाले गरेको प्रयास र सफलतापश्चात् परिवारले जनाएको प्रतिक्रियालाई देखाएको छ । आफ्नो सानी बच्ची छोरीलाई आफूबाट अलग गराएर पनि अमेरिका जान तम्तयार भएकी एक आमाको मनोभाव यहाँ अभिव्यक्त छ । त्यसमाथि परिवारले पनि सहमती जनाएका छन् भने आवश्यक मात्रामा सहयोग पनि गरेका छन् । यस प्रसङ्गले समग्र विश्वलाई एक बनाएको छ भने एकै परिवारका सदस्यहरू पनि विश्वका अलग-अलग स्थानमा रहेर भूमण्डलीकरणलाई तीव्र बनाइरहेको पाइन्छ ।

भूमण्डलीकरणका कारण कतिपय अवस्थामा फाइदा हुन्छ भने कतिपय अवस्थामा त्यसले नकारात्मक असर पनि पारिरहेकै हुन्छ । राजदूत भएपछि विकसित मुलुक अमेरिका जाने अवसर पाएको नेताले आनन्दको जीवन बिताएको छ भने ऊ सँगै अमेरिका गएको रामले आफ्नै मालिक तथा तिनै नेताबाट श्रमशोषणको पीडा भोग्न परेको छ ।

> नेताको परिवारसँगै राम पनि डिसी पुगेछ । डिसी पुगेपछि पनि काम झण्डै उस्तै - घर सफा गर्ने, बच्चाहरूलाई स्कुलको टिफिन तयार गर्ने, पाहुना आउँदा थरीथरीका परिकारले सत्कार गर्ने इन्डिएन स्टोरबाट दाल, चामल, मरमसला बाकेर ल्याउने आदि । राजदूतले रामलाई हरेक महिना चालिस डलर तलब दिँदा रहेछन् (पृ. ६३) ।

राजदूतले रामकुमारलाई यसरी सारा काम लगाएर अत्यन्तै न्युन पारिश्रमिक दिई राखेको छ भने उसले पनि दुई वर्ष पछि अर्को नेपालीसँग दोस्ती भएपछि मात्र आफु श्रमशोषणमा परेको रहेछु भन्ने थाहा पाएको छ। चेतना र ज्ञानको अभावले गर्दा परदेशिएका मानिसहरूले भोगेको समस्या तथा उनीहरूको कमजोरी थाहा पाई बाठाटाठा मानिसहरूले उनीलाई गर्ने शोषणलाई यहाँ राममार्फत व्यक्त गरिएको छ । भूमण्डलीकरणका कारण विश्वसमाज एउटै भएको अवस्थामा त्यसबाट लाभ प्राप्त गर्न सबै मानिसहरू सचेत हुनुपर्ने र समयअनुसार आवश्यक मात्रामा शिक्षा लिनुपर्ने कुरालाई पनि यहाँ सचेत गराउँन खोजिएको छ । उसलाई सचेतताको श्रमशोषणको बारेमा बोध गराइदिने साथीले नै न्युयोर्क ल्याएर इन्डियन रेस्टुँरामा काम लगाइदिएको छ। यसरी उपन्यासमा प्रवासिएका नेपालीहरूले भोग्ने पीडा र समस्यालाई देखाइएको छ।

भूमण्डलीकरणका कारण विश्वसमाज नै एक भएको परिप्रेक्ष्यमा सवारीसाधन पनि विभिन्न मुलुकमा घुमिरहने प्रसङ्गलाई अनुजले जहाजबाट भागेर गुजरातीकोमा जान बनाएको योजनामार्फत् व्यक्त भएको पाइन्छ। पानीजहाजले विभिन्न राष्ट्रहरू भएर सामुन्द्रिक देशहरू परिक्रमा गरिरहेको छ भने त्यहाँबाट मानिसहरू पनि विभिन्न क्षेत्रमा विभिन्न कामका शिलशिलामा भ्रमण गर्ने गरेको कुरालाई यहाँ सङ्केत गरिएको छ।

> म अमेरिकाको पुछारमा रहेको मियामी पुगेपछि मात्र जहाज छाड्न चाहन्थेँ। सोचेको थिएँ, “जुन दिन जहाज केपटाउन पार गर्दै अटलान्टिकमा छिर्नेछ, म विस्तारै आफ्नो प्लान बनाउनेछु। त्यसपछि ब्राजिलको किनारैकिनार हुँदै मियामीतिर लाग्नासाथ भाग्ने तयारी गर्नेछु (पृ. ८३)।

यसरी उपन्यासमा जहाजले विभिन्न देश/क्षेत्र भ्रमण गरी विश्वसमाजलाई एउटै डोरीमा बाँध्ने प्रयास गरेको छ । सवारी साधनको र प्रविधिको विकासले पनि भूमण्डलीकरणलाई बढावा दिइरहेको छन्। मानिसहरू सहजैसँग एक ठाउँबाट अन्य ठाउँमा जान सक्छन् भने अन्य ठाउँमा उत्पादन भएका वस्तुहरूको पनि प्रयोग गर्न सक्छन्। यसरी विज्ञान, प्रविधिको विकासले भूमण्डलीकरण बढ्दै गएको छ।

भूमण्डलीकरणले विश्वभरीका विभिन्न देश, त्यहाँ उत्पादन भएका सामग्रीहरू, जनसमुदाय, धमृ, संस्कृति लगायत अर्थतन्त्रका बिचको अन्तर्सम्बन्धलाई बुझाउँछ । *हंस*

उपन्यासमा भूमण्डलीकरणले वर्तमान विश्वसमाज र मूलतः नेपाली परिवेशमा पारेको प्रभावलाई व्यक्त गरिएको छ । आधुनिकताको विकास सँगसँगै मानिसहरूमा बढ्दो विलासी जीवनशैलीका कारण उनीहरू विकसित देशमा गएर त्यहाँको सुख, सुविधा उपभोग गर्न चाहन्छन् । उपन्यासमा अनुज, अशरफ, सीमा, माया लगायतका पात्रहरू त्यही सुखि, सुविधा उपभोग गर्नका लागि विकसित राष्ट्र अमेरिका गएका छन् । उपन्यासमा चेतना र ज्ञान सीपको अभावले अरूको कतिसम्म दुख खेप्न पर्छ भन्ने कुरा विभिन्न पात्रका भोगाइमार्फत् प्रस्तुत गरिएको छ । प्रविधि र विधुतीय संयन्त्रको विकासका कारण विश्वको जुनसुकै क्षेत्रमा भएपनि सूचना, जानकारी र उत्पादनका वस्तुहरूको प्रयोगबाट वञ्चित हुन नपर्ने कुरालाई विन्यासित गरिएको छ । यसरी भूमण्डलीकरणले मानिसहरूको जीवनशैली, चेतना, सोच, चिन्तन लगायतका विविध पक्षमा प्रभाव पारेको छ ।

### (उ) आदर्श सत्ता

हंस उपन्यासमा प्रेमको घरमा मूर्तिकारले बनाएको दुर्गा देवीको मूर्तिका प्रसङ्गबाट आदर्श सत्ताको सिर्जना गरिएको छ । यहाँ हातपाखुरा चलाएर श्रम गर्ने श्रमिकभन्दा पनि बलवान् र शक्तिशाली तत्त्वका रूपमा देवीको मूर्तिलाई देखाइएको छ । त्यसताका मलाई बुवा संसारको सबैभन्दा शक्तिशाली पुरुष लाग्नुहुन्थ्यो तर हतियार उठाएकी दु र्गा बुवाभन्दा पनि शक्तिशाली देखिन्थिन् । (पृ. १३४) प्रेमले आफ्ना बुवालाई भन्दा मूर्तिकारले बनाएको देवीको मूर्तिलाई शक्तिशाली देखेको छ । अदृश्य शक्तिको रूपमा पुजिने देवी तथा भगवानप्रतिको आदर्श विचारधारालाई यहाँ अभिव्यक्त गरिएको छ ।

उपन्यासमा लहडे हाँसलाई अजम्बरी बकुल्लाले मनको आकाशमा उड्न सिकाएको छ । कहिल्यै नमर्ने श्राप पाएको बुढो बकुल्लो आध्यात्मिक चिन्तनमा लागेर मनमनै मनकै संसारमा रमाउन पुगेको छ । उसले हाँसलाई पनि त्यही सल्लाह दिन्छ । उमेर बढ्दै गएपछि लहडे हाँस बुढो भएको छ भने उसको उडेर मनसरोवर पुगी काली हँसिनीलाई भेट्ने सपना पनि कमजोर बन्दै गएको छ । बकुल्लाको सल्लाहअनुसार लहडे हाँसले पनि आफ्नो मनको संसारमा उडेर आनन्द लिन थालेको छ । यसरी आफ्नै संसारमा रमाउन थालेको लहडे हाँसलाई अन्य युवा हाँसहरू जसलाई लहडेले उड्न पनि सिकाएको थियो, तिनीहरूले लहडे हाँसलाई काका हाँस महात्मा भएको भन्दै देवत्वकरण गरेका छन् । उपन्यासमा काका हाँस अर्कै भएपनि त्यो अन्तै हराएको छ । पछि लहडे हाँस नै बुढो हुँदै गएपछि अन्य युवा हाँसहरूले

त्यही लहडेलाई काका हाँस भन्न थालेका छन् । त्यही (लहडे) काका हाँसलाई सुरुमा एक दुई युवा हाँसले महात्मा भन्न थालेर पछि धेरै हाँसहरूले महात्मा भन्दै लहडे हाँसको नाम नै महात्मा रहन पुगेको छ लहडे हाँसका भक्तहरू पनि खडा भएका छन् । उसलाई दर्शन गर्न आउने श्रद्धालुहरूको पनि भिड लाग्न थालेको छ ।

> अर्को श्रद्धालुले सोध्यो, "अब के भन्दै हुनुहुन्छ महात्मा ?" अब ह्वाँ त्यहाँ (आकाशपारीका) का सिमसारको वर्णन गर्दै हुनुहुन्छ । ", भक्तहरूले भने, "त्यहाँका स्वादिला गँड्यौला, किरा - फट्याङ्ग्रालाई समात्न चुच्चो पनि चलाउन पर्दैन रे, गँड्यौला, किराहरू आफैँ आएर 'मलाई खाइदिनुहोस्, तपाईंजस्ता हाँसले खाइदिएमा धन्य हुने थिएँ' भन्छन् रे !" (पृ. २१५)

लहडे हाँसलाई देवत्वकरण गर्दै उसले खाइदिए मात्र पनि धन्य हुने भन्दै अन्य प्राणीहरूले लहडेप्रति राखेको आदर्श भावलाई यहाँ व्यक्त गरिएको छ । यसरी महात्मा हाँस (लहडे) का भक्तहरूले श्रद्धालुहरूलाई आ-आफ्नै किसिमले लहडेको क्रियाकलापबारे व्याख्या गरिदिएर आदर्श सत्तालाई प्रस्तुत गरिदिएका छन् ।

उपन्यासमा माकुराका कथा मार्फत माकुरालाई आदर्श सत्ताका रूपमा स्वीकार गरिएको छ । माकुराले थापेको जालमा सानातिना किराहरू मात्र नभएर ठुला-ठुला जीव जनावर पनि फस्ने गरेको विश्वासलाई व्यक्त गरिएको छ । पूर्वीय संस्कृतिले भगवान, देवता नामकरण गरी अदृश्य सत्तालाई मान्ने गर्दछ । जसमा देवतालाई विशिष्ट शक्तिका रूपमा लिने गरिन्छ भने भौतिक जगत्को रेखदेखमा तिनै अदृश्य शक्तिको भूमिका हुने विश्वास समाजमा चलिआएको छ । तिनै शक्तिशाली देवताले माकुरालाई वज्रले हानेर त्यही टौदहमा खसालेको कथालाई उपन्यासमा प्रस्तुत गरिएको छ । यसले अदुश्य शक्ति र त्यसको प्रभाव अहिले पनि उत्तिकै रहेको अवस्थालाई बोध गराउँछ ।

> "आदिकालमा एउटा विशालकाय माकुरा थियो रे !", वृद्धले भने, "सुनौलो सिल्कको जालो बुन्थ्यो । उसको च्यापच्यापे जालोमा कीराहरू मात्र नभएर गिद्ध, घोडा र बाघ-भालु पनि फस्थे रे ! हुँदाहुँदै माकुराको महत्त्वकाङ्क्षा बढ्दै गएछ । झन्झन् विशाल जाल बुन्न थालेछ । उसका जालले जमिनमात्र नभई आकाशसमेत ढाक्न थालेछन् । तारा, चन्द्रमा र नक्षत्रहरूसमेत जालमा पर्न थालेछन् ।"

"अनि के भयो त ?"

"अति भएपछि देवताले आकाशबाट वज्र हिर्काए । वज्रको मारले रन्थनिएको माकुरो चिप्लिएर दहमा खसेछ । डुब्दै डुब्दै पींधमा पुग्यो रे ! तर मरेन । पींधमै बसीबसी अझै जाल बुनिरहेकै छ अरे ! कुनै दिन आकाश, पाताल, समुन्द्र सबैलाई ढाक्ने उद्देश्य लिएर !" (पृ. २४) ।

प्रस्तुत सन्दर्भमार्फत माकुरालाई आदर्श बनाई त्यसको जालले संसारलाई ढाक्ने र देवताभन्दा शक्तिशाली हुन सक्छ भन्ने आदर्श भाव व्यक्त गरिएको छ । हाम्रो संस्कृतिअनुसार देवतालाई विशिष्ट क्षमता भएको एक शक्तिका रूपमा मानिन्छ । यहाँ माकुराको दैविक शक्तिलाई देखाइएको छ भने देवताको वज्रबाट पनि नमरेर झन् ठुलो जाल बुन्दै गरेको आदर्शात्मक भाव यहाँ विन्यासित छ । समाजमा लामो समयदेखि विद्यमान इश्वरीय सत्तालाई उपन्यासमा प्रस्तुत गरिएको छ भने त्यसले हालसम्मका मानिसहरूमा पनि प्रभाव पारिरहेको अवस्था यहाँ व्यक्त गरिएको छ । सीमाकी आमाले शिवपार्वतीप्रति निकै नै आस्थाभाव राख्नु र पशुपतिनाथकै दर्शन गरेर मनका भावना पुरा हुने विश्वास राख्नु अदृश्यशक्तिप्रतिको आदर्शभाव हो ।

सीमाकी आमालाई शिवपार्वतीमा धेरै आस्था, हरेक हप्ता पशुपतिको दर्शन नगरे चित्त नबुझ्ने । हुन त शिवलिङ्गको दर्शन गर्न थालेको वर्षौ भइसकेको थियो तर मनको इच्छा पूरा गर्ने कुनै दैविक चमत्कार भएन । सीमापछि एक-एक गर्दै चारवटी छोरी र अन्तमा एउटा छोरा जन्मिए । इच्छा अधुरो रहे पनि शिवलिङ्गको पूजा यथावत् नै रह्यो (पृ. ४६) ।

सीमाकी आमाको शिवपार्वतीप्रति धरै नै आस्थाभाव थियो भने यिनीहरूको दर्शन र भक्तिबाट जुनसुकै समस्या पनि समाधान हुन्छ भन्ने विश्वास पनि थियो । आफ्ना इच्छा पुरा नभएमा उनी आफ्नै भक्ति तथा भगवानप्रतिको सेवामा कमी भएको ठान्थिन् । त्यस्तो आदर्शात्मक भावना र भ्रम सीमाकी आमामा सानै उमेरदेखि जागृत भएको देखिन्छ । सानै हुँदा ज्योतिषीले हत्केलामा भक्तिनी हुने योग छ भने पश्चात् उनको मनमा भक्तिभावका विचार गढेर बसेको थियो भने त्यसलाई कुनै पनि यथार्थले परिवर्तन गर्न सकेको थिएन । कुनै पनि मानिसमा सानै उमेरमा मनमा बिझेको तथा मानसिक रूपमा नै घत परेको कुराले

पछिसम्म पनि प्रभाव पार्ने गर्दछ । सानै उमेरमा सुनेका सांस्कृतिक कथाहरूमा उनी विश्वास राख्थिन् । यसरी सीमाकी आमाको अदृश्य शक्तिसँगको आदर्शभावलाई प्रस्तुत गरिएको छ ।

उपन्यासमा देवीदेवताको मूर्तिपुजासँग जोडिएको आस्थाभावयुक्त आदर्श पक्षलाई चित्रण गरिएको छ । पूर्वीय संस्कृतिअनुसार प्रचलित मूर्ति पुजा र त्यसबाट प्राप्त हुने आनन्दानुभूतिलाई समेट्दै विश्वसमाजको कल्याण नै मूर्तिले गर्न सक्ने भाव व्यक्त गरिएको छ । समाजमा परम्परादेखि चल्दै आएको विश्वासलाई व्यक्त गर्दै त्यसले हालसम्म पनि विभिन्न रूपमा आफ्नो अधिपत्य जमाइरहेको कुरा उपन्यासमा विन्यासित भएको छ ।

> "तपाईंकोबाट ल्याएको गमला त चर्कियो है !, आमाले भन्नुभयो, कतै यो मूर्ति पनि चर्किने त होइन ?" "किन चर्कन्थ्यो ?", मूर्तिकारले भन्यो, "देवीदेवता न चर्कन्छन् न फुट्छन् ।" उसले रङका बट्टा भुइँमा राखेर दुर्गालाई नमस्कार गऱ्यो । भन्यो, "गमला फुट्न सक्छ तर भगवान् फुट्ने छैनन् !"
> आमा मुसुक्क हाँस्नुभयो । आमा हाँसेको कारण मैले बुझ्न सकिनँ । आमा हाँसेको देखेर म पनि हाँसे । विजय पनि हाँस्यो । उसले बट्टामा औँला चोपल्यो । अनि हातले आमाको गाला छोयो । आमाको गाला रातै भयो ।
> "हे महिषासुर मर्दिनी !", मूर्तिकारले दुर्गालाई भन्यो, "मैले तिमीलाई बनाएँ । अब तिमी नै संसारलाई पापीहरूबाट जोगाऊ" (पृ. १३५) ।

प्रस्तुत उपन्यासमा देवीदेवताप्रतिको आस्थाभावलाई व्यक्त गरिएको छ भने देवीदेवताका मूर्ति बनाई ती प्रति गरिएको श्रद्धा र संसारलाई तिनको शक्तिले बचाउने आदर्श भाव विन्यासित गरिएको छ । हिन्दु धर्मानुसार प्रचलनमा रहेको मूर्तिपुजालाई यहाँ मुख्य विषय बनाइएको छ भने त्यसै मूर्तिलाई पुजा गरी श्रद्धा प्रकट गरेमा आफ्ना इच्छा आकाङ्क्षा पुरा हुने आदर्शात्मक विचार सम्प्रेषण गर्न खोजिएइको छ । मूर्तिकारकोबाट गमला सामान्य वस्तु मात्र भएकोले चर्कने तथा फुट्न सक्ने भएपनि देवीदेवताको मूर्ति विशेष आस्थावान् चिज भएकोले केही नहुने भाव मूर्तिकारले व्यक्त गरेको छ । यसो त मूर्ति भन्ने बित्तिक्कै भक्तिभावसँग जोडिने र पापधर्मसँग पनि जोडिने भएकाले त्यसमा छुट्टै मिहेनत गरिएको हुनसक्छ त्यसकारण त्यो चर्कने र फुट्ने सम्भावना कम हुन्छ । यस्तो अदृश्य शक्तिलाई संसारमा समस्या परेमा त्यसबाट जोगाउन र पापी अर्थात् गलत काम गरेर समाज, प्रकृति, पर्यावरण बिगार्न

खोज्नेहरूबाट जोगाउन आह्वान गरिएको छ । यसरी इश्वरीय सत्ता तथा अदृश्य सत्ताप्रतिको आदर्शभावलाई उपन्यासमा व्यक्त गरिएको छ ।

उपन्यासमा भक्तिनीप्रति गरिएको दैवीकरणले आदश सत्तालाई व्यक्त गरेको छ । लामो समयको खडेरीपश्चात् टौदह सुक्दै गएर त्यहाँका प्राणीहरूको जीवन अपिस्तत्व मेटिन लागेपछि भक्तिनीले रोएरै टौदह भरेकी छिन् भने त्यहाँको वातावरण हराभरा हुन पुगेको छ । यहाँ भक्तिनीलाई मान्छे भएर बाँच्न मन नलागेको प्रसङ्गले उनमा कुनै दैविक शक्ति हावी भएको देखिन्छ ।

> जति उनको आँसुले पोखरी भर्दै लग्यो, त्यत्ति नै भक्तिनी अर्कै रूपमा परिवर्तन हुँदै गइन् । उनका हात हराए, हाँगाा पलाए । खुट्टा बिलाए, जरा फिँजिए । छाला सुकेर बोका भए । पोखरी भरिएपछि जङ्गलबाट फर्केका चराहरूले देखेछन्, जुन टापुमा भक्तिनी बस्थिन्, अब त्यहाँ खरीको रूख रहेछ (पृ. १४३) ।

कुनै दैविक शक्तिका कारण उपन्यासमा भक्तिनीको स्वरूप परिवर्तन भएर खरीको रूख बन्न पुगेको छ । कोही मान्छेलाई मान्छे भएर बाँच्न मन नलाग्दैमा ऊ रूप परिवर्तन भएर बाँच्न सक्दैन, त्यसैले यहाँ भक्तिनीका गतिविधिलाई अनौठो शक्तिका रूपमा देखाउँन खोजिएको छ भने उनले खडेरीले सताएको टौदहलाई पनि पुःन हराभरा बनाइदिएकी छिन् । यसरी भक्तिनीलाई आदर्श शक्तिका रूपमा उपन्यासमा प्रस्तुत गर्दै हामीले पनि पर्यावरणको संरक्षणका लागि एउटै तरिकाले नभएर समय, परिस्थितिअनुसार फरक फरक तरिकाले काम गर्नुपर्ने भाव यहाँ सम्प्रेषण गरिएको छ । मानिसहरू आफ्नो मात्र स्वार्थ हेर्ने र पर्यावरणमा भएका वस्तुहरूको उपभोगमा मात्रै केन्द्रित हुँदै गएको अवस्थालाई मध्यनजर गर्दै उपन्यासकारले आदर्श सत्ताका माध्यमबाट अब मान्छेहरूले पनि आदर्श रूप ग्रहण गर्दै प्रकृति र पर्यावरण जोगाउँन तथा संरक्षण गर्न लाग्नुपर्ने भाव उपन्यासमा अभिव्यञ्जित छ ।

### (ऊ) आदिम वृत्ति

*हंस* उपन्यासमा घटित विभिन्न घटना आदिम वृत्तिका कारण घट्न पुगेका छन् । लामो समयदेखि समाजमा प्रचलित सामाजिक, सांस्कृतिक परम्पराहरूले हाम्रा मन मस्तिष्कमा विभिन्न गुणहरू विकसित गराएको हुन्छ । जसका कारण अचेतन मन सक्रिय भएर विभिन्न घटना घटाउँन पुग्छ । पूर्वीय धर्म, संस्कृतिले स्थापना गरेको आदिम वृत्ति सीमाकी आमामार्फत्

प्रस्तुत भएको छ । नेपाली समाजमा परम्परादेखि नै अदृश्य सत्तालाई स्वीकार गर्ने गरिन्छ भने त्यसैबाट विकसित भएको हाम्रा मानसिक चिन्तन, विचारमा त्यस्ता आदिम इच्छा हुने नै भयो । त्यसैले सीमाकी आमाले अदृश्य शक्तिलाई पुजा गर्दै आफ्ना इच्छा चाहना पूर्ण हुने आशा राखेकी छिन् । “सीमाकी आमालाई शिवपार्वतीमा धेरै आस्था, हरेक हप्ता पशुपतिको दर्शन नगरे चित्त नबुझ्ने” (पृ. ४५) । भगवानको दर्शन नगरे, पुजा, श्रद्धाभाव नराखे काम राम्रो हुँदैन र सुख, शान्ति पाइँदैन । हामीलाई सञ्चालन गर्ने त उनै देवता हुन्, भगवान् हुन्ने भन्ने समाजमा स्थापित मान्यतालाई यहाँ प्रस्तुत गरिएको छ । पशुपतिको दर्शन गरेमा छोरा जन्मिन्छ भन्ने भ्रमले सीमाले आमा शिवपार्वतीको भक्ति गरिरहन्छिन् तर यथार्थता बुझ्न उनलाई निकै समय लागेको छ । पुराना दैविक कथाहरू पत्याएर हिमालमा शिवजीको परिवार बस्छन् भन्ने सोच्थिन् । यसरी समाजमा पहिलेदेखि चलिआएका आदिम संस्कृति तथा क्रियाकलापले विकास गराएको मानसिक अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

पितृसत्तात्मक समाजको अहम् प्रवृत्ति र म त पुरुष हुँ, म मा नै शक्ति केन्द्रित हुनुपर्छ, नारी त हाम्रा अधीनमा रहने वस्तु जस्तै हुन् भन्ने आदिम संस्कार तथा पुरुषको अचेतनमा जरा लगाडेर बसेको सोचका कारण प्रेमले सीमामाथि हातपात गरेको छ, जसको परिणाम सीमा र प्रेम दुवैको जीवन बरबादीतर्फ धकेलिएको छ ।

> अपमानको आगोमा घर, घेरा, सडक सबै जल्न थाले । आगोमा हामीले दुवै झुल्सिन थाल्यौं । भाग्न खोजेँ तर सकिनँ । होस आउँदा विश्वास भएन । सीमा घर छाडेर गइसकेकी थिई । मातेको बेला भएको गल्तीको यति ठूलो सजाय ! बुझ्नै सकिनँ, सीमाले कसरी मलाई चटक्कै छाडेर हिँड्न सकी !
>
> पछि मात्र बोध भयो, रिसको झोकमा मैले उसलाई नराम्रोसँग कुटपिट गरेछु । रक्ताम्य नाक र ओठ, नीलडाम परेको अनुहार !
>
> छिमेकीले हकारे, “तिमी पढेलेखेको मासिन, कस्तो जङ्गली भाको । धन्न भाउजुले पुलिसमा रिपोर्ट लेखाउनु भएनछ । नत्र घरेलु हिंसाको अपराधमा जेलमा जाकिने थियौ” (पृ. १०१) ।

वास्तविकता नबुझी आफ्नो अपमान भयो, शिर निहुरियो भन्दै जाइलाग्ने मान्छेको आदिम प्रवृत्ति यहाँ झल्किएको छ । कुनै पनि मान्छेले आफ्नो आत्मसम्मान र स्वाभिमान गुमाउँन चाँहदैन । त्यसैको रक्षा गर्दा प्रेमको चेतनशक्ति हराएको छ भने अचेतन मन हावी

भएर उसले सीमामाथि हातपात गरेको छ। भट्टीपसलमा राष्ट्रवादीले आफु ठूलो हुन र अरूलाई निम्न बनाउने उद्देश्यले सीमाको इज्जतमाथि प्रश्न गर्दा र अरूसँग लागेको बताउँदा त्यस कुरालाई सहन नसकी प्रेमले सीमालाई नराम्रोसँग कुटपिट गरी नीलडाम र रक्ताम्य बनाएको छ । आफ्नो परिवारका सदस्यको इज्जत भनेको आफ्नै इज्जत हुने भएकोले यहाँ सीमालाई नराम्रो भन्दा आवेगमा आई प्रेमले दुर्व्यवहार गरेको छ । रिसको झोकमा वेद पढिँदैन भनेझैँ प्रेमले पनि रिसको आवेगमा चेतनाका कुरा बिर्सेर अचेतनमा रहेको आदिम वृत्ति हावी हुन गई नराम्रो व्यवहार गरेको छ । यसरी उपन्यासमा आत्मसम्मानका विषय आउँदा तथा रिस, आवेगका बेलामा मान्छेमा हुने आदिम प्रवृत्ति अर्थात् मान्छेमा हुने प्राकृतिक गुण अचेतन रूपमा नै जागृत भएर काम गर्ने र त्यसले सचेतता गुमाउने अवस्थाको चित्रण गरिएको छ ।

हाम्रो सोच, चिन्तन र बौद्धिक क्षमता पनि पुस्तान्तरण हुने गर्दछ । बाबुको स्वभाव तथा प्रवृत्ति छोरामा पनि सर्ने हुन्छ । त्यस्तै प्रवृत्तिगत पुस्तान्तरणकै कारण पनि सीमालाई प्रेमले कुटपिट गरेको हो। हजुरबुवाले तीनओटी श्रीमती ल्याएर तह लगाएर राखेका थिए भन्दै सिकाउने र आमालाई कुट्दा पनि श्रीमती कुट्न् मर्दापन हो भनेर बुझाउने प्रेमका बुवाको आदिम गुण प्रेममा सरेको देखिन्छ।

> सायद त्यही पाठ बुवालाई हजुरबुवाले घोकाउनुभएको थियो होला। अनि तिनै पाठहरू माकुरे जाला झैँ मेरो अन्तर्मनमा जरा हाल्दै फिँजिदै गएका थिए । एकपल्ट फेरि सीमाको अनुहारको निलडाम सम्झेँ । म बुवाबाट तर्कन थालेपछि एक दिन आमाले सम्झाउनु भएको थियो। आमाको स्वर झल्झली सम्झेँ (पृ. १३७)।

माथि प्रस्तुत उपन्यांसमा हजुरबुवाबाट नै श्रीमतीलाई आफ्नो अधीनमा राख्नुपर्छ भन्ने कुरा पुस्तान्तरण हुँदै प्रेमसम्म आइपुगेको कुरालाई बताइएको छ। यसरी उपन्यासमा आदिम प्रवृत्ति समाजमा लामो समयदेखि चल्दै आएको परम्परा तथा संस्कारले पछिल्ला पुस्ताको मनोविज्ञानमा पनि प्रभाव पारिरहेको हुन्छ। चेतनशील रूपमा बाहिर नआएपनि अचेतन मन सक्रिय भएको अवस्थामा भने यस्ता आदिम वृत्ति जागृत भएर विभिन्न घटना घटाउँन सक्ने कुरा उपन्यासमा विन्यासित छ।

उपन्यासमा आदिम प्रवृत्तिले कसरी काम गर्छ भन्ने कुरालाई हाँसहरूको क्रियाकलापमार्फत पनि प्रस्तुत गरिएको छ। जति नै प्रयास गरेपनि लहडे हाँस मजाले उडेर

काली हँसिनीलाई भेट्न जान सकेको छैन । घरपालुवा हाँसहरूको वृत्ति नै उड्न नसक्ने भएकोले लहडे हाँसको उड्ने सपना, उडेर पहाड, पर्वत घुम्दै मनसरोवर पुगेर आफ्नी प्रेमिका हँसिनीलाई भेट्ने चाहना अधुरै रहेको छ ।

> "हाम्रो प्रकृतिमा उड्नु छैन, लामो समयसम्म पोखरीमा डुबिरहनु पनि छैन । ...हामी घरपालुवाहरू मध्यमार्गी हौँ ।" फिस्टेले थपे, "हामी उड्छौँ तर अलिकति मात्र । डुब्छौँ, पौडन्छौँ तर अलि अलि मात्र । हामी जमिनसँग जोडिएका छौँ । हाम्रो नियति चराजस्तो आकाशमा उड्नु होइन । न माछाजस्तो पानीमा डुब्नु नै हो । हामीले आफ्नो प्रकृति विरुद्ध जानु आफ्नै क्वाँक खलकप्रतिको अपराध हो ।" (पृ. १५८)

यसरी हाँसहरूमार्फत आफ्नो आदिम वृत्ति उड्ने नभएकोले उड्नमात्रै खोज्नु मुर्ख भएको भाव सम्प्रेषण गर्नुका साथै हाँस खलकप्रतिकै अपराध भएकाबारे बताएको छ । काली हँसिनीसँगको प्रेमका कारण उसलाई भेट्न जान जोड गर्दै उड्ने प्रयास गरेको लहडे हाँसलाई सम्झाउँदै आफ्नो प्रकृतिविरुद्ध नजान अन्य हाँसहरूले सल्लाह दिएका छन् । आफ्नो आदिम स्वभाव के हो त्यसलाई परिवर्तन गर्न नसकिने भाव यहाँ व्यक्त गरिएको छ । मानिसहरू प्रविधि बिना उडेर आफ्नो गन्तव्यमा पुग्न सक्दैनन् भने चराहरू हिँडेर आफ्नो गन्तव्यमा पुग्न सक्दैनन् । त्यस्तै यहाँ पनि उडन्ते हाँसको आदिम वृत्ति नै उड्ने भएकोले उनीहरू सहजसँग उड्न सक्छन् भने लहडेको आदिम वृत्ति नै पौडने मात्र भएकोले उनीहरू जतिसुकै प्रयास गरेपनि उडेर गन्तव्यमा पुग्न सकेको छैन । त्यसकारण उपन्यासमा आदिम वृत्तिले पनि हाम्रो क्रियाकलापमा प्रभाव पार्ने भाव व्यक्त गरिएको छ भने त्यसलाई हामीले चाहेर पनि परिवर्तन गर्न सक्दैनौँ । यदि अभ्यास गरेर नै प्राणीहरूको आदिम वृत्ति परिवर्तन हुन्थ्यो भने यहाँ जीवहरूको छुट्टाछुट्टै अस्तित्व पनि नहुन सक्थ्यो र महत्त्व पनि कम हुन्थ्यो । जसले जति बेला जे चाह्यो त्यही रूपमा परिवर्तन भएर रहन सक्थ्यो, त्यसैले आदिम वृत्तिले पर्यावरणीय सन्तुलनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्न सकिन्छ ।

उपन्यासमा कर्कोटक नागराजा र डोब्रे सर्प एकआपसमा मिल्नुलाई पनि आदिम वृत्तिका रूपमा लिन सकिन्छ । आफ्नी मायालु नागरानी खोकनाको डोब्रे सर्पसँग लसपसमा लागेको थाहा पाएपछि रिसाएको कर्कोटक नाग पुःन पछि आफ्नै रानीको खुसीको लागि मिल्न पुगेको छ । नागरानी बिरामी पर्दा अनेकौँ उपचार गरेर पनि ठिक नभएपछि नागराजाले डोब्रेलाई बोलाएर उनीहरूको मिलन गराइदिएको छ । यसरी आफ्नो प्रेमी डोब्रेसँग भेट भएपछि

नागरानीलाचई पनि निको हुँदै गएको छ । आफ्नी रानीको खुसीको लागि नागराजाले आफ्नै जार डोब्रेसँग विस्तार-विस्तार मित्रतापूर्ण व्यवहार गर्दै गएको छ ।

> जति नै कोसिस गर्दा पनि नागराजा उड्न सकेनचन् । तर आफ्नी प्यारीले उडेको हेर्न उनलाई मन पर्थ्यो रे ! त्यसैले पानीबाट बाहिर निक्लिरहन्थे, डोब्रे र नागरानी सँगै हेर्न । नागराजा, नागरानी र डोब्रे साँप सँगै हिँडेको देख्दा सबै छक्क पर्ते रे । (पृ. ५६)

डोब्रेको उड्ने कला देखेरै मोहित भई डोब्रेलाई मन पराउँन गुगेकी नागरानी भावनालाई नागराजाले बुझ्दै उनीहरू दुवैलाई मिलन गराइदिएको छ । यसरी नागराजाले आफ्नी रानीको खुसी र स्वस्थ जीवनका लागि श्रीमतीकै प्रेमी सर्पसँग मित्रताबद्ध रूपमा बसेको छ ।

उपन्यासमा प्रेमले सीमालाई आक्रमण गरिहाल्नुलाई पनि आदिम वृत्तिका रूपमा लिन सकिन्छ । प्रेमका बुबाले पनि आफ्नी श्रीमतीलाई सानो-सानो कुरामा कुट्ने गर्दथे र कुरा नै नसुनि, नबुझिकनै नराम्रो व्यवहार गर्ने गर्दथे । यस खालको प्रवृत्ति प्रेममा पनि देखिन्छ, उसले अरूको कुरा सुनेर आफ्नी श्रीमती सीमालाई शङ्का गरेको छ भने कुटपिट पनि गरेको छ । यहाँ बाबुको गुण पुस्तान्तरण भएर आएको देखिन्छ, जुन आदिम वृत्तिकै प्रभाव हो ।

## २.५ निष्कर्ष

प्रकृतिको अस्तित्व र पर्यावरणको सन्तुलित अवस्था रहेमा मात्र मानवीय अस्तित्व सुरक्षित रहने मान्यता राख्ने पर्यावरणीय समालोचनामा पर्यावरण संरक्षणमा मानव समाजकै सक्रियतालाई जोड दिइन्छ । *हंस* उपन्यासमा प्राकृतिक पर्यावरण सँगसँगै मानवनिर्मित पर्यावरणका विषयहरूलाई पनि समावेश गरिएको छ । मानिसहरूका दैनिक क्रियाकलाप र सहज जीवनयापनका लागि निर्मित सहरीकरणको विकासले प्राकृतिक स्रोत साधन र मानवेतर प्राणीहरूमा नकारात्मक असर पुऱ्याउन सक्ने भएकाले सहरीकरणको विस्तार गर्दा दिगो विकासलाई ध्यान दिनुपर्छ । प्रकृतिलाई नारीसमान र कोमल मान्ने पर्यावरणीय चिन्तनमा मानवनिर्मित पितृसत्तात्मक समाजले नारीमाथि गर्ने शोषण, दमन र अत्याचार अन्त्य हुनुपर्ने भाव उपन्यासमा व्यक्त गरिएको छ । प्राकृतिक स्रोत, साधन र पर्यावरणका सजीव–निर्जिव तत्त्वहरूलाई आफ्नै पेवा झैँ उपभोग गर्ने मानवीय व्यवहार परिवर्तन हुनुपर्ने आशय व्यक्त गर्दै यसबाट पर्यावरणीय असन्तुलनको स्थिति सिर्जना हुने कुरा उपन्यासमा विन्यासित छ ।

आधुनिकता र पुँजीवादको प्रभावले मानिसहरू भौतिक सुख, सुविधाका लागि विश्वभरीको जुनसुकै स्थानमा पनि पुग्न सक्ने कुरा देखाउँदै विकसित देशमा मात्र जान चाहने नेपालको अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ । परम्परादेखि चल्दै आएको आदर्श सत्ता र आदिम वृत्तिका कारण समाजमा जरो गाडेर बसेका नकारात्मक सोच, चिन्तन तथा सामाजिक व्यवहार परिवर्तन सकदैनन् । यसले गर्दा समाज पछाडि परिरहेको छ । मान्छेले सिर्जना गरेको विकासका क्रियाकलाप, संस्कार, संस्कृति लगायत मान्छेमा जन्मजात तथा पुस्तान्तरणबाट प्राप्त भएका स्वभावले पर्यावरणलाई प्रत्यक्ष–अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ । यस्ता नकारात्मक पक्षलाई परास्त गरी सभ्य र शिक्षित समाज निर्माण गरेर मानवनिर्मित पर्यावरण सुन्दर बनाउनुपर्ने निचोड उपन्यासमा व्यक्त भएको छ ।

# तेस्रो परिच्छेद

# मानवेतर पर्यावरणीय चेतनाको प्रस्तुति

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा *हंस* उपन्यासमा प्रयुक्त मानवेतर पर्यावरणीय चेतनाका विविध पक्षहरूलाई विश्लेषण गरिएको छ । मानवेतर पर्यावरणीय चेतनाका सैद्धान्तिक अवधारणालाई उल्लेख गरी उपन्यास विश्लेषणको ढाँचा तयार गरी तिनै अवधारणाका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । गहन पर्यावरणीय चेतना सम्बद्ध सैद्धान्तिक अवधारणाहरूमा नेइस (सन् २००५), ब्यारी (सन् २०१०), एटम (२०७६), त्रिपाठी (२०७९), भट्टराई (२०७१) लाई विश्लेषणको ढाँचा निर्माणमा मुख्य सैद्धान्तिक आधार बनाइएको छ । यसैका आधारमा मानवेतर पर्यावरणीय चेतनाका विभिन्न सूचकहरू निर्धारण गरी व्याख्या विश्लेषण गरिएको छ । जसअन्तर्गत प्राकृतिक सुन्दरता, प्राणीको अस्तित्व, पर्यावरण र संस्कृति, मानवेतर सङ्कथन र पर्यावरणीय खोपी आदि पर्दछन् । यस परिच्छेदमा यिनै सूचकका आधारमा उपन्यासका सन्दर्भित अंशलाई विश्लेषण गरिएको छ ।

## ३.२ विश्लेषणको आधार

प्राकृतिक रूपले अस्तित्वमा रहेका हाम्रा वरपरका मानव र उसका सिर्जना बाहेकका प्राकृतिक दिक् नै मानवेतर पर्यावरण हो । यसअन्तर्गत जैविक र अजैविक मानवेतर तत्त्वहरू पर्दछन् । जैविक मानवेतर पर्यावरण मानिसबाहेकका अन्य सजीवप्राणीहरूको समष्टि हो । यसअन्तर्गत जनावरहरू, पङ्क्षी, वनस्पति तथा सूक्ष्मजीवहरू पर्दछन् । त्यसैगरी अजैविक मानवेतर पर्यावरण मानिसबाहेकका प्राकृतिक, निर्जिव तत्त्वहरूको समष्टि हो । यसअन्तर्गत भौतिक तत्त्व, (नदी, ताल, ढुङ्गा, माटो, पहाड, वनजङ्गल) मौसम र जलवायु (तापक्रम, वायु, हिउँ, हुरीबतास) र रासायनिक तत्त्वहरू पर्दछन् । यस्ता जैविक तथा अजैविक तत्त्वहरूले पारिस्थितिक प्रणालीलाई सन्तुलित राख्नुका साथै मानव जीवनका लागि आधारभूत स्रोत उपलब्ध गराउँछ । अजैविक तत्त्वहरूले जैविक जीवनको बासस्थानदेखि जीवनयापनकै आधार तयार गर्छ । त्यसैले मानवेतर पर्यावरणलाई जीवनको आधारका रूपमा लिइन्छ भने यसले प्रजातिहरू बिचको पारिस्थितिक सन्तुलनलाई कायम राख्छ । *हंस* उपन्यासलाई विश्लेषण गर्ने

मानवेतर पर्यावरणीय चेतनासम्बद्ध विभिन्न आधारहरू प्रयोग गरिएको छ । तिनको सैद्धान्तिक अवधारणा यसप्रकार प्रस्तुत गरिएको छ :

## (अ) **प्राकृतिक सुन्दरता**

प्रकृतिमा भएका सुन्दर पक्ष तथा मान्छेलाई आकर्षित गर्न सक्ने कलात्मक स्वरूप नै प्राकृतिक सुन्दरता हो । हाम्रो वरपर रहेका पहाड, नदी, वन, ताल, फूल, वन्यजन्तु लगायत प्राकृतिक तत्त्वहरूको सौन्दर्यले प्राकृतिक सुन्दरतालाई जनाउँछ । खासमा सुन्दरता भनेको सापेक्षित विषय हो । यो हेर्ने नजरअनुसार भिन्न-भिन्न हुन जान्छ । कसैलाई सुन्दर लागेको वस्तु कसैलाई सामान्य लाग्न सक्छ । प्रकृतिका फरक-फरक स्वरूपहरूमा पनि कसैलाई के सुन्दर लाग्छ भने कसैलाई के सुन्दर लाग्छ । यी सबै मान्छेका हेर्ने दृष्टिअनुसारका कुरा हुन् । पर्यावरणीय चेतनाले प्राकृतिक स्रोत र साधनहरू स्वस्थ, सन्तुलित र प्रदुषणरहित हुनुपर्छ भन्ने मान्यता राख्छ । प्रकृतिको संरक्षणका लागि गरिनुपर्ने प्रयास र वातावरणप्रतिको मान्छेको कर्तव्य तथा जिम्मेवारीका बारेमा हामीहरू सचेत हुनु आवश्यक छ । यस्तो सचेतताले पर्यावरणीय सन्तुलन, पर्यावरणीय सङ्कटको रोकथाम, हराभरा र स्वस्थ वातावरण निर्माण लगायत दीगो विकास र दीर्घ जीवनबारे ज्ञान फैलाउँछ ।

पर्यावरणीय चेतनालाई विस्तार गर्ने साहित्य सिर्जनाले प्रकृतिलाई मूल विषय बनाएर प्राकृतिक स्रोत र साधनका बारेमा नै चिन्तन गरेको हुन्छ । "पर्यावरणीय चिन्तन प्रकृतिसम्बन्धी चिन्तन हो । यसले प्रकृतिका सबै पक्षको अध्ययन गर्दछ" (भट्टराई, २०७०, पृ. ७९) । पर्यावरणीय अध्ययनले प्रकृतिको महत्त्व र यसको संरक्षणतर्फ ध्यान आकृष्ट गर्दछ । पर्यावरणीय साहित्यमा प्रकृतिलाई सबै प्राणीहरूको साझा सम्पत्तिका रूपमा हेर्ने भएकाले यसको संरक्षण हुनुपर्ने र सबै प्राणीले समान किसिमले उपयोग गर्न पाउनुपर्ने मान्यता राखिन्छ । यससँगै पर्यावरणीय साहित्यले मानवीय क्रियाकलापका कारण प्रकृतिको सुन्दरता ह्रास हुँदै गएकोतर्फ ध्यानाकर्षण गराई त्यसको संरक्षणमा लाग्न प्रेरित गर्छ ।

> मान्छे र प्रकृतिका बिच मान्छेले नै एउटा दूरी खिच्न थालेकाले विश्ववातावरणमा सङ्कट उत्पन्न भएको हो । मानिसको यो क्रियाकलापले मान्छे स्वयं दुःखी हुँदै विस्तारै एक्लिँदै गएको छ । प्रकृतिको विनाशले आहत भएका एकथरी चिन्तनशील र भावुक

मानिसहरू दर्शन र साहित्यका माध्यमबाट प्रकृति जोगाउन अग्रसर हुन थालेको छन् । (त्रिपाठी, २०७२, पृ. १९७)

मानवीय अस्तित्व रहिरहनका लागि प्रकृति स्वस्च्छ, सफा, किटाणुरहित र सुन्दर हुनु आवश्यक छ । प्रकृतिमा नकारात्मक फेरबदल आउने बितिक्कै मान्छेका शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पर्न जान्छ । मानिसहरू विभिन्न मानसिक तनावबाट मुक्त हुनका लागि प्राकृतिक सौन्दर्यकै अवलोकन गर्ने गर्दछन् । यस्तै सचेतताका कारण पछिल्लो समयमा पर्यावरणीय मुद्दाहरूलाई समेटेर साहित्य सिर्जना गर्ने क्रम बढ्दै गएको पाइन्छ, तैपनि आधुनिकता र सहरीकरणका कारण भौतिक विकास तिव्र हुँदै गर्दा प्रकृतिका सुन्दर पक्षहरू कमजोर हुँदै गएका छन् । विकासका पूर्वाधारहरू निर्माण गर्दा प्राकृतिक सुन्दरतालाई पनि ध्यान दिएर काम गरिनुपर्छ ।

मानवीय क्रियाकलापले प्राकृतिक सुन्दरता र त्यसको स्वरूपमा नकारात्मक असर पुऱ्याउन नहुने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । "पर्यावरणवादीहरू अघिदेखि नै प्रकृतिका रक्षकका रूपमा चिनिएका छन् । तर अर्कातिरको सत्य के छ भने सम्पूर्ण प्रकारका मानवीय व्यवहारहरू प्राकृतिक मनोवेगबाटै प्राप्त हुन्छन् । प्रकृतिलाई मास्ने, छेक्ने, बाँध्ने, वशीभूत गर्ने चेष्टा पनि उनीहरू नै गर्दछन्" (भट्टराई, २०७१, पृ. २०९) प्रकृतिको सुन्दर पक्षलाई बुझेर संरक्षणमा लागे मात्र पर्यावरण सन्तुलन हुन्छ । मानव समाजले प्राकृतिक स्वरूपलाई विनाश हुन नदिइ त्यसको सौन्दर्य बचाइराखे मात्र मानव अस्तित्व दीर्घकालिक हुन्छ ।

### (आ) प्राणीको अस्तित्व

गहन पर्यावरणीय चेतनामा पृथ्वीमा रहेको सम्पूर्ण प्राणीहरूको अस्तित्व समान रहेको कुरा व्यक्त गर्दै सबै प्राणीप्रति समानताको नजरले हेरिन्छ । प्रकृतिमा जसरी मानिस श्रेष्ठ प्राणीका रूपमा रहेर अरूलाई आफ्नो नियन्त्रणमा राख्न चाहन्छ, त्यो प्राकृतिक पर्यावरणीय चेतना विपरीत छ । पृथ्वीका प्राकृतिक वस्तुहरूको उपभोगका निम्ति जति अधिकार मान्छेलाई छ त्यति नै अधिकार अन्य पशुप्राणीलाई पनि छ । "गहन पर्यावरणीय मान्यताअनुसार प्रकृतिमा मानिसको अस्तित्व ज्यादा र अन्य जीवको कम भन्ने हुँदैन । मानिसकै उपयोगिताका आधारमा पनि कुनै वस्तुको मूल्य कम बेसी भनेर तोकिन्न । प्रकृतिमा हरेक वस्तुको आआफ्नो अस्तित्व छ । त्यसरी नै प्रकृतिले सबैलाई विना भेदभाव आफ्नो उपभोग गर्ने अधिकार दिएको छ"

(त्रिपाठी, सन् २०१८, पृ. २९२) । प्राकृतिक स्रोत र साधनको उपभोगमा प्रकृतिका सम्पूर्ण प्राणीहरूको समान हक अधिकार छ । त्यसलाई मानिसले ध्यानमा राखेर प्राकृतिक वस्तुहरूको उपभोग गर्दा अन्य प्राणीहरूका लागि पनि आवश्यक पर्नेबारे जानकार भई संरक्षण गर्नुपर्ने मान्यता राखिन्छ ।

प्रकृतिमा रहेका प्राणीहरू र तिनको प्रकृतिसँगको सम्बन्ध अन्योन्याश्रित हुन्छ । प्रकृति विना मानिसको अस्तित्व असम्भव छ । हुनतः मानिस पनि प्रकृतिकै सिर्जनाअन्तर्गत पर्दछ । त्यसैले मानिस प्रकृति र अन्य प्राणीहरूको अस्तित्व एकआपसमा अन्तर्निहित हुन्छन् । "समाजको संरचनाभित्र हरेकको अस्तित्व अर्काको अस्तित्वसँग जोडिएको हुन्छ । अर्काप्रति गरिएको हिंसा घुमिफिरी आफैँतिर फर्किएर आउँछ । त्यसैले आफ्नै दीर्घकालिक स्वार्थरक्षाका निम्ति पनि मानिसले अर्काप्रति संवेदनशील हुनुपर्छ" (उप्रेती, २०७८, पृ. २५३) । त्यसैले हिंसाले अरूको अस्तित्वमा असर पुऱ्याउने हुँदा हामी त्यसतर्फ सचेत भई सबैको अस्तित्व रक्षाका लागि अघि बढ्नुपर्छ । नेइसले (सन् २००५) लेखमा गहन पर्यावरणबारे आठ ओटा बुँदाहरू प्रस्तुत गर्दै पहिलो बुँदामा नै पृथ्वीमा जन्मेका हरेक प्राणीको आफ्नो स्वतन्त्र अस्त्तिव रहेको कुरा चर्चा गरेका छन् । मानिसले आफ्नो स्वार्थ र इच्छा बमोजिम प्रकृतिको प्रयोग गरेर त्यहाँ भएका स्रोत र साधनको दोहन गर्न नहुने बारे सचेत गराएका छन् ।

### (इ) पर्यावरण र संस्कृति

पर्यावरण र संस्कृति बिच एकापसमा गहिरो सम्बन्ध रहेको हुन्छ । पर्यावरणले हामीलाई घेरेको वरिपरिको प्राकृतिक एवम् मानव निर्मित समग्र तत्त्वहरूलाई बुझाउँछ भने संस्कृतिले समाजमा विद्यमान परम्परा, मूल्यमान्यता, भाषा, कला, साहित्य सामाजिक जीवनशैलीलगायत साझा व्यवहारजन्य गतिविधिहरूलाई समेट्दछ । वातावरणले मानव संस्कृतिको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ, त्यसैगरी मानव संस्कृतिले पनि वातावरणलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभावित पार्दछ । "सांस्कृतिक अध्ययनले पनि समाज तथा संस्कृतिका ऐतिहासिक तथा राजनीतिक पक्षहरूको अध्ययन गर्न थाल्यो र लेखन र पठनका कृतिलाई राजनीतिक/आर्थिक तथा सामाजिक/ऐतिहासिक सन्दर्भसँग जोडेर विश्लेषण गर्न थाल्यो" (उप्रेती, २०७८, पृ. १८) । हाम्रा कला, संस्कृति प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पर्यावरणसँग जोडिएका हुन्छन् । प्रकृतिमा बदलाव आउनेवित्तिकै कला संस्कृतिमा पनि परिवर्तन आउँछ ।

पर्यावरणीय समालोचनाले पर्यावरण र संस्कृतिबिचको सम्बन्धलाई कृतिमा केकसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन गर्दछ। "मानव जीवन र यसको पर्यावरणका विभिन्न पक्षसँगको सम्बन्ध, मानिसका आवश्यकता, त्यसको वितरणगत असमानताका कारण उत्पन्न खाद्य सङ्कट, ऊर्जा सङ्कट जस्ता विषयको अध्ययन पनि यसले गर्दछ र कृतिमा ती पक्षहरू कसरी र कस्तो रूपमा प्रस्तुत भएको छन् भन्ने कुराको पनि विश्लेषण गर्दछ" (भट्टराई, २०७०, पृ. १०५) । हाम्रा संस्कृति तथा परम्परा हाम्रो जनजीवनसँग जोडिने हुँदा यसको पर्यावरणसँगको सम्बन्धको बारेमा अध्ययन हुनु आवश्यक हुन्छ। प्राकृतिक स्रोतहरूको असमान वितरणका कारण त्यसले आर्थिक सँगसँगै सांस्कृतिक क्षेत्रमा पनि प्रभाव पार्छ । पर्यावरणका अधिक उपभोग गर्नेले कला, संस्कृति तथा रीतिरिवाजलाई आफूअनुकूल बनाउँने प्रयास गर्दछन्, जसले पुरातन परम्परालाई भङ्ग गरी नयाँ सांस्कृतिक चेतनाको विस्तार गर्न सक्छ । समयअनुकूल परिवर्तन भएपनि पुराना संस्कृतिले पर्यावरणलाई कसरी जोगाइरहेका हुन्छन् भन्ने कुरा पर्यावरणीय समालोचनाको अध्ययनको क्षेत्र हो ।

कुनै पनि क्षेत्रको संस्कृति प्रभावशाली भएमा त्यसको प्रभाव सर्वत्र फैलिन पुग्छ भने त्यसले पारिस्थितिक प्रणालीमा पनि प्रभाव पुऱ्याउँछ । "प्रभावशाली संस्कृतिले जसलाई सीमान्तकृत गर्दछ, उनीहरूमा पुग्ने क्षतिको आवाज उठाएर वातावरणीय रूपमा कमजोर पक्षलाई विशेषाधिकार दिन जोड दिन्छ। मानिसहरू सुख, सुविधाका लागि सहरी क्षेत्रमा बस्न आउँछन्, जसले गर्दा यहाँको पर्यावरण र सामाजिक सांस्कृतिक क्षेत्रमा प्रभाव पर्छ" (रिग्बी, सन् २००७, पृ. १६४) । कुनै पनि शक्तिले कमजोरलाई आफ्नो नियन्त्रणमा राख्न खोज्छ नै, त्यसै गरी प्रभावशाली संस्कृतिले पनि भौगोलिक सीमाहरू नाघेर आफ्नो वर्चश्व फैलाउने प्रयास गर्छ। मानिसहरूमा बढ्दो विलासी प्रवृत्तिले पनि संस्कृति र पर्यावरणमा उत्तिकै प्रभाव पारिरहेको हुन्छ ।

### (ई) पर्यावरणीय खोपी

पर्यावरणीय खोपीले कुनै पनि प्रजाति वा जीवको वातावरणमा बसोबास गर्ने र त्यहाँका स्रोतहरूको उपभोग गर्ने तरिकालाई बुझाउँछ । पर्यावरणमा भएका पशु, पङ्क्षीलगायतका प्राणी जन्मन, हुर्कन र वातावरणमा अनुकूलित भएर विकसित हुन प्रयोग भएको स्थान नै पर्यावरणीय खोपी हो । उनीहरू पर्यावरणकै एक स्थानमा रहेर आफ्नो अस्तित्व जोगाइरहेका हुन्छन् भने सुरक्षित साथ बाँचिरहेका हुन्छन् । "पर्यावरणीय खोपी भनेको एउटा ससानो स्थान

हो, जहाँ जीव वा वनस्पतिको विशेष प्रजाति उत्पन्न हुन्छ, फैलिन्छ, रमाउँछ, बढ्छ र आफूलाई सुरक्षित ठान्दछ । त्यो प्रजातिलाई टिकाइराख्ने अनेक तत्त्व हुन्छन् - खाना, आवास, तापक्रम, तिनीहरूलाई खेद्ने अरू तत्त्व अर्थात परभक्षी/परजीवी, अन्य प्रतिस्पर्धी आदि" (भट्टराई, २०७१, पृ. २०६) । पर्यावरणमा भएका तत्त्वहरूबिच एकापसमा अटुट सम्बन्ध रहेको हुन्छ । पर्यावरणीय खोपी जैविक विविधता, प्रजातिहरूको अस्तित्व तथा वातावरणीय सन्तुलनसँग जोडिएको हुन्छ ।

जीवलाई आफ्नो वातावरणमा बाँच्न र प्रजनन गर्नका लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । जसमा मूलतः हावापानी, आहार, भोगोलिक स्थिति, परजीविहरू तथा अन्य प्रजातिहरूसँगको अन्तर्क्रिया आदि पर्दछन् । त्यस्ता तत्त्वहरूमा प्रभाव पर्ने वित्तिक्कै प्राणीहरूको जीवनयापनमा पनि प्रभाव पर्दछ ।

> पर्यावरणमा रहेका हरेक प्राणीहरूको आआफ्नै निस हुन्छ । तर जुनजुन तत्त्वले त्यो विशेष बासस्थान निर्माण गर्दछ त्यो पनि बदलिरहन्छ-जङ्गलमा सखुवाका रूखहरू समाप्त पारेपछि सुगा समाप्त हुन्छ, सिमलसँगै बकुल्ला लोप हुन्छन् । सिमसार सकिएपछि बकुल्ला र हिलेमाछा समाप्त हुन्छन् । विषादीको प्रयोग भएपछि मांसाहारी गिद्धको, मुसाको विनाश हुन्छ । त्यसको असर अन्यन्त्र पनि सर्दै जान्छ । (भट्टराई २०७१, पृ. २०६)

पर्यावरणीय खोपीले जीवहरू अनुकूल वासस्थान, प्रजातिहरूको विकासक्रम, उनीहरू बिचको प्रतिस्पर्धा र विभिन्न वातावरणीय परिस्थितिमा जीवहरू कसरी समायोजित हुन्छन् भन्ने कुराको अध्ययन गर्दछ । यदि प्राणीहरूको लागि अनुकूल हुने खालको पर्यावरणीय खोपी नभएमा उनीहरूको जीवन नै सङ्कटमा पर्छ । हरेक जीवहरूको जीवनअस्तित्व एकअर्कासँग जोडिएको हुनाले उनीहरू सबैको जीवन अस्तित्व पर्यावरणमा आवश्यक छ ।

### (उ) मानवेतर सङ्कथन

मानवजातिको प्रत्यक्ष नियन्त्रण, संलग्नता वा हस्तक्षेपबाहेक प्रकृतिमा भएका पारिस्थितिक वा जैविक प्रक्रियाहरूलाई बुझाउने अवधारणा मानवेतर सङ्कथन हो । यसले मानव समुदायबाहेक अन्य जीव, वनस्पति जिवाणुहरू र प्राकृतिक तत्त्वहरू बिचको अन्तर्क्रिया र संवादलाई समेट्दछ । यसमा वन्यजन्तुहरू बिचको सम्बन्ध, जैविक प्रणालीहरूको अन्तर्क्रिया

र पास्थितिकीय चक्रहरूको समष्टिगत प्रक्रिया महत्त्वपूर्ण हुन्छ । यसले मानवीय दृष्टिकोण र अनुभूतिभन्दा बाहिरको जीव र वस्तुलाई कथाको केन्द्रमा राख्न खोज्छ । यसको उद्देश्य पारस्परिक मानवकेन्द्रित सोचाइलाई चुनौती दिनु र संसारको हरेक अस्तित्वलाई महत्त्व दिनु हो । यसमा पशु, वनस्पति, प्रविधि तथा अन्य जैविक र अजैविक तत्त्वहरूको दृष्टिकोणलाई समेटेर संसारलाई बुझ्ने प्रयास गरिन्छ ।

पर्यावरणीय समालोचनामा मानवेतर सङ्कथनको प्रयोगले प्रकृति र वातावरणसँग मानवको सम्बन्धलाई गहिराइमा जान मद्दत गर्छ । यहाँ प्रकृति र अन्य जीवजन्तुको पनि आफ्नो अस्तित्व, भावना र हक अधिकार हुन्छ भन्ने धारणा स्थापित हुन्छ । जस्तैः नदीको कथाबाट जल प्रदुषणले गर्ने असरलाई देखाउनु मानवेतर सङ्कथन हो । यसले वातावरणसँगको सम्बन्धलाई केवल मानवको आवश्यकतामा मात्र सीमित नराखी सम्पूर्ण पारिस्थितिकी प्रणालीको सन्दर्भमा हेर्न प्रेरित गर्छ । पर्यावरणीय समालोचनाले मानवेत्तर प्राणीहरू जीवनचक्त र उनीहरूको सामाजिक विविधताका बारेमा अध्ययन गर्दछ, यसलाई लौरा कोलम्बिनो र पिटर चाइड्स (सन् २०२२) ले यसरी व्यक्त गरेका छन् :

> कला र साहित्यले सम्भावित र प्रचलित गैर–मानवहरूको विस्तृत सामाजिक विविधता र मानिसहरूसँगको विभिन्न सम्बन्धहरूको बारेमा व्याख्या गर्दछ । परम्परादेखि चल्दै आएका युरोपेली परम्परागत दन्त्यकथाहरूले गैरमानवीय प्राणीहरूको जीवनगाथालाई व्यक्त गर्ने गरेको पाइन्छ । यसबाट पर्यावरणीय साहित्यले मानवेत्तर प्राणीहरूको जीवनचक्र, उनीहरूको समाजमा रहेको संस्कृति लगायतका पक्षहरूलाई गैर–मानवको लेन्सबाट विचार गर्ने प्रयास गर्दछ । (पृ. ३५५–३५६)

गैरमानवीय प्राणीहरूको पक्षबाट अध्ययन गरिने र तिनका बारेमा चिन्तन गरिने कार्य परम्परागत दन्त्यकथाहरूमा नै भएको पाइन्छ । मानवेत्तर प्राणीहरूको जीवनशैली र मानवसँगको सम्बन्धका बारेमा चिन्तन गर्ने काम पर्यावरणीय समालोचनामा गरिन्छ । पर्यावरणमा मानिसबाहेक अन्य प्राणीहरूको पनि अस्तित्व रहेको हुन्छ र त्यसलाई मानवीय क्रियाकलापले विनाशतर्फ लैजान हुँदैन भन्ने कुरालाई यस समालोचना प्रणालीमा महŒव दिइन्छ ।

मानवनिर्मित सङ्कथनमा राष्ट्रवाद, राष्ट्रियता, देश, संस्कृति जस्ता पक्ष स्थिर, तुलनात्मक प्रकृतिका हुन्छन् । मान्छेका क्रियाकलापमा उत्पादनका साधनहरू उपभोग गर्ने, व्यापार, विनिमय गर्ने लगायतका सवालहरू आउने गर्दछन् तर मानवेतर सङ्कथनमा यस्ता विषयहरू नियम बाहिर हुन्छन् । मानवेतर प्राणीहरूको जीवनशैली गतिशील, चलायमान हुन्छ । उपभोग, उत्पादन र विनिमय नियन्त्रित छैन । मानव समाजमा अदृश्य ईश्वरीय सत्ता छ, मानवेतर प्राणीहरूमा पनि यस्तो हुन्छ भनिएको छ ।

## ३.३ उपन्यासको विश्लेषण

*हंस* उपन्यासमा प्रकृतिका विभिन्न स्वरूपको चित्रण गरिएको छ भने मानवेतर प्राणीहरूको जीवनयापन र उनीहरूको समाजमा व्याप्त सङ्कथनलाई व्यक्त गरिएको छ । समयअनुसार प्रकृतिमा विभिन्न कुराहरू (मौसम, प्राणीहरूको उमेर, दिनरातको श्रृङ्खला) परिवर्तन भइरहन्छन् । मानवेतर प्राणीहरूले परिवर्तित समयअनुसार फरक-फरक गतिविधि देखाइरहन्छन्, जुन रमणीय पनि हुन्छ भने त्यस्तो समयअनुसार परिवर्तन हुन नसक्दा त्यसले दुःखद स्थिति सिर्जना गर्दछ । वर्तमान समयमा मानवीय क्रियाकलापले मानवेतर प्राणीहरूको जीवनयापन र उनीहरूले अफ्नो अस्तित्व रक्षा गर्नकै लागि गर्नुपरेको सङ्घर्षलाई उपन्यासमा देखाइएको छ । यस्ता विभिन्न विषयहरूलाई मानवेतर पर्यावरणीय चेतनाका सम्बद्ध विश्लेषण ढाँचाका आधारमा *हंस* उपन्यासको विश्लेषण यसप्रकार गरिन्छ :

### (अ) प्राकृतिक सुन्दरता

*हंस* उपन्यासमा प्रकृतिका विभिन्न रूपहरूलाई देखाउँदै प्राकृतिक सुन्दरताको चित्रण गरिएको छ । प्राकृतिक गतिविधिहरूलाई समेटेर मानव र मावेतर प्राणीका अस्तित्व तथा जीवन सङ्घर्षका कथा, व्यथा प्रस्तुत गर्दै सिर्जना गरिएको प्रकृतिकेन्द्रित यस उपन्यासले प्रकृतिलाई मुख्य विषय बनाएको छ । टौदहको सिमसारमा बसोबास गर्ने चराचुरुङ्गी, हाँस, नाग, माछा, बकुल्ला, भ्यागुता, गड्यौला लगायतका प्राणीहरूका जीवन कथाका विविध स्वरूपहरू उपन्यासमा विन्यासित छन् । यस्ता प्राणीहरूको एकआपसको र पर्यावरणसँगको सम्बन्धलाई पनि उपन्यासमा व्यक्त गरिएको छ ।

> सिमसारको हिलोमा असङ्ख्य भ्यागुता र कीराफट्याङ्ग्रा थिए । छेवैमा ठडिएको असारे रूखको एउटा हाँगामा ड्याङ्ग्रे रूपी र काग थिए । अर्कोमा कन्ठे सुगा र जुरेली ।

अमार- साउनको झरीमा सिमसार हिलाम्मे हुन्थ्यो । असारे रूखमा गुलाफी फूल फुल्थे । तर हिउँदको समय भएकाले पात झरेर रूख नाङ्गै थियो (पृ. १७) ।

उपन्यासमा टौदह वरिपरिको प्राकृतिक सौन्दर्यको वर्णन गरिनुका साथै त्यहाँका प्राणीहरूको जीवनशैली तथा उनीहरूको क्रियाकलापलाई यहाँ व्यक्त गरिएको छ । पङ्क्षीहरू रूखमा छरिएर रहँदा र मिठो आवाज निकाल्दा त्यहाँको वातावरण लोभलाग्दो बन्न पुग्छ । वातावरणलाई सङगीतमय बनाएर मानव मनलाई लोभ्याउने सामर्थ्य तिनै पङ्क्षीहरूले राख्न सक्छन् । जसलाई उपन्यासमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । वर्षायाममा हरियाली परिवेश हुने र हिउँदमा पातझरेर रूखहरू नाङ्गै हुँदाको फरक-फरक सुन्दर पक्षलाई यहाँ समेटिएको छ । त्यसैगरी हाँसहरूको रमाइलो क्रियाकलाप र उनीहरूको प्रेम प्रसङ्गलाई उपन्यासमा रोचक तरिकाले प्रस्तुत गरिएको छ । “टापुको बीचमा खरीको रूख थियो । काका र लहडे हाँस पानीबाट उक्लिएर रूखको फेदमा पुगे । हाँगामा उडन्तेहरू लहरै बसेका थिए । एउटा हाँगामा कन्ठे सुगा चिरबिराउँदै थियो, अर्कोमा जलेवाहरू चुपचाप पोखरीतिर हेर्दै थिए (पृ. ३०) । यसरी उपन्यासमा प्रकृतिमा मिलेर बसेका फरक फरक प्रजातीको स्थिति र उनीहरूको क्रियाकलापलाई देखाइएको छ । जसले प्राकृतिक सौन्दर्यलाई प्रकट गर्दछ ।

सीमाको प्रेममा परेर आफ्नो जीवनलाई नै सुन्दर देख्न पुगेको प्रेमले सहरको प्राकृतिक परिवेशलाई प्रेमिल र सुन्दर देख्न पुगेको छ । “शहरलाई ज्याकारान्डा बैजनी फूलहरूमा सजिएको देखेँ । छेवैमा उभिएका थिए, पहेँलै फुलेका काइँयोका रूखहरू । प्रेमको रङ बैजनी हुन्छ कि पहेँलो” (पृ. ४३) ? सीमालाई भेटेर आफ्नो डेरामा फर्कदै गरेको प्रेमले बाटोमा देखेको विभिन्न वनस्पतिका फूलहरू र त्यसले दिएको सुन्दरताको वर्णन उपन्यासमा आकर्षक ढङ्गले गरिएको छ । त्यस्तै, सीमा र प्रेम चम्पादेवीको उकालो चढ्दै गर्दा त्यहाँ बाटोको घुम्ती-घुम्तीमा गरेको रोमान्समा प्रकृतिले साथ दिएको छ । उनीहरू घुम्तीमा लुकामारी गर्दै आफ्नो प्रेमको बिजलाई हुर्काइरहेका छन् । रूखका हाँगाहरूमा बसेर कोकोहोलो मच्चाइरहेका रूपीहरूले उनीहरूको प्रेम ज्याङ्गिनका लागि उत्प्रेरकको काम गरिरहको देखिन्छ । “हामी नागबेली गोरेटो हुँदै उक्लिएका थियौं । सीमा माथिल्लो घुम्तीमा पुगेर तल हेर्दै मलाई बोलाउँथी । तलको घुम्तीबाट उसलाई देखेर मैले हात हल्लाउँथेँ । तर ऊ त मलाई बोलाउने बित्तिकै फेरि लुकिहाल्थी, बुट्यान र रूखपछाडी” (पृ. ५१) । चम्पादेवी उकालो लाग्दाको प्राकृतिक पर्यावरणले प्रेम र सीमाको प्रेम फक्रिन सहयोग गरेको देखिन्छ । उनीहरू प्रकृतिको

काखमा मायापिरतीको लुकामारी खेल्दै चम्पादेवीको यात्रा गरिरहेका छन् । यसबाट त्यहाँको प्राकृतिक सुन्दरताले मानवीय संवेगलाई पारेको प्रभावलाई देखाइएको छ । स्थानगत घुम्तीहरूले उनीहरूको सम्बन्धमा नयाँ मोड दिएको छ भने रोमान्सको वातावरण सिर्जना गरिदिएको छ ।

> हामी घुम्तीहरू छिचोल्दै, गोरेटो उक्लदैँ चम्पादेवीको चुचुरोमा पुग्दा गणेश हिमाल र गौरीशङ्कर सेतै देखिएका थिए । मेरो हात समातेर उसले हाँस्दै सोधेकी थिई, "लौ भन त, तिमीले मलाई कति माया गर्छौ ?
>
> "आफू भन्दा बढी ।", मैले भनेको थिएँ, गौरीशङ्करभन्दा अग्लो छ मेरो प्रेम (पृ. ५२) ।

प्रकृतिलाई साक्षी राखेर सीमा र प्रेमले चोखो प्रेमको बाचा गरेको छन् । यहाँ गौरीशङ्कर र गणेश हिमालको सौन्दर्यको चित्रण गरिएको छ भने गौरीशङ्करलाई तुलना गर्दै प्रेमले सीमाप्रतिको प्रेम अझ उच्च रहेको कुरा प्रस्तुत गरेको छ । हिमालै हिमालको देश भनेर चिनिने नेपालको हिमालयको सौन्दर्यलाई  उपन्यासमा व्यक्त गरिएको छ भने त्यसै सुन्दरतामा प्रेमको विजाङ्कुरण भएको भाव पनि व्यञ्जित भएको छ । सीमा र प्रेमको भेटघाटको मुख्य थलो नै टौदह क्षेत्र रहेको छ । उनीहरू टौदहको पोखरी र त्यहाँवरिपरिको दृश्य हेर्दे प्रकृतिमा रमाएर एकाआपसमा लिप्त हुने गर्दछन् र मनका कुरा साटासाट गर्ने गर्दछन् । "सीमाले मेरो प्रेम प्रस्ताव स्वीकार गरेपछि टौदहको पोखरीवरिपरि नै हाम्रो मायाप्रीति झ्याङ्गिएको थियो । दहवरिपरि हाँडीबेल, कटुस र असारे रूखहरू झ्याङ्गिएजस्तै" (पृ. ५९) । टौदहका रूखहरू झ्याम्म भएर हराभरा भएजस्तै सीमा र प्रेमको सम्बन्ध पनि हराभरा भएको थियो । यहाँ प्रकृतिको स्वरूपसँग मानवीय प्रेमसम्बन्धलाई तुलना गरी प्रकृतिको सुन्दर पक्षलाई प्रस्तुत गरिएको छ ।

उपन्यासमा नागरानी र डोब्रे सर्पको प्रेमकहानीलाई रोचक तरिकाले प्रस्तुत गरिएको छ । नागराजासँगै हुँदाहुँदै पनि नागरानी खोकनाको डोब्रेसर्पसँग प्रेम गर्न पुगेकी छ । जुन लसपसको बारेमा थाहा पाएको नागराजाले दुवैलाई डस्ने विचार गर्दा नागरानी बिरामी भई छटपटाइरहेकी हुन्छे र विभिन्न उपाए गरेपनि अन्त्यमा डोब्रेसँग भेट नगराई उसलाई ठिक हुन्न । आफ्नो प्यारीलाई ठिक गराउन नागराजाले डोब्रेसँग भेट गराएको छ भने भेटपश्चात्

नागरानीलाई ठिक पनि हुँदै गएको छ । त्यसपछि नागराजा र उसको जार डोब्रे सर्प एकआपसमा मिलेर बसेका छन् । त्यो देखेर टौदह वरिपरिका प्राणी र रूखबिरूवाहरू अचम्म मान्न पुगेका छन् । यस प्रसङ्गलाई उपन्यासमा मानवीकरण गरी आकर्षक तरिकाले प्रस्तुत गरिएको छ । "चराचुङ्गी र माछामात्र नभएर रूखबिरूवासमेत तिनलाई अचम्म मानेर हेर्ते । अरू त अरू टापुबीचको खरीको रूखसमेत छक्क पऱ्याथ्यो रे, डोब्रे र नागराजा मिलेको देख्दा" (पृ. ५७) । सर्पका जारहरू पनि मिलेर बसेको देखाइ उपन्यासमा प्रकृतिको अपरम्पार लीलालाई व्यक्त गरिएको छ । त्यो दृश्य देखेर त्यहाँका जल, थल प्राणीहरू आश्चर्यचकित भएका छन् । यसरी मानवीकरण गरेर प्रकृतिको अद्‌भूत सुन्दर पक्षलाई उपन्यासमा अभिव्यक्त गरिएको छ ।

लहडे हाँस र काली हँसिनीको प्रेमिल प्रसङ्गले उपन्यासमा प्रकृतिको अर्को स्वरूपको सुन्दरतालाई प्रकट गरेको छ । टौदहको पोखरीमा नै बसोबास गर्ने रैथाने लहडे हाँस र अन्तैबाट उडेर आएकी उडन्ते काली हँसिनी बिचको प्रेमप्रसङ्गले उपन्यासलाई प्रकृतिकेन्द्री बनाएको छ । उनीहरू बिचको रोमाञ्चक अवस्थालाई उपन्यासले समेटेको छ । "हँसिनीले दहमा हाम्फाली र पानीमा पखेटा चोपल्दै पल्लोपट्टि लागी । हाँसले एक क्षणसम्म उसलाई पौडिरहेको हेरिरह्यो । अनि पछ्याउँदै त्यतैतिर लाग्यो । ऊ पल्लोपारी पुग्दा हँसिनी झ्याँङछेउको ओभानोमा पखेटा फट्कार्दै थिई" (पृ. १४७) । पौडिन र उड्न सिपालु काली हँसिनी दुवै कार्यमा लहडे भन्दा चलाख छे । पोखरीमा पौडदैँ र एकअर्काको गतिविधि नियाल्दै यिनीहरूले प्रेमभाव साटासाट गरिरहेका छन् ।

> हँसिनीले जिस्कँदै हाँसको पखेटामा प्याट्ट हिर्काई । भनी, "म त कुदेँ, पोखरीमा पौडिन । सक्छौ भने मलाई छोऊ ।"
> "हँसिनीले पोखरीमा हाम्फाली र टापुतिर लागी । लहडे हाँस एकक्षण उसलाई हेरि बस्यो । अनि त्यसपछि "कोंककोक...तँलाई काली...!" भन्दै पानीमा हाम्फाल्यो (पृ. १५१) ।

टौदहको डिल र पोखरी आसपासमै यी दुई हाँसको प्रेम झ्याङ्गिरहेको थियो । उनीहरू एकअर्काबिच हारजितको खेल खेल्दै रमाइरहेका थिए । हाँसहरूका रोमाञ्चक दृश्य हेर्न त्यहाँ अन्य पशुप्राणीहरू पनि भेला भएका छन् र उनीहरूको क्रियाकलापबाट आनन्द लिइरहेका छन् । यसरी उपन्यासमा प्रकृतिका सिर्जनाहरू प्रकृतिकै काखमा रमाइरहेको अवस्थालाई चित्रण

गरी प्रकृतिको सुन्दरताबारे वर्णन गरिएको छ । मानवीय अतिक्रमण र शहरीकरण, औद्योगिकीकरणका कारण प्राकृतिक सुन्दरता कमजोर बन्दै गएको भाव उपन्यासमा विन्यासित छ । विज्ञान प्रविधि र यन्त्रहरूको अविष्कारले प्रकृतिको सौन्दर्यमा बाधा सिर्जना हुँदै गएको छ । त्यसका नकारात्मक असर प्रकृतिमा देखिन थालेको पाइन्छ ।

> कालो आकाश गड्याङगुडुङ गर्दै तल, झन् तल झर्न लाग्यो, भुइँ नै चुम्लाजस्तो गरेर । आकाशमा तोपहरू पड्किरहेका थिए । कुनै युद्ध शुरू हुन लागेझैँ थियो । दिउँसै रात भएको थियो र झरिमा नुहाएका रूखहरू मातेझैँ हल्लिरहेका थिए र मूसलधारे वर्षाले दहछेउको गोरेटो हिलाम्य थियो (पृ. ३) ।

यसरी समय-समयमा प्रकृतिले विद्रोह गर्दै सौन्दर्यको खोजी गरेको देखिन्छ । कहिले पानी नै नपरि लामो समय खडेरी जाने हुन्छ भने कहिले लगातार पानी पर्दा पर्यावरणमा क्षति हुने गरेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । नेपालमा प्रकृतिको अनुपम सौन्दर्य भएको तर पछिल्लो समयमा मानवेतर चक्रिय प्रणालीमा आएको असन्तुलनले पर्यावरणीय सङ्कटलाई निम्त्याईरहेको कुरा यहाँ व्यक्त गरिएको छ भने यसबाट हामी चेतनशील मान्छेहरूलाई प्रकृतिको संरक्षणमा लाग्न आह्वान समेत गरिएको देखिन्छ । त्यस्तै उपन्यासमा प्रकृतिमाथि मान्छेले गरेको अतिक्रमण र भौतिक विकासले निम्याएको सङ्कटलाई प्रस्तुत गरिएको छ । टौदह वरिपरीको भौतिक संरचना निर्माणका कारण त्यहाँको प्राकृतिक सुन्दरतामा ह्रास आएको छ भने त्यहाँका प्राणीले पनि सास्ती खेप्न परेको छ ।

> “म पनि टौदह आउन थालेको पचास वर्षजति भयो ।”, वृद्धले भने, “पहिलेभन्दा पानी निक्कै घटेको छ । पोखरीवरिपरी सिमेन्टको बाटो बनाएपछि त झनै सुक्यो । टापुलाई समेट सिमेन्टको पर्खालले घेरिदिए । पहिले हाँस, चराहरू सजिलै टापुमा उक्लन्थे । अब उडेर मात्र पुग्न सक्छस् । हेर त बिचराहरूलाई सास्ती !” (पृ. ३३)

पछिल्लो समयमा भौतिक विकास र विलासी जीवनशैलीले प्रकृतिलाई हस्तक्षेप गर्दै गएको देखिन्छ । जति जति विकास निमार्णका कार्य हुँदै गएका त्यति त्यति प्राकृतिक सम्पदाहरूको विनाश बढ्दै गएको छ । यसको मुख्य कारण दीगो विकासको अवधारणलाई प्रयोगमा ल्याउन नसक्नु हो । निर्माण कार्य सँगसँगै त्यसले पर्यावरणमा पार्ने प्रभावलाई पनि ख्याल गरेर योजना अगाडि बढाइयो भने प्राकृतिक सुन्दरतामा ह्रास आउने स्थिति कम

हुन्छ । उपन्यासमा टौदह क्षेत्रको भौतिक विकास र कृत्रिम स्रोतसाधनको प्रयोगले त्यहाँको वास्तविक प्राकृतिक सुन्दरता घट्दै गएको यथार्थ प्रस्तुत गरिएको छ । मान्छेकै सहजताका लागि सिमेन्टको बाटो बनाउँदा त्यहाँको प्राकृतिक रौनक घटेको छ भने त्यसले हाँस, चराहरूलाई हिँडडुल गर्न असहज स्थिति पैदा भएको छ। यसरी उपन्यासमा प्रकृतिका विभिन्न अवस्थाहरूको सुन्दर पक्ष अभिव्यक्त गरिनुका साथै मानवीय क्रियाकलाप र भौतिक विकासले प्राकृतिक सुन्दरतामा पुऱ्याएको असरलाई प्रस्तुत गरिएको छ ।

### (आ) प्राणीको अस्तित्व

पृथ्वीमा रहेका हरेक प्राणीको जीवन अस्तित्व समान छ । प्रकृतिमा सबै प्राणीलाई समान रूपले आफ्ना स्रोत र साधनको उपभोग गर्ने अधिकार छ। सबै प्राणीले आफ्नो अस्तित्व सुनिश्चित गर्न जीवनभर सङ्घर्ष गर्ने गर्दछन्। यस पक्षलाई उपन्यासमा नागको कथा, हाँसको कथा, कागले बच्चा बचाउन गरेको प्रयास, मानिसहरूले पनि आफ्नो अस्तित्व रक्षाका लगि अन्य देशमा गएर गरेको सङ्घर्षका कथाहरूमार्फत प्रस्तुत गरिएको छ । त्यसैगरी मानवीय अतिक्रमण र विलासिताका कारण प्राणी वनस्पतिको अस्तित्व सङ्कटमा पर्दै गएको यथार्थतालाई पनि उपन्यासको विषयवस्तु बनाई प्रस्तुत गरिएको छ ।

कर्कोटक नागकी श्रीमती नागरानी डोब्रे सर्पतिर आकर्षित भएकी छे । उनीहरू दुवै आफ्नो बासस्थानबाट लुक्दै आएर भेट्ने गरेका छन्। "खोकनाको डोब्रे सर्प र नागरानी खेतमा मडारिँदै रचन्। धेरै दिनपछि तिनको लसपस चलिराथ्यो क्यार" (पृ. ११)। यसरी डोब्रे सर्पलाई मन पराएकी नागरानी डोब्रेलाई नदेख्दा बिरामी भएकी छे। उसको जीवन अस्तित्व नै डोब्रेमा निर्भर भएको देखेर नागराजाले उनीहरूको मिलन गराइदिएको छ । "डोब्रेलाई देखेपछि नागरानी बिसेक हुन थालिच । मुखको फिँज हराएच, आँखा हेर्ने भएचन् । रोग हराएपछि नागरानी पानीबाट बाहिर निस्किन थालिच । कहिले दहको फन्को लाउँथी त कहिले टापुमा पुग्थी । नागरानीको अघिपछि हुन्थ्यो त्यही डोब्रे । बेलाबेला दुवै ढिस्कोको टुप्पोमा पुग्थे रे ! (पृ. ५६)। नागरानीको जीवनलाई उसकै प्रेमले बचाइदिएको छ। मानव समाजमा मात्र नभएर मानवेतर समाजमा पनि माया, प्रेमले ठुलो भूमिका राख्ने कुरा उपन्यासमा व्यक्त गरिएको छ । यसरी प्राणीको अस्तित्वका लागि उनीहरूमा पनि प्रेम र संवेदना हुने कुरा नागका कथामार्फत व्यक्त गरिएको छ जबकी डोब्रेलाई भेटेपछि नै नागरानीको स्वास्थ्य पूर्ण रूपमा ठिक भएको छ ।

वर्तमानमा जिउँन र भविष्यबारे सचेत हुनका लागि विगतलाई बुझ्नु आवश्यक हुन्छ । इतिहासको अध्ययनले नै हामीलाई हाम्रो यथार्थता र भविष्यलाई सङ्केत गर्दछ, जसले हाम्रो अस्तित्व रक्षाका लागि सहयोग पुऱ्याउँछ । त्यस्तै सोचले काका हाँस हाँसहरूको इतिहास खोज्न लागिपरेको छ, जुन कार्य अन्य हाँसहरूको भन्दा फरक भएकोले उसलाई हाँस समाजले नै बहिष्कारसमेत गरेको छ, तर यति हुँदा हुँदै पनि काका हाँस आफ्नो काममा प्रतिबद्ध भएर लागिरहेको छ । "इतिहास नबुझेमा हाँसहरूको भविष्य सिमसारमा भासिँदै जानेछ ।", काकाले प्रतिकार गर्न छाडेनन् (पृ. १५६) । हाँसको समाजकै अस्तित्व रक्षाका लागि काकाहाँस इतिहास खोज्न लागिरहेको छ भने उसको अध्ययनबाट हाँसहरू मान्छेको आहार बन्ने गरेको तथ्य फेला परेको छ । मान्छेहरू व्याप्त मांसाहारी प्रवृत्तिलाई यहाँ स्पष्ट रूपमा देखाउँन खोजिएको छ । बली प्रथाका नाममा अबोध पशुप्राणीलाई बध गरी सेवन गर्ने मानिसहरूले बली दिएको प्राणी सिधै स्वर्ग पुग्ने भ्रम फैलाएको छ । यसै कुरालाई उपन्यासमा दिनानुदिन हाँसहरू हराउँदै गएको र ती हराएका हाँसहरू आकाशपारीको हाँसचौता भएको ठाउँमा सुखी जीवन जिएर बसिरहेको भन्ने भ्रम विश्वासका रूपमा हाँस समाजमा फैलिएको छ । त्यसलाई यथार्थताका रूपमा देखाउन उपन्यासकारले काका हाँसलाई प्रयोग गरी हराएका हाँस कुनै स्वर्गीय ठाउँमा नगई मान्छेहरूको आहार बन्ने गरेको वास्तविकता प्रस्तुत गरेका छन् ।

काका हाँसको इतिहास अध्ययनले केकसरी मान्छेले अबोध प्राणीको हत्या गरी उपभोग गर्छ भन्ने कुरालाई उपन्यासमा व्यक्त गरिएको छ । "पहिले घाँटीलाई अँठ्याएर अचानोमा राख्छन् ।", काकाले जवाफ दिए, "अनि खुकुरीले क्वैंक्कै ! कसैले एकै मारमा घाँटी छिनाउँछन् । कसैले रेटीरेटी क्वैंक्क ! कसैले भने हातैले घाँटी क्वाँकेर ठहरै !" (पृ. १६८) मानिसहरूले आफ्नो स्वार्थ र जिब्रोको स्वादका लागि हाँसको हत्या गरी सेवन गर्ने गरेको छन् । काकाहाँसले इतिहास खोज्दा भेटेको तथ्यका माध्यमबाट उपन्यासकारले उपभोगमा मात्र ध्यान दिने र आफ्नो जस्तै अरूको अस्तित्वको सम्मान गर्न नसक्ने मानवसमाजको आलोचना गरेका छन् । मानिसहरू हिंस्रक बन्दै गएको देखाउँदै मानिसमा आफ्नो जस्तै अरूको पनि बाँच्ने अधिकार भएको र त्यसलाई आफुजस्तो चेतनशील प्राणीले सुरक्षा दिनुपर्ने चेतनाको अभाव देखिएको भाव अभिव्यक्त गरिएको छ ।

उडन्ते हाँसहरूले आफूलाई घरपालुवा हाँसभन्दा फरक देखाउँन र आफ्नो अस्तित्व विशिष्ट रहेको देखाउँन घरपालुवासँगको सम्बन्धलाई तोड्न लागेका छन् । "तिमीसँग खेलेकाले

सबै उडन्ते रिसाए । यहाँ रहिरह्यौँ भने उडन्तेहरूको ठूलो बदनाम हुन्छ रे ! त्यसैले भोलि बिहानै टौदह छाड्ने योजना बनेको छ” (पृ. १६०) । काली हँसिनीको लहडेसँगको प्रेमलाई स्वीकार नगरेको उडन्ते हाँसहरूले यहाँ बसिरहेमा आफ्नो ठूलो बदनाम हुने ठान्दै टौदह नै छाड्ने योजना बनाएका छन् । यसरी पशुहरूमा भएको आफ्नो अस्तित्वप्रतिको चेतना र त्यसलाई सदैव जोगाइरहन उनीहरूले गरेको प्रयासलाई उपन्यासमा देखाइएको छ । हरेक प्राणीमा आफ्नोपनको अनुभूति हुने र आफूमा अरूभन्दा फरक अस्तित्व भएको ठान्दै त्यसको सुरक्षामा लाग्ने स्वभावलाई यहाँ व्यक्त गरिएको छ ।

> लुगा सुकाउँदा सुकाउँदै कानमा चिरिक्क भयो । हातले छामेर हेर्दा औँलामा रगत देखेँ । ‘काँकाँ’ को आवाज सुनेँ । फर्केर हेर्दा उउटा काग हलुवावेदको रूखतिर उड्दै थियो । ...हलुवावेदको रूखमा कागले बच्चा कोरल्दै छ । हिजो गुँडबाट झरेको एउटा बच्चो कुकुरले मारेछ । त्यसैले कागहरू आक्रोशित छन् । चार- पाँचवटा बच्चा थिए । कुनै तल झरे, कुनैलाई चिलले लग्यो । अब एउटामात्र बाँकी छ रे” मलाई घरबेटी दिदीले भन्नुभएको (पृ. ९०) !

कागले अस्तित्व रक्षाका लागि मानिसमाथि जाइलागेको छ भने नङ्ग्रा, चुच्चोको प्रयोग गर्दै ठुला ठुला पशुप्राणी र मान्छेले गरेको अतिक्रमण विरूद्ध प्रतिकार गरेको छ । आफ्नो बचेराको जीवनरक्षाका लागि कागहरू शक्तिशाली प्राणीप्रति आक्रोशत बनेका छन् । यसबाट चराचुङ्गीले आफ्नो अस्तित्व रक्षाका लागि गरेको सङ्घर्षलाई देखाएको छ भने पृथ्वी सबै प्राणीहरूको साझा भएकाले यहाँ जीवन रक्षासम्बन्धी अधिकार बराबर भएको भाव यहाँ सम्प्रेषित छ ।

### (इ) संस्कृति र पर्यावरण

पर्यावरण र संस्कृति बिच निकटतम सम्बन्ध रहेको हुन्छ, जुन कुरालाई *हंस* उपन्यासमा प्रस्तुत गरिएको छ । यहाँ विभिन्न प्रजातिका चराचुरूङ्गी, जीवजन्तु, बोटबिरूवा, मानिस लगायतका प्राणीहरूको फरक-फरक संस्कृतिलाई प्रस्तुत गरिएको छ भने तिनीहरूको पर्यावरणसँगको सम्बन्ध र त्यसको एकअर्कामा परेको प्रभावलाई प्रस्तुत गरिएको छ । टौदहको दहको सिर्जना प्राचीन कालमा भएको देखाउँदै त्यसको सम्बन्ध महाभारतको भीमसेनसँग रहेको देखाइएको छ ।

भीमसेनले एक कोदालो खन्या ठाउँमा पोखरी बन्यो रे ! अनि हुत्याएको माटोले परको पहाड । पहिले त्यस पहाडलाई किरात पोल्ने पहाड भन्थे, अहिले ह्वाइट हाउस पहाड !"…..ह्वाइट हाउस जति अग्लो छ, पोखरी त्यति नै गहिरो । किनकी भीमसेनले एक कोदालो माटो फ्याँक्दा जति पहाड अग्लियो, पोखरी त्यति नै गहिरियो (पृ. १०) ।

उपन्यासमा टौदहको पोखरी निर्माणको सन्दर्भमा हिन्दु संस्कृतिअनुसारको पुज्य धार्मिक एवम् सांस्कृतिक ग्रन्थ महाभारतलाई जोडिएको छ । महाभारतका भीमसेनले एक कोदालो खन्दा पोखरी बनेको छ भने त्यसको माटोले पछाडिपट्टि अवस्थित पहाडको निर्माण भएको छ । यसरी उपन्यासमा संस्कृति र पर्यावरण बिचको सम्बन्धलाई देखाइएको छ । त्यसैगरी नागराजा र नागरानी अहिले पनि टौदहको पींधमा नै बसोबास गरिरहेको जनविश्वासलाई यहाँ विन्यासित गरिएको छ । "कर्कोटक नाग र नागरानी आज नी टौदहको पींधमा बस्चन् । दहभित्र उनेरको झलमल्ल दरबार छ ।", आमै कथा भन्न तातिइन्" (पृ. ११) टौदहको पींधको स्थितिप्रतिको सांस्कृतिक विश्वास र त्यसले टौदहलाई दिलाएको विशिष्टताका पक्षलाई उपन्यासले समेटेको छ । त्यस्तै यी सबै कथाहरू यथार्थपरक हुन् भन्ने विश्वास दिलाउँन अहिले पनि अदृश्य शक्ति गतिविधि सक्रिय रहेको कुरा उपन्यासमा प्रस्तुत छ । "ती कथा होइनन् !" आमै झर्किइन्, "भाकै कुरा हुन् । अहिले पनि चम्पादेवी सर्वकालिका डाँडामा देउता हिडिरन्च बाबै" (पृ. १०) ! यसरी उपन्यासमा सांस्कृतिक र विश्वास, आस्थाका विषयलाई पनि यथार्थपरक ढङ्गबाट व्यक्त गर्न खोजिएको छ । खासमा हाम्रा दैनिक जनजीवन परम्परादेखि चल्दै आएको संस्कृतिसँग नै जोडिएका हुन्छन् । प्रकृति र पर्यावरणबिना हाम्रो जीवन अस्तित्व नै नरहने हुँदा ति सांस्कृतिक कुराहरू पनि पर्यावरणसँग अवश्य ने जोडिएका हुन्छन् । यस्ता सांस्कृतिक क्रियाकलापहरूले सम्बन्धित पर्यावरणीय क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ, जुन कुरा उपन्यासमा पनि व्यक्त गरिएको छ ।

हाँसहरूको आफ्नै सांस्कृतिक विशेषतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । प्राणीहरूको सुष्टिका सम्बन्धमा उनीहरूको आफ्नै लोकविश्वास रहेको छ । हाँसद्यौताले सबै प्राणीको सृष्टि गरेको र मान्छेलाई हाँसकै सेवा गर्न सृष्टि गरेकोबारे उनीहरू विश्वस्थ छन् । "सबैभन्दा पहिले हाँसद्यौताले हाँसलाई बनाए अनि मान्छेलाई । त्यसैले त द्यौताको अनुहार पनि हाँसकै जस्तो छ" (पृ. २०) । ..."हाँसद्यौताले मान्छेलाई हाँसकै सेवाका निम्ति बनाएका

हुन्" (पृ. २१) । यसरी हाँसहरूको आफ्नै संस्कृति र विश्वासलाई देखाइएको छ भने उनीहरूले आफैँलाई श्रेष्ठ प्राणीका रूपमा स्वीकार गरेका छन् । त्यसैगरी हाँसहरूले हाँसजात्राको आयोजन गरेर त्यहाँ हाँससम्बन्धी विभिन्न कथाहरू प्रस्तुत गर्ने गर्दछन् । हाँसहरूको उत्पत्ति र उनीहरूको अन्य प्राणीहरूसँगको सम्बन्धका बारेमा पनि हाँसजात्रामा छलफल हुने गर्दछ । हराएका हाँसहरू मनसरोवरमा पुगेर स्वर्गीय आनन्दमा रमाउने गरेको कुरा हाँस समाजले बताउँछ भने फेरी हाँसको इतिहास अध्ययन गर्दै गरेको काका हाँसले ती हाँसहरूको मापिनसहरूले उपभोग गर्ने गरेको यथार्थिक तथ्य वप्रस्तुत गरेको छ । यसको तात्पर्यमा चेतनशील र सर्वश्रेष्ठ ठानेर अरूको हत्या, हिंसा गर्दै पृथ्वी आफ्नै मात्र पेवा बनाउन खोज्ने मान्छेलाई यहाँ अन्य प्राणीको पनि आफ्नै संस्कृति, लोकविश्वास र निष्ठापूर्वक बाँच्न पाउने अधिकार छ, जसलाई मान्छेले हनन गर्न नहुने र गर्न नसक्ने भाव सम्प्रेषण गरिएको छ ।

सीमाकी आमालाई ईश्वरीय सत्ताप्रति अति नै आस्थाभाव र विश्वास रहेको देखिन्छ । उनी आफ्ना इच्छाहरू पूरा नभएपनि वर्षौदेखि शिवलिङ्गको दर्शन गर्न पशुपति गइरहेकि छिन् र पुजाआमामा विश्वस्थ छिन् । "सीमाकी आमालाई शिवपार्वतीमा धेरै आस्था, हरेक हप्ता पशुपतिको दर्शन नगरे चित्त नबुझ्ने । ...सीमापछि एक-एक गर्दै चारवटी छोरी र अन्तमा एउटा छोरा जन्मिए । इच्छा अधुरा रहे पनि शिवलिङ्गको पुजा यथावत् नै रह्यो" (पृ. ४५-४६) । छोरी-छोरीको जन्म भएपश्चात् उनमा छोरो जन्मिएला भन्ने आशा थियो । आर्थिक अभाव हुँदा, श्रीमान् महिनौँ लखनऊ बस्दा, एकपछि अर्को छोरी जन्मँदा पनि उनमा इश्वरीय सत्ताप्रतिको विश्वास घटेको थिएन भने आफैँमा कमजोरी रहेको महशुस गर्थिन् । "आमा पछिसम्म ती कथाहरू पत्याउँदै हिमालमा शिवजीको परिवार बस्छन् भनेर साच्नुहन्थ्यो" (पृ. ४६) सीमाकी आमालाई बाल्यकालदेखि नै सुनाइएको भगवान्का कथाहरू वास्तविक हुन् जस्तो लाग्थ्यो, समय, परिसिस्थिति परिवर्तन भएपनि उनको चेतना परिवर्तन भएको थिएन ।शिव र पार्वतीप्रतिको उनको धारणमा पनि कुनै परिवर्तन आएको थिएन । भौतिक वस्तुहरूमा इश्वरीय शक्ति देख्ने र त्यसैलाई विश्वास आफ्नो कर्मलाई निरन्तरता दिने संस्कृति सीमाकी आमामार्फत प्रस्तुत गरिएको छ । यसरी उपन्यासमा सांस्कृतिक चेतनाले मानिसमा जगाएको आस्थाभावलाई पर्यावरणीय पक्षसँग जोडिएर व्यक्त गरिएको छ ।

शेरसिंह धार्मिक ग्रन्थ महाभारत र गीताप्रति आस्था राख्ने गरेको भाव उपन्यासमा प्रकटित छ । काम गर्दै जाऊ तर फलको आशा नगर भन्ने गीताको सारलाई शेरसिंहले

अनुजलाई दिएको सिडीमार्फत व्यक्त गरिएको छ । "कर्म गर तर फलको चिन्ता नगर !", श्रीकृष्णले हात जोडेर अर्जुनलाई सम्झाउँदै थिए, तिम्रो काम युद्ध गर्ने हो कि त मर्नेछौ वा मारिने । परिणाको चिन्ता नगर । केवल आफ्नो कर्ममा ध्यान देऊ" (पृ. १२४) । गीताको मूल सार नै कर्मलाई प्रमुख ठानेर कामप्रतिको लगाब बढाउँनु हो । यसबाट काम गर्ने क्रममा फललाई ध्यान दिन पुगियो भने कामप्रति कम ध्यान गएर काम राम्रो नहुन सक्छ । काम गरेपछि फल प्राप्त हुने कुरा अनिवार्य भएकाले कामका बेला फलमा ध्यान नदिएमा कामप्रति पूर्ण पूर्णबद्ध हुन सकिन्छ र राम्रो फल प्राप्त गर्न सकिन्छ भन्ने बुझाउँन खोजिएको देखिन्छ । त्यसैले आफ्नो अस्तित्व रक्षा गर्नका लागि कर्मलाई महत्त्व दिनुपर्ने र कर्मप्रतिको चिन्तन गर्ने संस्कृतिको विकास गर्नुपर्ने कुरालाई यहाँ अभिव्यक्त गरिएको छ ।

पृथ्वीमा रहेका सम्पूर्ण प्राणीहरूको अस्तित्व पर्यावरणबिना सम्भव छैन, त्यसकारण पर्यावरणको संरक्षण गर्नु हाम्रो नैतिक जिम्मेवारी हो । मूर्तिकारले निर्माण गरेको मूर्तिमार्फत वातावरणीय सम्पत्तिहरूको संरक्षण गर्नुपर्ने भाव व्यक्त गरिएको छ । "हे महिषासुर मर्दिनी !", मूतिकारले दुर्गालाई भन्यो, "मैले तिमीलाई बनाएँ । अब तिमी नै संसारलाई पापीहरूबाट जोगाऊ" (पृ. १३५) । मैले तिमीलाई बनाएँ, तिमीले संसारलाई जोगाउ भन्दै पर्यावरणको अत्याधिक दोहन र विनाश रोक्न मूर्तिलाई गरेको आह्वानबाट पर्यावरणको संरक्षण गर्ने चिन्तन मान्छेबाट हट्दै गएको र त्यसतर्फ सचेतताको माग गरिएको छ । यसरी प्रेमकी आमाको मूर्तिप्रतिको आस्थालाई व्यक्त गरिएको छ भने वातावरण संरक्षणको आवश्यकता देखाइ संसारको रक्षा गर्नका आम मानव समाज लागिपर्नुपर्ने चिन्तन यहाँ प्रस्तुत गरिएको छ । देवीदेवताको मूर्तिले सांस्कृतिक पक्षलाई देखाएको छ भने मूर्तिले संसारको रक्षा गर्नुपर्ने भन्दै वातावरण संरक्षण र पर्यावरणीय सजीव निर्जिव तत्त्वहरूको रक्षा गरिनुपर्ने विषयलाई अभिव्यञ्जित गरिएको छ ।

अदृश्य शक्ति तथा भगवान्को स्तुति गरे प्राकृतिक विपत्ति लगायत सङ्कटबाट बच्न सकिन्छ भन्ने विश्वास तथा सांस्कृतिक चेतनालाई उपन्यासमा प्रस्तुत गरिएको छ । झरीको मौसममा पालेले गरेको क्रियाकलापले यस कुरालाई देखाएको छ । "केही होइन सर, शिवजीको प्रसाद हो ।", उसले मलाई भन्यो, हावा-हुन्डरी चलेर झरी परेको बेला शिवजीको स्तुति गरे महादेव खुसी होइसिन्छ" (पृ. १४२) । महादेवले खुसी भएर हामी सबैको तथा पर्यावरणको संरक्षण गर्छन् भन्ने विश्वास व्यक्त गरिएको छ भने यसबाट पर्यावरण सन्तुलित बनाइ यसको

संरक्षण गरियो भने पर्यावरणमा आइपर्ने प्राकृतिक विपत्ति पनि न्युन हुन सक्ने पर्यावरणमा कम क्षति गर्ने कुरालाई व्यक्त गरिएको छ ।

### (ई) पर्यावरणीय खोपी

उपन्यासमा पशुपङ्क्षी, मानिस जस्ता प्राणीहरूको बासस्थान र अन्य पर्यावरणीय तत्त्वले तिनलाई पारेको प्रभावका बारेमा चर्चा गरिएको छ । पर्यावरणीय खोपीले पर्यावरणमा प्राणीहरूको बसोबासको स्थिति र पर्यावरणमा आएको परिवर्तनले उनीहरूलाई पारेको प्रभावका बारेमा अध्ययन गर्दछ । त्यसैगरी *हंस*मा पनि हाँस, बकुल्ला, अन्य चराचुरुङ्गी लगायत मानिसका बासस्थान र पर्यावरणीय तत्त्वमा आएको परिवर्तन र विनाशले तिनमा पुगेको असरलाई व्यक्त गरिएको छ । जुनसुकै प्राणीहरू पनि आफु अनुकूलको बातावरणमा मात्र रहन सक्छन् । उपन्यासमा उडन्ते हाँसहरू अन्य ठाउँको वातावरण उपयुक्त नभएर टौदहमा आएका छन् । “आकाशका काला आकारहरू उड्दै-उड्दै नजिकै आएर हाँसमा परिवर्तन भए ..ऊ, त्यो एउटा हाँस, रूपी र काग बसेको असारे रूख छेउबाट हुइँकँदै दहमा हाम्फाल्यो र हरायो । कता गयो त्यो उडन्ते ? एकछिनपछि दहबिचको टापुछेउ पो देखियो, उसको कालो टाउको” (पृ. १७) ! यसरी उडन्ते हाँसहरू आफ्नो अनुकूलको बासस्थानको खोजीमा टौदह आइपुगेर त्यहाँको वातावरणमा रमाएका छन् र आफ्नो अस्तित्व सुरक्षित गरेका छन् ।

टौदहको पुरानो परिवेश र पशुपङ्क्षी अनुकूलको वातावरण र उनीहरूको बासस्थानमा समय र मौसमअनुसार परिवर्तन आएको पाइन्छ । त्यहाँबाट देखिने प्राकृतिक सौन्दर्यको परिवेशमा बदलाव आएको छ भने विभिन्न प्राणीहरूको बासस्थानका लागि पनि यस क्षेत्र प्रतिकूल बन्दै गएको छ । टौदहको स्वरूप पनि पहिले जस्तो विशाल नभएर सानो भएको बताइएको छ ।

> “कुनै बेला यो दह परपरका पहाडसम्म फिँजिएको थियो रे !”
> “हो र ! मनसरोवरको दह जस्तै ?”
> “टौदहको दहजस्तै । त्यसपछि धेरै दिन हाँस च्योताले प्वाँखे डाँडालाई दुई फ्याँक पारेछन्... ऊ त्यो परको डाँडो देखेनौ ? मान्छेले त्यसलाई चोभार भन्छन्, हामी प्वाँखे डाँडो...! हाँस च्यौताले डाँडो काटेपछि दहको सबै पानी बगेर गयो ।”

"क्वाँक ?"

"सर्प, भ्यागुता, पानीकिरा, कछुवा सबै बगेर गए । केही हाँस र नागमात्र जान मानेनन् । टौदहमै बस्न थाले" (पृ. १५०) ।

वर्षौ पहिले फरक अस्तित्वमा रहेको टौदहमा डाँडो काटेर पानी बगाएपछि पानीसँगै त्यहाँका प्राणीहरू बग्दै गएर उनीहरूको बासस्थान हरण भएको छ भने टौदहको मूल्य ह्रास भएको छ । पहाडसम्म फैलिएर विराट स्वरूप ग्रहण गरेको टौदह साँघुरिन पुग्दा त्यहाँका सबै जीवहरूको बासस्थान फेरिएको देखिन्छ । काका हाँसले इतिहासको अध्ययन गर्ने क्रममा यी तथ्यहरू पत्ता लगाएका थिए । यसरी उपन्यासमा समयक्रमअनुसार प्राकृतिक स्रोतमा आएको परिवर्तन र त्यसले जीवहरूको बासस्थानमा परेको प्रभावलाई प्रस्तुत गरिएको छ ।

प्रकृतिको काखमा आनन्दले जीवन बिताइरहेको हाँसहरूलाई हाँसकथाका माध्यमबाट उपन्यासमा व्यक्त गरिएको छ । आफ्नो बसोबास स्थलमा विभिन्न क्रियाहरू गर्दै हाँसको जीवनयत्रा अगाडि बढिरहेको देखिन्छ । "घाम हुर्किन थालेपछि र्‍याङ्भित्र सुतिरा लहडे हाँस ब्युझेर पानीतिर हेरो ।" ...."बल्ल ब्युँझियौ तिमी ? म त पारिसम्म पौडर आइसकें । यस्तो रमाइलो बिहानमा पनि कोही अल्छी मानेर बस्छ ?" (पृ. १४७) घाँम झुल्किँदा पनि लहडे हाँस सुतिरहेको देखेर हँसिनीले आफूले दहमा पौडेर आनन्द लिएर आएको हुँदा उसलाई पनि अल्छी नमान्न आग्रह गरेकी छे । यसरी यहाँ हाँसहरूको बासस्थान र उनीहरूको त्यहाँको आनन्दमय जीवनशैलीलाई यहाँ प्रस्तुत गरिएको छ । त्यस्तै उनीहरू जलकुम्भीको र्‍याङ्तिर बसेर रमाइलो गर्दै एकअर्कालें कथा सुनाउने गरेका छन् । टौदह क्षेत्रका असारे रूख, हाडेबिलका रूख, त्यहाँ वरिपरिका सिमसार, डिल लगायतका स्थान नै त्यहाँका प्राणीहरूको बास्थानको थलो हो । यहाँ उनीहरू आफ्नो किसिमले रमाउँदै जीवन व्यति तगर्ने कुरा उपन्यासमा व्यक्त गरिएको छ भने समयसापेक्ष विभिन्न प्राकृतिक परिवर्तनले उनीहरूको बासस्थान र जीवनयापनलाई प्रभाव पुऱ्याएको पाइन्छ ।

### (उ) मानवेतर सङ्कथन

उपन्यासमा मानवनिर्मित सङ्कथन सँगसँगै मानवबाहेकका प्राणीहरूबाट निर्मित मानवेतर सङ्कथनलाई पनि उत्तिकै महत्त्वका साथ प्रस्तुत गरिएको छ । पर्यावरणीय कृतिले मूलतः मानवेतर प्राणीहरूकै क्रियाकलाप, वन्यजन्तुहरू, वनस्पति, पशुपङ्क्षी, जीवाणु

लगायतका प्राकृतिक तत्त्वहरूको एकआपसको सम्बन्धलाई व्यक्त गरेको हुन्छ । त्यसैगरी *हंस* उपन्यासले पनि प्राकृतिक सम्पदाहरूबिचको सम्बन्धलाई व्यक्त गरेको छ । नाग-नागिनी र हाँस-हँसिनीको कथा मुख्य रूपमा व्यक्त भएको छ भने अन्य प्राणीहरूका कथाहरू पनि विभिन्न प्रसङ्गमा आएका छन्, जसले मानवेतर सङ्कथन निर्माण गरेको छ । हाँसहरूले मनाउने हाँस जात्रालाई उत्सवलाई उनीहरूको सङ्कथनका रूपमा व्यक्त गरिएको छ । "क्याकक्याक क्याकक्याक !", घरपालुवा हाँसहरू बोलाउँदै आए, "जाऔँ, हिडौं टाँडतिर । हाँस जात्राको समय आएको छ" (पृ. १८) । हाँसहरूको हाँस जात्रामा उनीहरूले आफ्ना बारेमा बनेका कथाहरू प्रस्तुत गर्ने गरेका छन् भने हाँसलाई सर्वश्रेष्ठ प्राणीका रूपमा मान्ने गर्दछन् ।

घरपालुवा हाँसहरू दहको डिलमा रहेको बाँसको टाँडमा जात्रा मनाउँने गर्दथे । आकाशपारीको दहमा हाँस द्यौता बस्दछन् र उनले यहाँका हाँसलाई पनि बोलाएर आनन्दको जीवन जिउँन लगाउँछन् भन्ने सङ्कथन उनीहरूमा रहेको छ । "क्याक्क...क्याक्क !, उसले सबैलाई सुन्ने गरी भन्यो, हाँस-जात्राको समय आएको छ । आज फेरि हाम्रा दुई साथीलाई हाँसद्यौताले बोलाएका छन् । लौ भन साथी हो, कस्तो छ द्यौताको क्वाँकस्थान ? हाँसद्यौता पौडिने त्यो आकाशपारिको दह" (पृ. १९) यसरी हाँसद्यौताको क्वाँकदृष्टि सधैँ आफूहरूमा रहोस् भन्ने मान्यता उनीहरूको रहेको पाइन्छ ।

हाँसद्यौताले हाँसहरूको सुरक्षा र हेरचाहका लागि मानिसहरूको सृष्टि गरेको सङ्कथन हाँस समाजमा व्याप्त छ । "सबैभन्दा पहिले हाँसद्यौताले हाँसलाई बनाए अनि मान्छेलाई । त्यसैले त द्यौताको अनुहार पनि हाँसकै जस्तो छ" (पृ. २०) । "हाँसद्यौताले मान्छेलाई हाँसकै सेवाका निम्ति बनाएका हुन" (पृ. २१) । यसरी हाँसहरूले आफूहरूको सुरक्षा र पालनपोषणका लागि द्यौताले मान्छेको सृष्टि गरेको सङ्कथन निर्माण गरेका छन् । यस सङ्कथनको सत्यता खोज्दै काका हाँसले इतिहास अध्ययनका सन्दर्भमा मान्छेहरूले उपभोगका लागि मात्र हाँसहरूको संरक्षण गरेको तथ्य पत्ता लगाएको छ । यसरी हाँस समाजमा व्याप्त सत्यतालाई काका हाँसको अध्ययनले पृथकता ल्याएको छ । समाजमा फैलिने हल्लायुक्त कथाहरूमा सत्यता नहुन पनि सक्ने भन्दै काकाहाँस इतिहास खोज्न थालेको छ ।

"जतिजति डुब्दै गएँ, इतिहास त्यति नै अँध्यारो-अँध्यारो देखेँ ।"

हो र !", लहडे हाँस छक्क पऱ्यो , "इतिहास त उज्यालो पो हुनुपर्ने, होइन र ?"

“त्यस्तो केही होइन रहेछ ।”, काकाले पानीतिर हेर्दै जवाफ दिए, “हाँस-इतिहास बलिया-बाङ्गाहरूको कथा रहेछ। अर्कालाई निलेर आफू बाँच्नेको चुच्चो ठुँगाइ रहेछ” (पृ. १६५) ।

काकाहाँसको इतिहास अध्ययनले हाँसबारे फैलिएको सङ्कथन विपरित नतिजा प्रस्तुत गरेको छ । टौदहमा हराएका हाँसहरू आकाशपारीको दहमा पुगेर आनन्दपूर्वक बस्छन् भन्ने कथालाई यस इतिहासले परिवर्तन गरेको छ, जुन कथनमार्फत लहडे हाँस डराएको छ भने ऊ पछि महात्मा हाँसका रूपमा हाँसहरूका माभ्र चिनिन पुगेको छ । त्यसैगरी उपन्यासमा लहडे र काली हँसिनीको प्रेमसम्बन्धको सङ्कथन निर्माण गरी उनीहरू बिचको संवादलाई विभिन्न ठाउँमा प्रस्तुत गरिएको छ ।

अनि सोधी, “किन यसरी बलजफ्ती उड्न खोजेको ?”
“रहर लाग्छ !”, लहडे हाँसले जबाफ दियो ।
“क्वाँकक्वाँक... पछारिउँला भनेर डर लाग्दैन ?”
“कोंककोंक... केको डर ? तिमीहरू पनि त उडिरहन्छौ नि सबैतिर ।
“हाम्रो कुरा छुट्टै हो । हामी उडन्ते हाँस हौं । तिमी घरपालुवा हौ । तिमी र हामीबीच फरक छ ।”
“म पनि उड्न चाहन्छु ।”, लहडे हाँसले भन्यो, “परपर पुग्न चाहन्छु ।”
“क्वाँकक्वाँक !”, हँसिनीले भनी, “उड्नु तिम्रो नियति होइन..!”
“कोंककोंक !”, हाँसले भन्यो, “म आफ्नो नियति फेर्छु । उड्न सिकेर तिमीहरूकै बथानमा सामेल हुन्छु । त्यहीं जान्छु, जहाँ तिमी जानेछौ” (पृ. २८) ।

लहडे हाँसलाई काली हँसिनी यानकी उसकी प्रेमिका जस्तै गरी उड्न मन छ र उडेर सँधै हँसिनी सँगै हुन मन छ । यसरी उपन्यासमा काली हँसिनी र लहडे हाँसको संवादलाई सान्दर्भिक रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी महादेवकी भक्तिनी र ऊ बाटै परिवर्तन भएर खरीको रूख बनेको आश्चर्यात्मक सङ्कथन उपन्यासमा विन्यासित छ ।

जति उनको आँसु ले पोखरी भर्दै लग्यो, त्यति नै भक्तिनी अर्के रूपमा परिवर्तन हुँदै गइन् । उनका हात हराए, हाँगा पलाए । खुट्टा बिलाए, जरा फिँजिए । छाला सुकेर

बोका भए । पोखरी भरिएपछि जङ्गलबाट फर्केका चराहरूले देखेछन्, जुन टापुमा भक्तिनी बस्थिन्, अब त्यहाँ खरीको रूख रहेछ (पृ. १४३) ।

भक्तिनीको आत्मा रहेको मानिएको खरीको रूखका जरा पोखरीको पिँधसम्म पुगेको सङ्कथन व्यक्त भएको छ भने हाँसहरूको गफको विषय नै भक्तिनी बनेकि छ । त्यस्तै अन्य चराहरूले पनि भक्तिनी नै रूखमा परिवर्तन भएकोले त्यहाँ उसको आत्मा रहेको स्वीकार गरेको देखिन्छ । लुगा नलाउनेका कथामार्फत् मानिसहरूप्रति हाँसहरूमा प्रचलित सङ्कथनलाई व्यक्त गरिएको छ । “पहिले लुआ लाउनेहरू पनि उई खुट्टाले मात्र हिंड्थे रे !”, त्यही अघिको हाँस सिमसारमा उभिएर भन्दै थियो, “पछि तिनले उड्ने र गुड्ने घरहरू बनाए । लुआ लाउनेहरू फटाहा छन्, अरूलाई दुःख दिन्छन्” (पृ. १९३) । लुआ लाउनेहरू भनेर यहाँ मान्छेलाई भनिएको छ भने मान्छेले पर्यावरणको अधिक प्रयोग गर्ने र संरक्षणमा पनि त्यति चासो नदिएको आशय व्यक्त गर्दै मान्छेप्रति हाँसहरूको समाजमा व्याप्त सङ्कथनलाई यहाँ प्रस्तुत गरिएको छ । मान्छेले निर्माण गरेको भौतिक संरचना र सुख, सुविधाका विषयहरू उठान गर्दै मान्छेहरू प्रकतिबाट टाढिदै गएर कृत्रिमतामय बन्न पुगेको सङ्कथन हाँसहरूद्वारा व्यक्त गरेका छन् ।

## ३.४ निष्कर्ष

प्राकृतिक पर्यावरणीय विषयहरूलाई उत्कृष्ट रूपमा प्रस्तुत गरिएको *हंस* उपन्यासमा प्रकृतिका विभिन्न रूपहरूको चित्रण गरिएको छ । उपन्यासमा प्रकृतिका सजीव र निर्जिव पक्षहरूको सुन्दरतालाई चित्रण गर्दै मानवीकरण गरिएको छ । प्राणीको अस्तित्वको विषयलाई महत्त्व दिँदै हरेक प्राणीले आफ्नो अस्तित्व रक्षाका लागि स्वंयले नै सङ्घर्ष गरिरहनुपर्ने कुरा व्यक्त गरिएको छ । मानव जीवनका समस्या र पर्यावरणीय सङ्कटलाई ईश्वरीय शक्तिमार्फत समाधान हुन्छ भन्ने भ्रम समाजमा रहेको यथार्थता देखाउँदै त्यसबाट मुक्त भई कर्ममा लाग्न आह्वान गरिएको छ । अदृश्य सत्ताप्रति आस्थाभाव राखेपनि पूर्णरूपमा त्यसैमा भर पर्न नहुने भाव उपन्यासमा व्यक्त गरिएको छ । त्यस्तै, पशुपङ्क्षी तथा प्राणीहरूका लागि उनीहरू अनुकूलको पर्यावरणीय बासस्थान हुनुपर्ने कुरालाई उपन्यासमा देखाइएको छ । पर्यावरणमा प्राणीको शरीरअनुकूलको खोपी भएमा मात्र उनीहरूको जीवन सुरक्षित हुनसक्छ । समयको परिवर्तनसँगै प्राकृतिक स्रोत र साधनमा आउने  परिवर्तनले प्राणीहरूको बासस्थान र जीवनयापनलाई प्रभाव पुऱ्याउने कुरालाई उपन्यासले सचेत गराई चेतनशील प्राणी मान्छेले

त्यसतर्फ चासो राख्नुपर्ने भाव व्यक्त गरिएको छ । मानवबाहेकका प्राणीहरूको समाजमा प्रचलित संस्कृति, विचार, धारणा तथा उनीहरूको मानव समाज प्रतिको दृष्टिकोणलाई व्यक्त गर्दै मानिसहरू अति नै उपभोगी बन्दै गएको र अब सचेत हुनुपर्ने भाव व्यक्त गरिएको छ । मानवीय क्रियाकलाप जस्तै मानवेतर प्राणीहरूमा छुट्टै प्रकारको सामाजिक व्यवस्था हुने भएकोले त्यसमा मान्छेले हानी पुऱ्याइदिन नहुने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । प्रकृतिको अस्तित्व रहेमा मात्र मान्छे र अन्य प्राणीहरूको अस्तित्व रहने. हुँदा पर्यावरण सन्तुलनमा ध्यान दिई प्रकृतिको संरक्षणमा सदैव लाग्नुपर्छ । मान्छे प्रकृतिकै आडमा रहने र समाजमा स्थापित संस्कृतिको सम्बन्ध पनि पर्यावरणसँग नै जोडिने भएकाले पर्यावरणको संरक्षण अत्यावश्यक छ, त्यसैले पर्यावरण संरक्षण गर्नुपर्छ भन्ने भाव उपन्यासमा अभिव्यञ्जित गरिएको छ ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ सारांश

पर्यावरणीय चेतनामा कृतिमा पर्यावरणीय तत्त्व, पर्यावरणीय तत्त्वहरूबिचको सम्बन्ध, मानवीय क्रियाकलापले पर्यावरणमा पुऱ्याएको प्रभाव तथा पर्यावरणको संरक्षण लगायतका विषयहरूको समीक्षा गरिन्छ । पर्यावरणलाई अध्ययन गर्ने सतही र गहन पर्यावरणमध्ये गहन पर्यावरण बढी प्रभावकारी हुने देखिन्छ । यसले पर्यावरणसम्बद्ध विषयवस्तुहरूलाई गहिराइसम्म पुगेर अध्ययन गर्छ भने पर्यावरणीय समस्याहरूको दिगो समाधानलाई महत्त्व दिन्छ । पृथ्वी प्रकृतिमा रहेका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूको साझा घर हो । यहाँ कुनै एकपक्ष तथा शक्ति भएकाले मात्र पृथ्वीको उपभोग गर्न पाउने भन्ने हुँदैन, यदि त्यस्तो भएमा पर्यावरणमा असन्तुलनको स्थिति पैदा भइ प्राकृतिक स्रोत र साधनहरूको अभाव हुन्छ भने सबै प्राणी तथा वनस्पतिको अस्तित्व दीर्घकालिक हुन सक्दैन । त्यसकारण पर्यावरणीय चेतनामा पृथ्वीलाई सबैले साझा रूपमा उपयोग गर्नुपर्ने र यसको संरक्षण पनि सँगसँगै हुनुपर्ने मान्यतालाई जोड दिइन्छ । साहित्यिक कृतिमा पर्यावरणीय विषयलाई केकसरी प्रस्तुत गरिएको छ र पर्यावरणीय समस्याको उठान तथा त्यसको समाधानमा केकस्ता कदम चाल्नुपर्ने कुराहरू समेटिएका छन् भन्ने पक्षलाई पर्यावरणीय चेतनाले आफ्नो अध्ययनको क्षेत्र बनाउँछ । *हंस* उपन्यासमा पर्यावरणीय पक्षलाई नै मूल विषय बनाइएको छ । मानवीय र प्राकृतिक पर्यावरणको चर्चा गर्दै यिनीहरूको एकआपसको सम्बन्ध र पर्यावरणीय तत्त्वहरूकै एकआपसको अन्तरसम्बन्धलाई उपन्यासमा व्यक्त गरिएको छ ।

*हंस*मा मानवीय पर्यावरण र प्राकृतिक पर्यावरणका विषयहरूलाई उठाइएको छ । मानवनिर्मित पर्यावरण मानवीय इच्छा, चाहना र सुख, सुविधाका हेतुले स्थापित भएका हुन् । यसका कारण पर्यावरणमाथि विभिन्न किसिमको प्रभाव परेको देखिन्छ, जसलाई उपन्यासमा स्पष्टतः व्याख्या गरिएको छ । मानव निर्मित सहरीकरणको विकासले पर्यावरणीय स्रोतहरूको विनाश बढ्दै गएको छ । मानिसहरूमा ग्रामीण क्षेत्रतर्फ हीनताभाव पैदा भइ सहर मात्र पस्ने प्रवृत्तिले सहरी क्षेत्रको वातावरण अस्तव्यस्त बन्न पुगेको हुन्छ भने यहाँको पर्यावरणीय सन्तुलनमा पनि खलल पुग्न गएको देखिन्छ । यसप्रकारको सहरीक्षेत्रतर्फको

आकर्षणले वातावरण प्रदूषण बढाउँछ भने रूख, बिरूवा, खोलानदी लगायतका तत्त्वहरूको दोहन अत्याधिक मात्रामा बढ्दै जाने हुन्छ । फलस्वरूप पर्यावरणमा नकारात्मक प्रभाव पर्न गई पर्यावरण असन्तुलनको स्थिति देखापर्छ । उपन्यासमा सहरीकरणका कारण टौदहमा कृत्रिमता बढ्दै जाँदा हाँसहरू र त्यहाँका अन्य प्राणीहरूको जीवनयापनमा असर पुगेको छ । पितृसत्तात्मक समाजिक व्यवस्थाले पनि मानवनिर्मित पर्यावरणमा त्यत्तिकै प्रभाव पार्दछ । पितृसत्ताले नारीलाई आफ्नो नियन्त्रण राख्न खोज्ने हुँदा प्रकृति समान मानिने नारीमाथि अन्याय हुन पुग्छ, जसका कारण समानताको अवधारणा सिद्धान्तमा मात्रै सिमित हुन्छ । सीमाले आफ्नो इच्छाअनुसार पढ्न पाएकी छैन भने प्रेमकी आमा र अनुजकी श्रीमती माया पनि पितृसत्ताबाट शोषणमा परेका छन् ।

उपभोक्तावादी प्रवृत्ति भएका मान्छेहरूले प्रकृतिको अत्याधिक मात्रामा उपभोग गर्दा प्राकृतिक स्रोत र साधनहरूको दुरूपयोग हुन पुग्छ । मान्छे बाहेकका अन्य प्राणीको जीवनशैलीमा समस्या आउँछ भने शक्तिशालीको बोलवाला हावी रहन्छ । मान्छेले पर्यावरणलाई आफ्नै पेवा ठान्दै उपभोग गरिहेको अवस्थालाई उपन्यासमा व्यक्त गरिएको छ । आधुनिकता र पुँजीवादी संस्कृतिका कारण भूमण्डलीकरणको स्थिति बढ्दै जाँदा विश्व नै एक भएको छ भने मानिसहरूलाई र उत्पादनका सामग्रीहरूलाई भौगोलिक सीमाले नरोक्ने स्थिति रहेको छ । त्यस्तै मानव समाजमा व्याप्त आदर्शवाद तथा आदर्शसत्ताका कारण समाजमा जरो गाडेर बसेका नकारात्मक सोच, चिन्तन तथा व्यवहार परिवर्तन हुन सक्दैनन् र समाज पछाडितिर नै धकेलिरहन्छ । उपन्यासमा देवीको मूर्तिप्रतिको आदर्श भाव र महात्मा हाँसप्रतिको आदर्शलाई प्रस्तुत गरिएको छ । समाजमा लामो समयदेखि चल्दै आएको आदिम वृत्तिका कारण पनि मानव समाज प्रभावित हुने गर्दछ । प्राचीन मानवीय व्यवहार र त्यसबाट विकसित हुँदै आएको प्रवृत्तिले वर्तमान समाजलाई प्रभाव पारेको हुन्छ । आदिम वृत्तिका कारण लहडे हाँस उड्न सकेको छैन । त्यस्तै प्रेममा उसको बुवाबाट पुस्तान्तरण भएको आदिम वृत्ति हावी भएको पाइन्छ, जसले गर्दा उसले आफूलाई नियन्त्रण गर्न नसकी सीमामाथि हातपात गरेको छ । उपन्यासका यस्ता प्रसङ्गले आदिम वृत्तिलाई बुझाएको छ ।

*हंस* उपन्यासमा प्राकृतिक पर्यावरणीय विषयहरूलाई उत्कृष्ट रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रकृतिका विभिन्न रूपहरूको चित्रण गर्दै प्राकृतिक सुन्दरतालाई व्यक्त गरिएको छ । टौदह क्षेत्रको प्राकृतिक परिवेश र त्यहाँ हाँसहरू रमाउँदै प्रेमभाव साटासाट गर्दै

हाँसजात्रामा रमाएर जीवन बिताइरहेको मनोरम अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ । त्यसैगरी विभिन्न हिमाली श्रृङ्खला तथा प्राकृतिक परिवेशको सुन्दरता उपन्यासमा विन्यासित छ । त्यस्तै उपन्यासमा प्राणीको अस्तित्वका विषयलाई चर्चा गर्दै हरेक प्राणीले आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्ष गरिरहने अवस्थालाई व्यञ्जित गरिएको छ । काकाहाँसको इतिहास अध्ययन, कागले आफ्नो बचेराको अस्तित्व रक्षाका लागि गरेको प्रयास लगायतका पक्षहरू उपन्यासमा आएको छन् । नेपाली परम्परागत संस्कृति र पर्यावरणबिचको सम्बन्ध उल्लेख गर्दै टौदहको निर्माणमा भिमसेनको प्रसङ्गलाई जोडिएको छ । त्यस्तै सीमाकी आमाको ईश्वरीय भक्तिभाव र आफ्ना इच्छा आकाङ्क्षा ईश्वरले पूरा गर्छन् भन्ने विचारलाई उपन्यासमा व्यक्त गरिएको छ । मानव जीवनका समस्या र पर्यावरणीय सङ्कटलाई इश्वरीय शक्तिले समाधान गर्न सक्छ भन्ने भाव उपन्यासमा विन्यासित छ ।

पशुपङ्क्षी तथा प्राणीहरूका लागि उनीहरू अनुकूलको पर्यावरणीय वासस्थान हुनुपर्ने कुरालाई उपन्यासमा देखाइएको छ । पर्यावरणमा प्राणीको शरीरअनुकूलको खोपी भएमा मात्र उनीहरूको जीवन सुरक्षित हुनसक्छ । समयको परिवर्तनसँगै प्राकृतिक स्रोत र साधनमा आउने परिवर्तनले प्राणीहरूको बासस्थान र जीवनयापनलाई प्रभाव पुऱ्याउने कुरालाई उपन्यासमा विन्यासित गरिएको छ । त्यसैगरी उपन्यासमा मानवेतर सङ्कथनलाई पनि प्रस्तुत गरिएको छ । मानवबाहेकका प्राणीहरूको समाजमा प्रचलित संस्कृति, विचार, धारणा तथा उनीहरूको मानव समाज प्रतिको दृष्टिकोणलाई उपन्यासमा हाँसका कथाहरूमार्फत व्यक्त गरिएको छ । हाँस तथा नागहरूको प्रेमसम्बन्धलाई मानवीकरण गरी मान्छेले गरे जस्तै संवादको सिर्जना गरेर सङ्कथन तयार गरिएको छ । यसरी उपन्यासमा मानवेतर तथा प्राकृतिक पर्यावरणलाई विश्लेषण गरेर प्रकृतिको सुन्दरता व्यक्त गरिएको छ भने प्रकृतिको अस्तित्व रहेमा मात्र मान्छे र अन्य प्राणीहरूको अस्तित्व रहने. हुँदा पर्यावरण सन्तुलनमा ध्यान दिइ प्रकृतिको संरक्षणमा सदैव लाग्नुपर्ने भाव सम्प्रेषण गरिएको छ ।

गहन पर्यावरणीय चेतनालाई स्पष्ट रूपमा देखाउँन सक्षम *हंस* उपन्यासमा मानवनिर्मित र प्राकृतिक पर्यावरणलाई उत्कृष्ट रूपमा चित्रण गरिएको छ । कुनै पनि प्राणीको अस्तित्व रक्षाका लागि सोही अनुकूलको पर्यावरणको आवश्यकता पर्दछ । अनुकूल पर्यावरणको अभावमा कतिपय प्राणीहरूको लोप भइसकेको उदाहरण प्रसस्त पाइन्छ । त्यस्तो स्थिति सिर्जना नहुन मानिसहरू पर्यावरण प्रति सचेत हुनुपर्ने र पृथ्वी सबैको साझा घर हो भन्ने

बुझेर यहाँ सबैको अस्तित्व सुनिश्चित गर्न सहयोगी हुनुपर्ने भाव उपन्यासमा व्यक्त गरिएको छ। मानिसहरूले निर्माण गरेको पर्यावरणले पनि मानव अस्तित्वलाई असर गर्नसक्ने भएकाले त्यस तर्फ पनि मानिसहरू सचेत हुनुपर्ने र प्राकृतिक सम्पदाहरूको प्रयोग र त्यसको संरक्षणमा पनि मानिसहरू सचेत हुनुपर्ने कुरा उपन्यासमा विन्यासित छ।

## ४.२ प्राप्ति

प्रस्तुत शोधपत्रको शोधसमस्यासँग केन्द्रित भएर गरिएको अध्ययन अनुसन्धानबाट भएको प्राप्तिलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

(क) पर्यावरणीय उपन्यास *हंस*मा पर्यावरणीय समालोचना सिद्धान्तले निर्धारण गरेका विभिन्न विषयहरू समावेश गरेर मानवीय र मानवेतर पर्यावरणको स्थितिलाई देखाइएको छ।

(ख) उपन्यासमा मानव निर्मित पर्यावरणले सिर्जना गरेको पर्यावरणीय सङ्कट तथा भौतिक विकासका कारण पर्यावरणमा पुगेको असरलाई व्यक्त गरिएको छ। भौतिक सम्पन्नताले युक्त सहरीकरणको विस्तारका कारण प्रकृतिमा पुगेको असर र मानवेतर प्राणीहरूको जीवनमा परेको प्रभावलाई उपन्यासमा प्रस्तुत गरिएको छ।

(ग) पितृसत्तात्मक समाजको संरचनाले सिर्जना गरेको लैङ्गिक असमानता र भेदभावका विषयलाई उपन्यासमा व्यक्त गरिएको छ। पुरूषले नारीलाई आफ्नो अधीनको वस्तुजस्तै ठान्ने गरेको र त्यसको प्रतिकार गर्न नसकि नारीहरू पीडित भएर बाँच्नुपर्ने विवश अवस्थाको चित्रण उपन्यासमा गरिएको छ। त्यस्तै सीमाले गरेको प्रतिकारका सन्दर्भबाट पितृसत्ताप्रतिको विद्रोहलाई सङ्केत गरिएको छ।

(घ) मानिसमा बढ्दो विलासी प्रवृत्ति र हरेक वस्तुको उपभोग गर्न चाहने स्वभावलाई व्यक्त गर्दै यसबाट प्रकृतिमा पुगेको असरलाई देखाइएको छ। प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहनले मानवेतर प्राणी र प्रकृतिमै प्रभाव परेको छ। त्यस्तै भूमण्डलीकरणका कारण पुँजीवादी संस्कृति बढ्दै गएको छ भने मानिसहरूको विकसित राष्ट्रतर्फ गएर विलासी जीवन जिउँन चाहने सोच, चिन्तन पनि बढ्दै गएको यथार्थलाई उपन्यासमा व्यक्त गरिएको छ।

(ङ) अदृश्य शक्तिप्रतिको आस्था र भावलाई व्यक्त गर्दै मानव समाजमा परम्परादेखि व्याप्त आदर्श सत्तालाई उपन्यासमा प्रस्तुत गर्दै त्यस्ता सोच, चिन्तन परिवर्तन हुनुपर्ने भाव व्यक्त गरिएको छ। मानिसमा प्रयुक्त आदिम वृत्ति तथा वंशाणुगत गुणका कारण उसले पुर्खाकै व्यवहार दोहोऱ्याइ रहेर हिंसात्मक स्थिति सिर्जना भएको छ। यसबाट मानिसलाई नवीन सोच र चेतना विस्तारमा अग्रसर भई सभ्य बन्न आह्वान गरिएको छ।

(च) हाँस, नाग, बकुल्ला तथा मान्छेकै कथाहरू समेटिएको यस उपन्यासमा प्रकृतिका विभिन्न रूपहरूको चित्रण गरिएको छ। मानवेतर प्राणीका कथालाई मानवीकरण गर्दै उनीहरूको जीवनयथार्थ र मानवीय क्रियाकलापका कारण जीवनशैली जटिल र कष्टकर बन्दै गएको भाव व्यक्त गर्दै जीवन अस्तित्व रक्षाका लागि गर्नुपरेको सङ्घर्षलाई प्रस्तुत गरिएको छ।

(छ) मानिसका विभिन्न कला संस्कृति भएजस्तै अन्य मानवेतर प्राणीहरूको त्यस्तै संस्कृति रहेको देखाउँदै मानवेतर प्राणीमा रहेको ईश्वरीय सत्ता पनि उपन्यासमा विन्यासित छ। त्यस्तै भौतिक विकास र आधुनिक प्रविधिका कारण पर्यावरणीय खोपीमा परेको असरलाई उपन्यासमा व्यक्त गरिएको छ।

(ज) मानवीय पर्यावरण र मानवेतर पर्यावरणका विषय समावेश गरी मानवीय क्रियाकलाप र अव्यवस्थित विकासका कारण अन्य प्राणीहरूको जीवनमा परेको प्रभावलाई उपन्यासमा चित्रण गरिएको छ। प्राणीहरूको भावी अस्तित्वका बारेमा चिन्तन गरिएको र मान्छेले पर्यावरणको संरक्षण गरे मात्र मानिसको पनि अस्तित्व रहन्छ भन्ने भाव सम्प्रेषण भएको यो प्रतिनिधिमूलक उपन्यास हो।

पर्यावरणमैत्री दृष्टिकोण राखेर प्रकृतिको संरक्षण गरेमा मात्र पृथ्वीका हरेक प्राणीको जीवन अस्तित्व दीगो हुन्छ भन्ने भाव *हंस* उपन्यासमा व्यक्त भएको छ। मानिस, हाँस, नाग तथा बकुल्ला लगायतका प्राणीका कथाहरू व्यक्त गर्दै सबैको जीवनको मूल्यलाई सम्मान गरेर स्वतन्त्रताको कामना गरिएको यो उत्कृष्ट उपन्यास हो। त्यसैले यहाँ हरेक प्राणीको स्वतन्त्र समाज र संस्कृति भएको कुरा उल्लेख गर्दै सचेत प्राणी मान्छेले यी सबैको संरक्षण गर्नुपर्ने भाव व्यक्त गरिएको छ।

## ४.३ निष्कर्ष

*हंस* उपन्यासमा पर्यावरणमा रहेका मानवनिर्मित र प्राकृतिक पर्यावरणीय पक्षहरूका बारेमा चित्रण गर्दै तिनीहरूको संरक्षण गर्नु अत्यन्त आवश्यक रहेको कुरा व्यक्त गरिएको छ । मानिसहरूमा व्याप्त भौतिक सुख, सुविधाको खोजी र विलासी प्रवृत्तिका कारण निर्मित पर्यावरणले प्रकृतिका स्रोत साधनमाथि पुऱ्याएको असरलाई उपन्यासमा व्यक्त गरिएको छ । मानव समाजमा परम्परादेखि चल्दै र विकसित हुँदै आएको संस्कृतिका कारण पर्यावरणीय पक्षहरूमा परेको प्रभावलाई उपन्यासमा प्रस्तुत गरिएको छ भने भौतिक विकासका कार्य गर्दा प्राकृतिक पर्यावरण सन्तुलनमा ध्यान दिनुपर्ने भाव उपन्यासमा विन्यासित छ । प्राकृतिक पर्यावरणका सुन्दर रूपहरूको वर्णन गर्नुका साथै प्रकृति र मानवबिचको अटुट सम्बन्धका बारेमा व्याख्या गरिएको यस उपन्यासमा पर्यावरण सन्तुलनका बारेमा चिन्तर गरेर सोहीअनुसारको क्रियाकलाप गर्न मान्छेहरूलाई आह्वान गरिएको छ । अन्ततः पर्यावरणका प्राकृतिक पक्षहरूको मानवीकरण गरी मान्छे र पर्यावरणको सम्बन्ध निकट रहेको हुने र पर्यावरण सन्तुलन भए मात्र मानव र अन्य प्राणीहरूको अस्तित्व ररिहने भाव व्यक्त गर्दै पर्यावरण संरक्षणको चेतना विस्तार गरिएको यो प्रतिनिधिमूलक उपन्यास हो ।

## सम्भाव्य शोध शीर्षकहरू

(क) *हंस* उपन्यासमा पर्यावरणीय नारीवाद

(ख) *हंस* उपन्यासमा पर्यावरणीय पुँजीवाद

(ग) *हंस* उपन्यासमा पर्यावरणीय स्वैरकल्पना

## सन्दर्भ सामग्रीसूची


अधिकारी, लक्ष्मीशरण (सन् २०२४). *हंस* उपन्यासमा पर्यावरणीय चेतना *कन्या जर्नल* (५). १३३–१४५ ।

उप्रेती, सञ्जीव (२०७६). *हंस.* बुक-हिल पब्लिकेसन ।

उप्रेती, सञ्जीव (२०७८). *सिद्धान्तका कुरा.* बुकहिल पब्लिकेसन ।

एटम, नेत्र (२०६८). पर्यावरणीय समालोचना. *रत्न वृहत् नेपाली समालोचना* (सैद्धान्तिक). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). रत्न पुस्तक भण्डार ।

एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना.* एकता बुक्स ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खतिवडा, जानुका (२०८०). हंस उपन्यासको पर्यावरणीय समालोचना. *जनज्योति जर्नल,* (२) १३४–१४९) ।

खत्याडी, कृष्ण (२०८०). हंस : बदलिँदो समाजको बहुआयामिक पक्षको चित्रण. *साहित्यपोष्ट* २३ असार । https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-samicha/43273/

गिरी, अमर (२०७२). समकालीन नेपाली कवितामा भूमण्डलीकरण. *प्रज्ञा समकालीन नेपाली कविताविमर्श,* अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम (सम्पा.).नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* ओरियन्टल पब्लिकेसन ।

जोशी, कुमारबहादुर (२०६६). *पाश्चात्य साहित्यका प्रमुख वाद.* साझा प्रकाशन ।

ढकाल, दीपकप्रसाद (सन् २०२२ जुन). जिरो कटेज उपन्यासमा पर्यावरणीय सङ्कट. *त्रिभुवन युनिभर्सिटी जर्नल,* ३७(१). ९९–११० ।

ढकाल, रजनी (सन् २०२३ जुन). उत्तरवर्ती नेपाली निबन्धमा पर्यावरणीय चेतना. *त्रिभुवन युनिभर्सिटी जर्नल,* ३८(१). १८४–१९९ ।

त्रिपाठी, गीता (२०६९). उत्तरवर्ती नेपाली कविताको पर्यावरणीय पठन. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). रत्न पुस्तक भण्डार ।

त्रिपाठी, गीता (सन् २०१८). गहन पर्यावरणको सैद्धान्तिक अवधारणा. *त्रिभुवन युनिभर्सिटी जर्नल,* ३२ (२). २८१–२९४ ।

त्रिपाठी, गीता (२०७२). समकालीन नेपाली कवितामा पर्यावरण. *प्रज्ञा समकालीन नेपाली कविताविमर्श,* अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम (सम्पा.). नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग २). साझा प्रकाशन ।

दाहाल, आश्वासन (२०७७). सामाजिक संरचनालाई खोतलखातल गर्ने हंस. सेतोपाटी २२ मंसिर । https://www.setopati.com/art/book/223072

न्यौपाने, दुर्गा (२०७८). हंस उपन्यासमा पर्यावरण. पाटन संयुक्त क्याम्पसमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

पोखेल, गोकुल (२०७२). नदी किनारका माझी काव्य सङ्ग्रहमा पर्यावरणीय चिन्तन. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध ।

पौडेल, टीपी (२०७७). हंसका इनार र यसका पात्रहरू. देशसञ्चार १८ वैशाख । https://deshsanchar.com/2020/04/30/349084/

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोडर्न बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०७०). *समय सौन्दर्य पर्यावरण र कविता.* विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७६). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।

सुनुवार, रमेश र गिरी, नारायण (अनु.) (२०७५). *प्राकृतिक छनोटद्वारा जातिहरूको उत्पत्ति.* इन्डिगो बुक्स प्रा. लि. ।

Barry, Peter (ब्यारी, पिटर) (2010). Beginning theory an introduction to literary and culturalm theory. Viva Books PVT LTD.

Colombino, Laura & Childs Peter (कोलम्बिनो लाउर र चाइड्स पिटर) (2022). Narating the (non) human : ecologies, consciousness and myth. Texual Practice, 36 (3). (355-364). https://doi.org/10.1080/0950236X.2022.2030097

Garrard, Greg (गरार्ड, ग्रेग) (2004). Ecocritism. Routledge.

Glotfelty, Cheryll and Harold Fromm (ग्लोटफेल्टी, चेरिल र ह्यारोल्ड फ्रोम) (1966). The Ecocritism Reader : Landmarks in Literary ecology. Routledge.

Naess, Arne (नेइस, आर्ने) (1986/2005). The deep ecology Movement: some philosophical aspects. Open Air Philosophy. 1-16.

Rigby, Kate (रिग्बी, क्याट) (2007). Ecocritism. Introducing criticism at the $21^{st}$ century, Julian Wolfreys (ed.). Jaipur : Rawat publications .